# सिद्धताको लक्ष्य राखौं!

रिभाइभल मिनिष्ट्रिज अस्ट्रेलियाद्वारा प्रस्तुतः
खीष्टको मण्डलीलाई सिद्धतातर्फ मार्गदर्शन हेतु
क्रमिक शिक्षण सामग्री,

पावल गल्लीगन

(Let us go on to perfection)

( **NEPALI** )

# विषय-सूची


| | |
|---|---|
| पहिलो पाठ | त्यही अभिषेक जो येशूमा थियो |
| दोस्रो पाठ | प्रेरितहरुको हुन् अनि प्रेरितहरुले के गर्छन् - एक धर्मशास्त्रीय अध्ययन |
| तेस्रो पाठ | छोरो -विजयी मण्डली |
| चौंथो पाठ | दाऊदको पवित्रस्थानको पुनर्स्थापन- अन्यजातिका निम्ति मुक्ति |
| पाँचौं पाठ | मोशाको पवित्रस्थान - महिमाले भरिनु |
| छैटौं पाठ | चाड्को महान् दिन - इस्राएलका चाड्हरुको परिपूर्ति |

# पहिलो पाठ

## त्यही अभिषेक

*(एउटै अभिषेक)*

## - जुन येशूमा थियो

# त्यही अभिषेक ( एउटै अभिषेक)

हामी परमेश्वरका जन अनि सर्वोच्च परमेश्वरका सन्तहरु हौं यसैले परमेश्वरको अभिषेक हाम्रो निम्ति अनिवार्य छ। परमेश्वरको अभिषेक विना उहाँले हामीलाई गर्न लाउनुभएको काम हामी गर्न सक्तैनौँ। येशूले **यूहन्ना १४:१२** मा भन्नुभएको कुरालाई स्मरण गर्नुहोस्,

**"साँच्चै, म तिमीहरुलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु।"**

उहाँले गर्नुभएका कामहरुले गर्दा नै कति मानिसहरुले येशूलाई परमेश्वरबाट पठाइएको गुरु भनेर मानिलिए। उदाहरणको रुपमा, **यूहन्ना ३:२** जहाँ निकोदेमस नाउँ गरेका एकजना मानिस येशूकहाँ आए र भने, -

**" गुरुज्यू, हामी जान्दछौं तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईंले गर्नुभएका यी चिन्हहरु कसैले गर्नसक्तैन।"**

बाइबलले बताउँदछ,कि परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। यो अभिषेकको कारण येशूले सुकर्म गर्दै दियाबलसबाट पेलिएकाहरुलाई निको पार्दै हिँडनुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो( **प्रेरित १०:३८**) उहाँको अभिषेक र नियुक्तिको विषयमा येशू स्वयंले **लूका ४:१८-१९** मा घोषणा गर्नुभयो, जब उहाँले नासरतको सभाघरमा यशैया अगमवक्ताको पुस्तकको खण्ड पढनुभयो, अनि भन्नुभयो,

" परमप्रभुका आत्मा ममाथि छ,
किनभने गरीबहरुलाई सुसमाचार सुनाउनका निम्ति
उहाँले मलाई अभिषेक गर्नुभएको छ।
कैदीहरुलाई छुटकाराको घोषणा गर्न,
र अन्धाहरुलाई दृष्टि दिन,
थिचोमिचोमा परेकाहरुलाई स्वतन्त्र गराउनको निम्ति,
र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नको निम्ति
उहाँले मलाई पठाउनुभएको छ।"

**परमेश्वरले येशूलाई दिनुभएको अभिषेकको ६ वटा अभिव्यक्तिहरु छन्:**

**१. गरीबहरुलाई सुसमाचार सुनाउनको निम्तिः** यो प्रचारको काम हो। सुसमाचार आत्मामा दीन भएकाहरुलाई सुनाउनुपर्छ (**मत्ती ५;३**)। सुसमाचार सुनाउनको निम्ति हामीलाई एउटा अभिषेक चाहिन्छ ताकि मानिसहरु बाँचून्। आइतावार बिहान चर्चमा दिइने उपदेशलाई प्रचार सेवकाइ भन्ने गरिन्छ, तर वास्तवमा परमेश्वरको वचनले चाहिँ प्रचारको सेवकाइलाई गरीबहरुलाई मुक्ति (निको पार्ने काम र छुटकारा) दिने सेवकाइ भनी बताउँदछ।

**२.मन भाँचिएकाहरुलाई निको पार्न,**

येशूबाट हामीमा एउटा अभिषेक बग्दछ जसले हाम्रो भाँचिएका मनलाई निको पार्दछ। हाम्रो हृदयलाई मलमपट्टि गर्नको निम्ति हामीलाई येशू चाहिन्छ। " जो आत्मामा दीन र चूर्ण छ, र मेरो वचनमा काम्दछ, त्यसलाई म आदर गर्दछु।" **यशैया ६६:२**

**३. कैदीहरुलाई छुटकाराको घोषणा गर्नः**

स्वाभाविक मानिस तिनीहरुको हृदयको अवस्थामा पापको बन्धनमा हुन्छन्, यसैकारण तिनीहरुले पाप गर्छन्। क्रूसको सन्देशले मात्र पापी मानिसलाई छुटकारा दिनसक्छ, किनभने यसले पापको जुवालाई तोड्दछ।

**४. अन्धाहरुलाई दृष्टि दिन;**

यसले मूलरुपमा आत्मिक अन्धोपनलाई देखाउँदछ। परमेश्वरको राज्यलाई देख्नको निम्ति तपाईं परमेश्वरको आत्मामा नयाँ गरी जन्मनु आवश्यक छ भनी येशूले भन्नुभयो (**यूहन्ना ३:३**)। "आँखामा लाउने मलहम" (अभिषेक) पनि उहाँलाई माग्नु भनी उहाँले हामीलाई भन्नुभएको छ, कि हामीले देख्न सकौं (**प्रकाश ३:१८**)। मेरो हृदयको आँखा खोलिदिनुहोस् हे प्रभु !

**५. थिचोमिचोमा परेकाहरुलाई स्वतन्त्र गराउनको निम्तिः**

**यशैया १०:२७** " त्यो दिन तिनीहरुको बोझा तिनीहरुका काँधबाट, र तिनीहरुको जुवा तिमीहरुका घिच्राबाट उठाइनेछ, र तिमीहरु मोटाएको कारण जुवा भाँचिनेछ।" पापको दासत्वको जुवा मानिसहरुबाट उठनेछ, थिचोमिचो गर्ने हटाइनेछ।

**६.परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्तिः**

यसले " घर फर्कने" स्वतन्त्रता, बन्धन र ऋणबाट उन्मुक्त अनि आशिष् र समृद्धिलाई बुझाउँदछ, अर्को शब्दमा " हरेक मानिस आफनो दाखको बोट र आफनो नेभाराको बोटमुनि बस्नेछ, र कसैले तिनीहरुलाई डर देखाउने छैन " (**मीका ४:४**)। यो तस्वीर हामी **१ राजा** ४:२५ मा प्रथमचोटि पाउँछौं, अनि यसले परमेश्वरको राज्यको पूर्णता, सुरक्षा र प्रबन्धलाई दर्शाउँदछ।

**यो परमेश्वरको अभिषेक हो, यो परमेश्वरले येशूलाई दिनुभएको अभिषेक हो, यो परमेश्वरले उहाँका मानिसहरुलाई चिन्ह र आश्चर्यकामसहित सुसमाचार प्रचार गर्नको निम्ति दिनुहुने अभिषेक हो।"**

यही अभिषेक परमेश्वरले उहाँका मानिसहरुलाई ख्रीष्टको देहलाई दिन चाहनुहुन्छ। मण्डली अभिषिक्तजनको देह हो, जसले येशूले गर्नुभएको काम गर्दै जानुपर्छ।

**हिब्रू २:१० " यो उचित थियो, कि परमेश्वर जसको निम्ति र जसद्वारा सबै थोकको अस्तित्व छ, उहाँले नै धेरै सन्तानलाई महिमामा ल्याउनु हुँदा तिनीहरुका मुक्तिका कर्ता येशूलाई कष्टहरुद्वारा सिद्ध तुल्याउनुभयो।"**

येशूले उहाँका धेरै सन्तानलाई महिमातर्फ डोऱ्याइ रहनुभएको छ। उहाँको अभिषेक उहाँका जनहरुलाई पनि दिनुहुन्छ। यो अभिषेक सर्ने किसिमको हो। येशूलाई मृत्युबाट जीवित पार्नुहुने आत्मा नै हामीभित्र

वास गर्नुहुन्छ ( **रोमी ८:११**)।

**यो हस्तान्तरण हुने अभिषेक होः**

यो अभिषेक अर्को पुस्तालाई सार्न सकिन्छ। एलियामा एक विशेष अभिषेक थियो, जसलाई एलीशाले पत्तो लाए। एलीशाले त्यो अभिषेकको तृष्णा राखे। त्यो अभिषेक प्राप्त गर्नको निम्ति उनी जे पनि गर्न तयार थिए। तिनले एलियाबाट दोबर अभिषेक पाए, जुन उनको चिहानसम्म ऊसित थियो। तिनका हड्डीहरुमा पनि अभिषेक थियो ( **२ राजा १३:२१**)।

**एउटा शुद्ध अनि पवित्र अभिषेकः-**

येशूमा भएको अभिषेक चाहिँ शुद्ध अनि पवित्र थियो, यो अशुद्ध (कोर लागेको) थिएन। एलीशाको चाकर गेहजीलाई स्मरण गर्नुहोस्, जसले नामानको चंगाइद्वारा भौतिक लाभ उठाउने इच्छा गरे। उसले अभिषेकको सट्टा कुष्ठरोग पाए (**२राजा ५:२०-२७**)। हामीलाई त्यो अभिषेक चाहिन्छ जो येशूमा थियो। येशूले पवित्रआत्मा बिनानाप प्राप्त गर्नुभयो। “ **किनभने जसलाई परमेश्वरले पठाउनुभयो, त्यसले परमेश्वरका वाणी बोल्दछ, किनकि परमेश्वरले बिनानाप पवित्रआत्मा दिनुहुन्छ।” यूहन्ना** ३:३४

**अभिषेक शिरदेखि बग्दछः-**

अभिषेक शिरदेखि बढदै शरीरमा पुग्दछ(**भजन१३३:२**) यो अभिषेक खीष्ट,हाम्रो शिरदेखि उहाँको शरीर, मण्डलीमा बगेर जाँदछ (**एफिसी १:२२-२३**)। परमेश्वरको उद्धेश्यचाहिँ सम्पूर्ण शरीरले शीर झैं त्यही अभिषेक पाओस् भन्ने हो।

**त्यही आत्मा जो खीष्टमा थियोः-**

खीष्टको आगमनबारे यशैया अगमवक्ताले धेरैचोटि अगमवाणी गरेका छन्, यो हामी अध्याय **११:१-**५ मा पनि पाउँछौं। हामी अभिषेकको बारेमा अझै बुझ्नको निम्ति **पद** २ लाई हेरौं। परमेश्वरको वचनले भन्दछ, **“परमप्रभुका आत्मा उहाँमा रहनुहुनेछ**

**बुद्धि र समझका आत्मा,**
**सल्लाह र शक्तिका आत्मा,**
**ज्ञान र परमप्रभुको भयको आत्मा।”**

**परमेश्वरका सात आत्माः-**

यो परमेश्वरको सात आत्माका प्रकाश हो ( प्रकाश १:४)
उहाँ परमप्रभुका आत्मा हुनुहुन्छ,
उहाँ बुद्धिका आत्मा हुनुहुन्छ,
उहाँ समझको आत्मा हुनुहुन्छ,
उहाँ सल्लाहका आत्मा हुनुहुन्छ,
उहाँ शक्तिका आत्मा हुनुहुन्छ,
उहाँ ज्ञानका आत्मा हुनुहुन्छ,
उहाँ परमप्रभुका भयको आत्मा हुनुहुन्छ,।

**एफिसी १:१७-१८** मा पावल प्रेरितले सन्तहरुका निम्ति यसरी प्रार्थना गर्छन्, **" कि हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर, महिमाका पिताले तिमीहरुलाई उहाँको विषयको ज्ञानमा बुद्धि र प्रकाशको आत्मा दिऊन्। म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरुको हृदयका आँखा उज्यालो होस्, र कुन आशाको निम्ति उहाँले तिमीहरुलाई बोलाउनुभएको छ, र सन्तहरुमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो, सो तिमीहरुले जान्न सक। अनि हामी विश्वास गर्नेहरुका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरु जान्न सक।"** पवित्रआत्मा *बुद्धि* र प्रकाशको आत्मा हुनुहुन्छ। उहाँले हामीलाई परमेश्वरको वचनको *ज्ञान*मा प्रकाश दिनुहुन्छ, र *समझ* खोलिदिनुहुन्छ, उहाँले हामीभित्र भएको परमेश्वरको असीम शक्तिलाई प्रकट गर्नुहुन्छ, र उहाँले तिमीहरुमा रहनुहुनेछ।

उहाँलाई विश्वास गर्नेहरुलाई येशूले यही पवित्र आत्मा दिने प्रतिज्ञा गर्नुभयो, **यूहन्ना १४:१६,१७, "र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरुलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरुसँग सदासर्वदा रहनुहुनेछ। यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई नता देख्छ न चिन्छ। तिमीहरु उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरुसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरुमा रहनुहुनेछ।"**

### पवित्रआत्मा एक व्यक्ति हुनुहुन्छ

पवित्र आत्मा एक व्यक्ति हुनुहुन्छ, उहाँलाई हामीले "उहाँ" भनी सम्बोधन गर्नुपर्छ "त्यो" होइन। हामीले उहाँलाई चिन्नु अनि उहाँलाई एक व्यक्तिको रुपमा हेर्नु नितान्त आवश्यक छ। परमेश्वर तीन व्यक्ति हुनुहुन्छः पिता परमेश्वर, पुत्र परमेश्वर, अनि पवित्रआत्मा परमेश्वर। येशूले चेलाहरुलाई पवित्र आत्माको परिचय गराउनुहुँदा "उहाँ"भनेर सम्बोधन गर्नुभयो। पवित्र आत्मालाई हामीले ग्रहण गर्नुपर्छ, उहाँ परमेश्वर हुनुहुन्छ, उहाँ प्रभु हुनुहुन्छ ( **२ कोरिन्थी ३:१७**)। उहाँ आदिमा हुनुहुन्थ्यो, उत्पत्ति १:२ **"परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दै रहनुहुन्थ्यो।"**

### हरेक विश्वासीमा एउटा अभिषेक छः

**" तर तिनीहरुको अभिषेक महापवित्रबाट भएको छ, र तिमीहरु सबैले सत्य जान्दछौ।" १ यूहन्ना** २:२० हामीले प्राप्त गरेको यो अभिषेक के हो ? यो अध्ययनमा हामीले यो अभिषेकबारे सिक्नेछौं, यो त्यही अभिषेक हो जो हाम्रो प्रभु येशू ख्रीष्टमा थियो।

### अभिषेकको शब्दार्थः

k j v. बाइबलमा अभिषेकका निम्ति "तेल घस्नु" शब्दको प्रयोग गरिएको छ। ग्रीकमा (**chrisma**)- मलम अथवा टाँसिने कुरा, त्यसको अर्थ पवित्रआत्मालाई विशेषरुपले धारण गर्नु। हिब्रू "मिशखाह"(mishchah) अथवा "मोशखाह"(moshchah) ले तेल घस्नु, अभिषेक गर्नु बुझाउँदछ, जसलाई अनुवाद गरिएको छः- अभिषेक, अभिषिक्त हुनु, लेप।

### १ यूहन्ना २:१८-२७ को अध्ययन

**पद १८ "बालकहरु, आखिरी घडी यही हो। ख्रीष्ट विरोधी आइरहेछ भन्ने तिमीहरुले सुनेका छौं। अब धेरै ख्रीष्ट विरोधी आएका छन्। यसकारण हामी जान्दछौ, कि यो आखिरी घडी हो।"** अभिषेकको

विषयमा दिइएको यो शिक्षाको सन्दर्भ ख्रीष्ट विरोधीको आगमन हो। झुटा शिक्षकहरुद्वारा (झुटा अभिषेक) दिइएका झुटा शिक्षाको कारण मानिसहरु भ्रममा परिरहेछन्।

**पद १९" तिनीहरु हामीबाट निस्केर गए, किनकि तिनीहरु हाम्रा थिएनन्। यदि ती हाम्रा हुँदा हुन् त तिनीहरु हामीसँगै रहिरहने थिए, तर तिनीहरु सबै हाम्रा होइन रहेछन् भन्ने कुरा प्रकट गराउनलाई तिनीहरु निस्केर गएका हुन्। येशूले यो कुरा हुनेछन् भनी अघिबाटै चेताउनी दिनुभएको थियो। मत्ती २४: ४-५ " होशियार रहो, कसैले तिमीहरुलाई भ्रममा नपारोस्। किनभने धेरैजना मेरो नाउँमा म ख्रीष्ट हुँ भन्दै आउनेछन् र धेरैलाई बहकाउनेछन्।"**

**पद २० "तर तिमीहरुको अभिषेक महापवित्रबाट भएको छ, र तिमीहरु सबैले सत्य जान्दछौ।"** यूहन्नाले चेताउनी दिन्छन्, कि आखिरी दिनहरुमा धेरैजना बहकाउने मानिसहरु आउनेछन्, तिनीहरु झुटा शिक्षकहरु हुन्। तर उनी भन्छन्, तिमीहरुको अभिषेक महापवित्रबाट भएको छ, र तिमीहरु सबैले सत्य जान्दछौ अभिषेक पाएपछि के हुन्छ ? तपाईंले सबैकुरा जान्नुहुन्छ। यो प्रकाश भएको ज्ञान हो। (ग्रीक एपिग्नोसीस) अभिषेकद्वारा तपाईंले सबैकुरा जान्नुहुन्छ।

**पद २१** " तिमीहरु सत्यलाई जान्दैनौ भनेर मैले लेखेको होइनँ, तर कुनै पनि झुट सत्यबाट आउँदैन भनी तिमीहरुले जानेका हुनाले मैले तिमीहरुलाई लेखेको छु।" यो अभिषेक झुटो होइन, अभिषेकले तपाईंलाई सत्यको प्रकाश दिँदछ। तपाईंले ती व्यक्तिहरुलाई चिन्नुहुनेछ जसले परमेश्वरको वचनको विपरीत शिक्षा दिँदछन्। यदि तपाईंमा अभिषेक छ भन्ने तपाई धोकामा पर्नुहुने छैन। अभिषेकको विषयमा धर्मशास्त्रमा खोजी गर्नुहोस् अनि यी कुरा सत्य हुन् ति होइनन् सो जाँच्नुहोस् ( **प्रेरित १७:११-१२**)।

**पद २२-२३ झुटो को हो ?**
झुटो त्यो हो, **जसले येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा इन्कार गर्दछ। पिता र पुत्रलाई जसले इन्कार गर्छ, ख्रीष्ट विरोधी त्यही हो। पुत्रलाई इन्कार गर्ने कुनै मानिसमा पिता हुनुहुन्न। जसले पुत्रलाई स्वीकार गर्छ, त्यससँग पिता हुनुहुन्छ। जसले येशूलाई परमेश्वरको पुत्र हो भनी ग्रहण गर्दैन, ऊसित परमेश्वर पिता हुनुहुन्न।**

**पद २४ " जुन कुरा तिमीहरुले शुरुदेखि नै सुनेका छौ, त्यो तिमीहरुमा रहिरहोस्। यदि शुरुदेखि नै सुनेको त्यो कुरा तिमीहरुमा रह्यो भने तिमीहरु पुत्र र पितामा रहनेछौं।"**
तपाईले के सुन्नुभयो ? **यूहन्ना १५:७**, येशूले भन्नुहुन्छ, **" तिमीहरु ममा रह्यौ भने र मेरा कुरा तिमीहरुमा रहे भने, तिमीहरुलाई जे इच्छा लाग्छ माग, त्यो तिमीहरुका निम्ति गरिनेछ।"** हामीमा परमेश्वरको वचन हुनपर्छ, पितासँग रहने हाम्रो मुख्य चाबी नै यही हो।

**पद २५-२६ उहाँले हामीलाई जे प्रतिज्ञा गर्नुभयो त्यो हो- अनन्त जीवन। तिमीहरुलाई छल गर्नेहरुका विषयमा यी कुराहरु म तिमीहरुलाई लेख्दछु।** अभिषिक्त जनले हामीलाई दिनुभएको प्रतिज्ञा हो, अनन्त जीवन।

**पद २७ " तिमीहरुले उहाँबाट पाएको अभिषेक तिमीहरुमा रहिरहन्छ, र कसैले तिमीहरुलाई सिकाउने आवश्यकता पर्दैन। तर उहाँको अभिषेकले तिमीहरुलाई सबै कुराका विषयमा सिकाउँछ, अनि त्यो अभिषेक सत्य छ, त्यो बनावटी होइन। यस अभिषेकले तिमीहरुलाई सिकाएबमोजिम ख्रीष्टमा रहिरहो।"** येशू नै अभिषिक्त जन हुनुहुन्छ अनि हामीलाई उहाँसँग रहनु भनी बताइएको छ। **यूहन्ना** १५:४ मा येशूले भन्नुभयो, **" ममा रहो, र म तिमीहरुमा रहन्छु। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरु ममा रहेनौ भने तिमीहरुले पनि सक्दैनौ।"** हामी तब मात्र फल फलाउन सक्छौ, जब हामी अभिषिक्त जनसँग रहन्छौं। यो अभिषेकले हामीलाई सिकाउँछ, परमेश्वरको वचनलाई प्रकाश पार्दछ। त्यसै बेला तिमीहरुले के भन्नुपर्ने हो पवित्र आत्माले तिमीहरुलाई सिकाउनुहुनेछ (**लूका १२:१२**)।

**अभिषेक कहाँबाट आउँछ ?**

**२ को० १:२१-२२ " तर हामीलाई तिमीहरुसँग ख्रीष्टमा दह्विला पार्नुहुने र हामीलाई अभिषेक गर्नुहुने परमेश्वर नै हुनुहुन्छ। उहाँले हामीमाथि आफ्नो छाप लाउनुभएको छ, र हाम्रा हृदयमा बैनाको रुपमा पवित्र आत्मा दिनुभएको छ।"**

परमेश्वर नै हुनुहुन्छ जसले अभिषेक गर्नुहुन्छ, अनि पवित्र आत्माको छाप लाउनु हुन्छ। **प्रेरित १०:३८ " परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरुलाई निको पार्दै हिंडनुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो।"**
**एफिसी १:१३ " प्रतिज्ञाको पवित्र आत्माले तिमीहरु छाप लगाइएका थियौ।"**

**यो कस्तो किसिमको अभिषेक हो ?**

**रोमी ८:११ " तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरुमा वास गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरुमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरुका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ।"** यो त्यही अभिषेक हो जो येशूमा थियो। यो पुनरुत्थानको अभिषेक हो। यो एउटा चिन्ह र आश्चर्यकामहरु सहितको शक्तिको अभिषेक हो।
**एफिसी १:१९,२०, उहाँको शक्तिको असीम महानता** जान्नको निम्ति **त्यो शक्ति जसद्वारा उहाँले ख्रीष्टलाई मरेकाहरुबाट जीवित पार्नुभयो।**

**येशूले कहिले अभिषेक पाउनुभयो?**

येशू पवित्र आत्माद्वारा मरियमको गर्भमा आउनुभयो। **लूका १:३५,"पवित्र आत्मा तिमीमा आउनुहुनेछ, र सर्वोच्चका शक्तिको छाया तिमीमाथि पर्नेछ। यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र, अर्थात् परमेश्वरका पुत्र कहलाइनुहुनेछ।"** येशूलाई आत्माद्वारा जन्मनु आवश्यक थिएन,तर उहाँको बप्तिस्मामा पवित्र आत्मा उहाँमाथि आउनुभयो।
**लूका ३:२१,२२,"येशूले पनि बप्तिस्मा लिएर प्रार्थना गरिरहनुभएको थियो,तब स्वर्ग उघ्रियो र पवित्र आत्मा शारीरिक रुपमा ढुकुरजस्तो उहाँमाथि ओर्लनुभयो। अनि स्वर्गबाट यस्तो एउटा आवाज आयो, "तिमी मेरा प्रिय पुत्र हौ, तिमीसँग म प्रसन्न छु।"( मत्ती ३:१६,१७ पनि)।**
यही समयमा येशू पवित्र आत्माद्वारा अभिषेक हुनुभएको थियो।

यसको लगत्तैपछि पवित्र आत्माले येशूलाई उजाडस्थानमा लैजानुभयो, जहाँ शैतानद्वारा उहाँको परीक्षा भयो।

**लूका ४:१, "येशू पवित्र आत्माले परिपूर्ण भएर यर्दनबाट फर्कनुभयो, र आत्माले उहाँलाई उजाडस्थानामा लैजानुभयो।"**
उजाडस्थानमा येशूको शैतानसित लडाइँ भयो।

शत्रुमाथि विजय पाउनुभएपछि येशू आत्माद्वारा शक्तिशाली पारिनुभयो।
**लूका ४:१४, " येशू पवित्र आत्माको शक्तिमा गालीलमा फर्कनुभयो, र उहाँका विषयको कुरा वरिपरिका सबै ठाउँमा फिँजियो।**

## येशू अभिषेक हुनुभएको नतिजा के भयो?

**यशैया ३५:३-६ र ४६:८,६** का अगमवाणीहरु पूरा हुनथाले। येशूले मानिसहरुको अघि उहाँनै अगमवाणी पूरा गर्न पठाइनुभएको व्यक्ति हुनुहुन्छ भन्ने कुरा प्रकट गर्नुभयो।
**मत्ती ४:२३, "अनि येशू तिनीहरुका सभाघरहरुमा सिकाउँदै, राज्यको सुसमाचार प्रचार गर्दै र मानिसहरुमा भएका हरेक किसिमका रोग र शारीरिक दुर्बलता निको पार्दै सारा गालीलभरि घुम्नुभयो, २४ पद, उहाँको कीर्ति सिरियाभरि फिजियो, र बिरामीहरु अर्थात् विभिन्न प्रकारका रोग र पीडाले सताइएका, भूत लागेका र छारेरोग लागेका र पक्षघात भएकाहरु सबैलाई मानिसहरुले उहाँकहाँ ल्याए, उहाँले तिनीहरुलाई निको पार्नुभयो।"**

येशूले सभाघरहरुमा शिक्षा दिनुभयो। उहाँले शक्तिशाली चिन्ह र चमत्कारहरुसहित सुसमाचार प्रचार गर्नुभयोः निको पार्ने धेरैवटा आश्चर्यकर्महरुको साथमा। उहाँको प्रचारको साथमा हुने अचम्मका चिन्हहरुको कारण उहाँ चारैतिर चिनिनुभयो। धेरैजना मानिसहरुलाई भूतात्माहरुबाट छुटकारा दिइयो र ठूलो भीड उहाँको पछि लाग्यो।

## चेलाहरुले कहिले अभिषेक पाए ?

चेलाहरु येशूद्वारा अभिषेक गरिइएका थिए र तिनीहरु " **उहाँ आफै जान लाग्नुभएको हरेक शहर र गाउँमा** पठाइए, **लूका १०:१-१२**। चेलाहरु आनन्दसाथ यसो भन्दै आए, "**प्रभुज्यू, तपाईंको नाउँमा भूतहरु पनि हाम्रा वशमा आउँछन्।**" येशूबाट पाएका अभिषेकले तिनीहरुलाई भूतात्माहरुमाथि अधिकार गर्ने शक्ति दियो। तर यो उहाँको अभिषेक थियो र उहाँको अभिषेक तिनीहरुको साथमा रहन सक्तैन थियो, तिनीहरुले आफै परमेश्वरबाट अभिषेक प्राप्त गर्नुपर्थ्यो।

**यूहन्ना १६** मा येशूले चेलाहरुलाई उहाँ तिनीहरुबाट जानुभएपछि पवित्र आत्मा आउनुहुनेछ भनी भन्नुभयो। **"तापनि म तिमीहरुलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरुको हित छ। किनभने म गइनँ भने, सल्लाहकार तिमीहरुकहाँ आउनुहुनेछैन। तर गएँ भने म उहाँलाई तिमीहरुकहाँ पठाइदिनेछु" यूहन्ना १६:७**। यो घटना पेन्तिकोसको दिनमा भयो, **प्रेरित २:१-४**। पवित्र आत्मा चेलाहरुमाथि आउनुभयो, तिनीहरु विभिन्न भाषामा बोले र प्रचार गर्ने अनि आश्चर्यकर्महरु गर्ने शक्ति पाए।

## पावलको अभिषेक कहिले भयो?

**प्रेरित ६** मा हामी दमस्कसको बाटोमा शाऊलको प्रभुसँग भेट भएको कुरा पढछौं। शाऊलले प्रभुलाई स्वीकार गरे तर त्यो बेला तिनी पवित्र आत्माले भरिएनन्। तीन दिनपछि हननिया नाउँ गरेका चेलालाई प्रभुले शाऊलकहाँ पठाउनुभयो, तिनीमाथि हात राख्न र तिनलाई नियुक्त गर्नको निम्ति। यसै बेला शाऊलको अभिषेक भएको थियो। **प्रेरित ९:१७," तब हननिया गएर त्यस घरभित्र पसे, र तिनीमाथि आफ्ना हात राखेर भने," भाइ शाऊल, जन प्रभु येशू तिमी आइरहेको बाटोमा तिमीकहाँ देखा पर्नुभएको थियो,उहाँले नै तिमीले दृष्टि पाऊ र तिमी पवित्र आत्माले भरिपूर्ण होऊ भनी मलाई पठाउनुभएको छ।"**

## तपाईंको अभिषेक कहिले भएको थियो?

पेन्तिकोसको दिनमा पत्रुसले प्रचार गरिसकेपछि धेरै जना कायल भए र सोधे, "**हामीले के गर्ने?"(प्रेरित** २:३७)। पत्रुसले तिनीहरुलाई भने,"**पश्चात्ताप गर,र तिमीहरुका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ"**(प्रेरित २:३८)। **हाम्रो अभिषेक त्यत्तिबेला भयो जुनबेला हामीले पवित्र आत्मा पायौं।** परमेश्वरले येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो(**प्रेरित** १०:३८), हामीलाई अभिषेक गर्नुहुने परमेश्वर हुनुहुन्छ। परमेश्वरले येशूलाई जुन अभिषेक दिनुभयो त्यही अभिषेक उहाँका चेलाहरुलाई,मण्डलीलाई उहाँले दिन चाहनुहुन्छ, ताकि हामी अझ *महान् कामहरु* गर्नसकौं (**यूहन्ना** १४:१२)।

**यो पवित्र आत्माको वरदान हो।**
**पवित्र आत्माको वरदान प्राप्त गर्नुहोस्!**
**नयाँ भाषाहरुमा बोल्नुहोस् !**
**तर अझ बढी कुरा माग्नु होस् !**
**विश्वास गर्नेहरुसँग यी चिन्हहरु हुनेछन्; पवित्र जनको अभिषेकका चिन्हहरु !**
**बिरामीलाई निको पार्छ !**
**भूतहरु धपाउँछ !**
**ईश्वरीय सुरक्षा र ईश्वरीय प्रबन्धको अनुभव गर्छ !**
**सुसमाचार प्रचार गर्छ !**
**सारा संसारमा जान्छ !**
**हरेक जातिबाट चेलाहरु बनाउँछ !**
**संसारलाई शिक्षा दिन्छ !**

# दोस्रो भाग

## प्रेरितहरु को हुन्
## अनि तिनीहरुका
## कार्यहरु के हुन्

- धर्मशास्त्रमा आधारित अध्ययन

**थुमाका बाह्र प्रेरितहरुः**
प्रेरितहरु येशूले तिनीहरुलाई नाउँ दिनुभन्दा अघिदेखि नै उहाँका साथमा थिए। तिनीहरुले अघिबाटै नै येशूबाट केही हदसम्म तालिम पाइसकेका थिए। उहाँले तिनीहरुलाई चिन्नुहुन्थ्यो।
**प्रकाश २१:१४** नयाँ यरुशलेममा शहरका पर्खालहरु थुमाका बाह्र प्रेरितहरुका जगमा स्थापित भएका थिए। यी पर्खालहरु जीवित पत्थरहरुद्वारा निर्माण भएकाछन्।

मण्डली प्रेरितहरुको जगमाथि बसालेर निर्माण भएको छ। **एफिसी २:२०," र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ।"** बाह्र प्रेरित र अन्य प्रेरित जो बढ्दै जाने वरदानरुपी सेवकाइको रुपमा दिइएका छन् ती मुख्य सेवकाइहरु हुन् जसमाथि प्रभु येशू ख्रीष्टको प्रेरितीय मण्डली निर्माण भएको छ।

**थुमाका केवल बाह्र प्रेरितहरु मात्र छन्। प्रेरित १:१५-२६** मा यहूदाले खाली गरेको स्थानलाई भरेको कुरा हामी पढछौं। अनि यो रिक्त स्थानलाई भर्ने योग्यताचाहिँः **जो यूहन्नाको बप्तिस्मादेखि लिएर उहाँको स्वर्गारोहणसम्म येशूको साथमा थिए। (२१-२२)।**

**राज्यका चाबीहरुः**
**मत्ती १६:१८-१६।** स्वर्गका चाबीहरु येशूले प्रेरित पत्रुसलाई दिनुभयो।

पत्रुसले यी चाबीलाई प्रयोग गरे।
**यरुशलेममा- प्रेरित २:१७-४१,** ११ प्रेरितहरुका बीचमा खडा भएर प्रचार गर्नको निम्ति परमेश्वरले पत्रुसलाई चुन्नुभयो, परिणाम स्वरुप ३००० यहूदीहरु परमेश्वरको राज्यमा थपिए। त्यसदिन ३००० मानिसका निम्ति पत्रुसले स्वर्गको राज्यका ढोका खोल्न ती चाबी प्रयोग गरे।

**सामरियामाः प्रेरित ८:१४-१७** फिलिपले सामरियामा चिन्ह र आश्चर्यकर्म सहित सुसमाचार प्रचार गरेका थिए, धैरै पुरुष अनि स्त्रीहरुले प्रभुमा विश्वास गरेर बप्तिस्मा लिएका थिए, तापनि तिनीहरुले अहिलेसम्म पवित्रआत्मा पाएका थिएनन्। यरुशलेमका मण्डलीले पत्रुस र यूहन्नालाई पठाए, जो प्रेरितका अगुवा थिए, जसले तिनीहरुले पवित्रआत्मा पाऊन् भनी तिनीहरुमाथि हात राखे। पत्रुसले उनलाई दिइएको आज्ञा पूरा गरेर पवित्र आत्माको बप्तिस्मालाई सामरियामा खोलिदिए।

**कैसरियामा- प्रेरित १०:३०-४६** पत्रुस एक अन्यजाति कर्नेलियसको घरमा सुसमाचार प्रचार गर्न गए, अनि येशूको नाउँ प्रचार गरेर तिनीहरुलाई पवित्रआत्माले भरपूर पारे। त्यसपछि तिनले तिनीहरुलाई पानीको बप्तिस्मा दिए।
महान् आज्ञा (**प्रेरित१:८**) पूरा गर्नलाई पत्रुस प्रेरितका जगको रुपमा ३ विशेष प्रकारले प्रयोग भएको कुरा प्रेरितका पुस्तकमा हामी पाउँछौं।

**पावल प्रेरितसित पनि त्यही चाबी थियो जो पत्रुसमा थियो जसले तिनले प्रयोग गरे।**
तिनले यो चाबी प्रथमचोटि तब पाएका थिए जब हननिया तिनीकहाँ गएर तिनलाई निको पारे, र तिनी आत्माले भरपूर भएर पानीको बप्तिस्मा लिए। **प्रेरित ९:१५-१६** मा हननियाद्वारा पावललाई येशूले

दिनुभएको आज्ञा उल्लेखित छ, " **किनकि अन्यजातिहरु, राजाहरु र इस्राएलका सन्तानका सामुन्ने मेरो नाउँ प्रचार गर्न तिनी छानिएका मेरा एक पात्र हुन्।**" जब हननियाले पावलमाथि हात राखे, तब उनले स्वर्गका राज्यका चाबीलाई तिनीमाथि प्रयोग गरे।

**प्रेरित १३:१-४** मा पावल एक प्रेरितको रुपमा पवित्रआत्माद्वारा प्रेरितको सेवकाइ गर्नको निम्ति पठाइएको छ। त्यसभन्दा अघि उनी एक शिक्षक कहलाइन्थ्यो। शिक्षकको विशेष वरदान ऊ भित्र छ भन्ने कुरा त मानिसहरुले स्वीकार गरिसकेका थिए। मण्डली एकसाथ भेला भएर **प्रभुको आराधना गरिरहेका र उपवास** बसिरहेका बेला पवित्रआत्माले तिनीहरुलाई भन्नुभयो," **मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग गर, जुन कामको निम्ति मैले तिनीहरुलाई बोलाएको छु।**" तब मण्डलीले तिनीहरुमाथि हात राखे र तिनीहरुलाई पठाए।

**प्रेरित १४:१-४** मा पावल र बारनाबास प्रेरितको सेवकाइ शुरु गरे, यहूदी र अन्यजाति दुवैलाई प्रचार गर्दै शिक्षा दिँदै धेरैलाई ख्रीष्टमा जित्दै गए साथै कडा विरोधको सामना पनि गर्नुपर्‍यो। **पद ३** मा हामी पढ्छौं " **प्रभुले तिनीहरुका हातबाट चिन्हहरु र अचम्मका कामहरु गराइकन् आफनो अनुग्रहका वचनको गवाही दिनुभयो।**" चिन्हहरु र अचम्मका कामहरुले प्रेरितलाई पछ्याए।

**प्रेरित १९:१-७** मा पावलले स्वर्गको राज्यका (साँचाहरु) प्रयोग गरेर एफिससमा मण्डलीको स्थापना गरेको कुरा पाउँछौं। पावलले एफिससमा त्यो चाबीलाई कसरी प्रयोग गरे ?
१. तिनले उनीहरुलाई येशूको प्रचारे।
२. येशूको नाउँमा तिनीहरुलाई बप्तिस्मा दिए।
३. तिनीहरुले पवित्र आत्माले भरपूर भए, अन्यभाषा बोले र अगमवाणी गरे।

### प्रेरितहरुका पुस्तकमा भएका प्रेरितहरु

**प्रेरित २:३८** पत्रुसले तिनीहरुलाई भने," पश्चात्ताप गरे,र तिमीहरुका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको बरदान पाउनेछौ।"यहाँ हामी पत्रुसले यी साँचाहरु प्रयोग गरेको देख्छौं, मानिसहरुलाई पश्चात्तापको निम्ति आव्हान्, येशूको नाउँमा बप्तिस्मा र पवित्र आत्माको वरदानलाई ग्रहण गर्ने कुरा।

**प्रेरित ८:१४-१५** सामरियाका मानिसहरुले परमेश्वरको वचन ग्रहण गरे भन्ने सुनेर यरुशलेममा रहेका प्रेरितहरुले पत्रुस र यूहन्नालाई तिनीहरुकहाँ पठाए। उनीहरु त्यहाँ आएर तिनीहरुले पवित्र आत्मा पाऊन् भनेर तिनीहरुका निम्ति प्रार्थना गरे। पवित्र आत्मा दिनको निम्ति प्रेरितहरुलाई प्रयोग गरेको कुरा यहाँ पाइन्छ।

**प्रेरित ९:१५-१६** तर प्रभुले तिनलाई भन्नुभयो, "**जाऊ, किनकि अन्यजातिहरु, राजाहरु र इस्राएलका सन्तानका सामुन्ने मेरो नाउँ प्रचार गर्न तिनी छानिएका मेरा एक पात्र हुन्, किनकि मेरो नाउँको खातिर तिनले कति कष्ट भोग्नुपर्छ, सो म तिनलाई देखाउँछु।**" प्रेरित पावललाई येशूले बोलावट दिनुभयो र आज्ञा गर्नुभयो।

**प्रेरित १०** पत्रुसलाई प्रभुले कर्नेलियसको घरमा पठाउनुभयो, जो एक अन्यजाति विश्वासी थिए। उनले तिनीहरुलाई येशूको बारेमा प्रचार गरे, पवित्र आत्मा तिनीहरुमाथि ओर्लनुभयो र उनले ती विश्वासीहरुलाई बप्तिस्मा दिए। प्रेरित पत्रुसले मण्डलीको जग बसाल्दैछन्।

**प्रेरित १३:४ तब पवित्र आत्माद्वारा पठाइएका हुनाले** अभिषेक गरेर पठाउनेचाहिँ पवित्र आत्मा हुनुहुन्छ।

**प्रेरित** १४:२१-२३, " **तिनीहरुले त्यस शहरमा सुसमाचार प्रचार गरेर धेरै चेलाहरु बनाए, र तिनीहरु लुस्त्रा, आइकोनियन र एन्टिओखियामा फर्के, चेलाहरुका आत्मालाई सुदृढ गराउँदै उनीहरुलाई विश्वासमा रहिरहने अर्ती दिए, र धेरै कष्ट सहेर हामी परमेश्वरको राज्यमा प्रवेश गर्नुपर्छ भनी उनीहरुलाई भने। जब तिनीहरुले उनीहरुको हरेक मण्डलीमा एल्डरहरु नियुक्त गरे, तब प्रार्थना र उपवाससहित उनीहरु आफूले विश्वास गरेका प्रभुको जिम्मामा उनीहरुलाई सुम्पिदिए।"** प्रेरितहरुले मण्डली स्थापना गर्छन्, मण्डलीलाई सुदृढ पार्छन्, एल्डरहरुलाई नियुक्त गर्छन् र आज्ञा दिन्छन्। नेतृत्वमा कसलाई खडा गर्नुपर्ने सो तिनीहरुले थाह पाउन सक्छन्।

**प्रेरित** १८:१-८ पावल कोरिन्थमा जान्छन् र त्यहाँ प्रेरितको काम (सेवकाइ) भएको हामी देख्छौं ,त्यहाँ मण्डली खडा हुन्छ र परमेश्वरको वचनबाट शिक्षा दिने काम शुरु हुन्छ। कोरिन्थमा भएको एउटा बलियो मण्डलीको घडेरी चाहिँ यसप्रकारले निर्माण भएको थियो जो चिन्हहरु र आश्चर्यकर्मले पूर्ण थियो।

**प्रेरित** १९:१-७, हामीले यो खण्ड अघि हेरिसकेको छौं। यहाँ एफिससमा हरेक व्यक्तिको जीवनमा जग बसालिएको छ अनि मण्डलीको स्थापना भएको छ। एफिसीको मण्डली प्रेरितको सेवकाइ र सुसमाचार सँगसँगै दान वरदानका सेवकाइमा पनि प्रशस्त भएर बढेर गएको थियो।

**एक प्रेरितको सेवकाइः**

**१. प्रेरितहरु नाउँ काढेर बोलाइएका अनि जाने आदेश पाएर पठाइएकाहरु हुन्। मर्कूस** ३:१३-१६। **पद** १३,येशू डाँडामा उक्लनुभयो, **र उहाँले चाहनुभएको जतिलाई बोलाउनुभयो। पद** १४-१५, **"आफूसँग रहन र प्रचार गर्न पठाउनलाई उहाँले बाह्रजनालाई नियुक्त गर्नुभयो, र तिनीहरुलाई भूतहरु निकाल्ने अधिकार पनि दिनुभयो।"**

**प्रेरित** १३:१-४ मा हामी देख्छौं कि कसरी पवित्र आत्माले शाऊल र बारनाबासलाई चुनेर अलग गरी पठाउनुभयो।

**२. प्रेरितहरु मण्डली स्थापना गर्न र जग बसाल्नका निम्ति प्रयोग गरिए। प्रेरित** २ मा पत्रुसले पेन्तिकोसको दिनमा जग बसाउँछन् जब तिनले मानिसहरुलाई भने, **"पश्चात्ताप गर, र तिमीहरुका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ।"**

**प्रेरित ८** मा पत्रुस र यूहन्नालाई सामरियामा पठाइन्छ जहाँ फिलिपले सुसमाचार प्रचार गरिरहेको हुन्छ। तिनीहरुले त्यहाँ भएका नयाँ विश्वासीहरु पवित्र आत्माले भरिऊन् भनी तिनीहरुका निम्ति प्रार्थना गरे, **पद १५। पद १७ तब उनीहरुले आफना हात तिनीहरुमाथि राखे र तिनीहरुले पवित्र आत्मा पाए।** यहाँ जगहरु बसालिँदैछन्।

**प्रेरित १०** ले पत्रुस कर्नेलियसको घरमा बोल्दै गरेको कुरा उल्लेख गर्दछ। उनले ती अन्यजातिहरुको बीचमा येशूलाई प्रचारे, पवित्र आत्मा आउनुभयो र उनले तिनीहरुलाई बप्तिस्मा लिने आज्ञा गरे। यसरी त्यहाँ मण्डलीको स्थापना भयो।

**प्रेरित १६:१-७** मा एफिससमा मण्डली स्थापना गर्नको निम्ति परमेश्वरले पावललाई प्रयोग गर्नुभएको कुरा पाउँछौं। त्यहाँका चेलाहरुले प्रभु येशूको नाउँमा बप्तिस्मा लिए। जब पावलले " **उनीहरुमाथि हात राखे, तब पवित्र आत्मा उनीहरुमाथि आउनुभयो, र उनीहरु अन्य भाषामा बोले र अगमवाणी गरे।" (पद ६)**

३. **येशूले प्रेरितहरुलाई निको पार्ने, शुद्ध गर्ने, मरेकालाई जीवित पार्ने र भूतात्मालाई निकाल्ने अधिकार दिनुभयो। मत्ती**मा येशूले बाह्र चेलाहरुलाई आज्ञा दिएर पठाउनुभयो, " **बिरामीहरुलाई निको पार, मरेकाहरुलाई जीवित पार, कुष्ठरोगीहरुलाई शुद्ध पार, भूतहरुलाई निकाल**"(**मत्ती** १०:८)। यो आज्ञा फेरि **मर्कूस ३:१५** मा दोहोरिएको छ, जहाँ येशूले प्रेरितहरुलाई बिरामीहरु "निको पार्ने र भूतहरुलाई धपाउने" अधिकार दिनुभएको छ। यो चाहिँ येशू स्वर्गारोहण हुनभन्दा अघि उहाँले प्रेरितहरुलाई दिनुभएको महान् आज्ञाको हिस्सा हो, **मर्कूस १६:१७-१८ " विश्वास गर्नेहरुसँग यी चिन्हहरु हुनेछन्-मेरो नाउँमा तिनीहरुले भूतहरु धपाउनेछन्, तिनीहरुले नयाँ भाषाहरुमा बोल्नेछन्, तिनीहरुले सर्पहरु समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरुको हानि गर्नेछैन। तिनीहरुले रोगीहरुमाथि आफना हात राख्नेछन् र तिनीहरु निको हुनेछन्।"**

प्रेरितहरुले चिन्हहरु र आश्चर्य कामहरु सहित सुसमाचार प्रचारे, **रोमी १५:१८-१९,** पावलले रोमका मण्डलीलाई लेखिरहेछन्, " **यो काम चिन्हहरु र आश्चर्यकर्महरुको शक्तिले र पवित्र आत्माको शक्तिद्वारा मैले गरेको छु। यसरी मैले यरुशलेमदेखि लिएर इल्लुरिकनसम्मै चारैतिर ख्रीष्टको सुसमाचार सम्पूर्णरुपले प्रचार गरेको छु।"** एउटा शक्तिरहितको सुसमाचार सुसमाचार नै होइन!

**२ कोरिन्थी** १२:१२ " **साँचो प्रेरितका लक्षणहरुचाहिँ पूरा धैर्यसाथ, चिन्हहरु, चमत्कारहरु र शक्तिका कामहरुद्वारा तिमीहरुका बीचमा प्रकट गरिएका थिए।"**

४. **प्रेरितहरुलाई पवित्र आत्माको वरदान हस्तान्तरण गर्नको निम्ति परमेश्वरले चलाउनुभयो। प्रेरित ८** मा फिलिप सामरियामा गएर त्यहाँका मानिसहरुलाई ख्रीष्टको सुसमाचार सुनाए। धेरैले विश्वास गरेर बप्तिस्मा लिए।
**पद १४-१७ " सामरियाका मानिसहरुले परमेश्वरको वचन ग्रहण गरे भन्ने सुनेर यरुशलेममा रहेका प्रेरितहरुले पत्रुस र यूहन्नालाई तिनीहरुकहाँ पठाए। उनीहरु त्यहाँ आएर तिनीहरुले पवित्र आत्मा पाऊन् भनेर तिनीहरुका निम्ति प्रार्थना गरे। किनकि त्यतिञ्जेलसम्म तिनीहरुका कुनैमाथि पनि उहाँ आउनुभएको**

**थिएन। तिनीहरुको बप्तिस्मा प्रभु येशूको नाउँमा मात्र भएको थियो। तब उनीहरुले आफना हात तिनीहरुमाथि राखे, र तिनीहरुले पवित्र आत्मा पाए"।**

प्रेरित १० मा पत्रुसले एक अन्यजाति कर्नेलियसको घरमा सुसमाचार प्रचार गर्छन्। **पद ४४ " पत्रुसले यी कुरा बोल्दै-बोल्दै वचन सुन्ने सबैमाथि पवित्र आत्मा ओर्लनुभयो।"**

**प्रेरित १९** मा पावल एफिससमा आएर चेलाहरुको एउटा समुदायलाई भेटेर सोध्छन् कि तिनीहरुले पवित्र आत्माको वरदान पाए कि पाएनन्। तिनीहरुले उत्तर दिए, **" पवित्र आत्मा छ भन्ने त हामीले सुनेका पनि छैनौं" पद २**। पावलले तिनीहरुको अघि धर्मशास्त्रको अर्थ खोलिदिए र " **उनीहरुमाथि हात राखे, तब पवित्र आत्मा उनीहरुमाथि आउनुभयो, र उनीहरु अन्यभाषामा बोले र अगमवाणी गरे" (पद ६)।**

५. प्रेरितहरुले बाँध्ने र खोल्ने अधिकार येशूद्वारा प्राप्त गरेका थिए। **मत्ती १६:१९ " म तिमीलाई स्वर्गको राज्यका साँचाहरु दिनेछु। जे तिमीले पृथ्वीमा बाँध्नेछौं, सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाउँछौं, सो स्वर्गमा फुकाइनेछ।" मत्ती २८:१८ तब येशू तिनीहरुकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। येशूले उहाँले पाउनुभएको अधिकार उहाँका चेलाहरुलाई पनि दिनुभयो, लूका १०:१९ " मैले तिमीहरुलाई सर्पहरु र बिच्छीहरु कुल्चने र शत्रुको सारा शक्तिमाथि अधिकार दिइएको छ, र कुनै कुराले तिमीहरुलाई हानि गर्नेछैन।"**

**६. प्रेरितहरु प्रार्थना र वचनको सेवकाइको निम्ति बोलाइएका हुन्। प्रेरित ६:१-४** हिब्रूहरु र ग्रीक-यहूदाहरु बीच विधवाहरुलाई दिइने दैनिक खाद्य वितरण सम्बन्धमा विवाद भएको कुरा पाइन्छ। प्रेरितहरुले यस कार्यको देखरेख गर्नको निम्ति सातजना मानिसहरुलाई छान्ने निर्णय गर्छन्। **पद २-४ " तब बाह्रैले चेलाहरुको समूहलाई बोलाएर भने, " परमेश्वरको वचन प्रचार गर्न छोडेर खुवाउने-पियाउने सेवा गर्न हामीलाई उचित हुँदैन। यसकारण भाइ हो, तिमीहरुबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सातजना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं। तर हामीचाहिँ प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौं।"**

**७. प्रेरितको सेवकाइ अन्तर्गत पाष्टरी, खुवाउने र चराउने, बगालको गोठालोको सेवकाइ पर्छन्।** प्रेरित पत्रुसलाई येशूले बगालको गोठालोको रुपमा काम गर्ने आदेश दिनुभयो। **यूहन्ना २१:१५-१७** मा येशूले पत्रुसलाई निर्देश दिएर भन्नुभयो, " **मेरा पाठाहरुलाई खुवाऊ**, अनि फेरि भन्नुभयो **"मेरा भेडाहरुको हेरचाहा गर।"**

**८. प्रेरितहरुले खुल्लमखुल्ला सबै मानिसको अघि अनि घर घर गएर सेवा पुर्‍याउनुपर्छ।(प्रेरित २:४२-४७)**। पहिलो शताब्दीका मण्डलीहरुलाई **प्रेरितहरुका शिक्षा** दिइन्थ्यो र **तिनीहरु एकै मनका भइ मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर घरमा भोजन गर्थे, र तिनीहरु खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे।**
**प्रेरित २०:२०**,पावल एफिससको मण्डलीसँग बोलिरहेका छन् र तिनीहरुलाई तिनले कसरी सुसमाचार प्रचार गरेका र **घरघरमा खुल्लमखुल्ला शिक्षा दिएका कुरा स्मरण गराउँछन्।**

**९. प्रेरितहरुले परमेश्वरको समस्त अभिप्रायको घोषणा गर्नुपर्छ।** पावल एक प्रेरित भएको हुनाले परमेश्वरको समस्त अभिप्राय-- बताउन पछि हटेनन्( **प्रेरित२०:२७**)। **प्रेरित २:४२** ले प्रेरितहरुका शिक्षाका विषयमा बताउँदछ, जो पहिलो शताब्दीका मण्डलीमा सिकाइन्थ्यो। हिब्रू ६ः१-२ मा ६ वटा जगहरुका विषयमा बताएको छ, जसमाथि स्थापित भएर मण्डली परिपक्वतामा आउन सक्छ। यी जगहरु हुन्, मृत्युतिर लैजाने कर्महरुबाट पश्चात्ताप, परमेश्वरमाथि विश्वास, बप्तिस्माहरु सम्बन्धी शिक्षा, हात राख्ने काम, मरेकाहरुको पुनरुत्थान, र अनन्त दण्ड। प्रेरितहरुले मण्डली सही ढंगमा स्थापना होस् भन्ने ध्येय राखेर प्राथमिक जगहरु बसाल्न बोलाइएका छन्। किनभने जग सही ढंगमा बसालिएको छैन भने परमेश्वरको वचनको गहिरो रहस्यलाई विश्वासीहरुकहाँ पुर्‍याउन सम्भव हुँदैन। प्रेरित याकूबले परमेश्वरको अभिप्रायलाई यरुशलेमको परिषद्मा घोषणा गरे। **प्रेरित १५:६ यस विषयमा सोच-विचार गर्नलाई प्रेरितहरु र एल्डरहरु भेला भए,** त्यसपछि **पद १३-२१** मा तिनले परिस्थिति अनुकुल परमेश्वरका बुद्धिका कुरा गरे।

**१०. प्रेरितहरुले एल्डरहरुलाई नियुक्त गर्छन्।** प्रेरितहरु विभिन्न ठाउँका मण्डलीहरुकहाँ गए (**प्रेरित१४:२१**) र तिनीहरुले उनीहरुका **हरेक मण्डलीमा एल्डरहरु नियुक्त गरे, तब प्रार्थना र उपवास सहित उनीहरुलाई प्रभुमा सुम्पिदिए, पद** २३।
**पावलले तीतसलाई एल्डरहरु नियुक्त गर्ने आदेश दिए,तीतस १:५ यसैकारण मैले तिमीलाई क्रेटमा छोडें, कि मैले तिमीलाई अह्राएबमोजिम तिमीले त्यहाँ अपूरा कुराहरु पूरा गर्नु, र हरेक शहरमा एल्डरहरु नियुक्त गर्नु।**

**११. प्रेरितहरुले खेदो र कष्टको अपेक्षा गर्नुपर्छ र दृढतापूर्वक सामना गर्नुपर्छ। मत्ती १०:५-१५** मा बाह्र चेलाहरुलाई बाहिर पठाउँदा येशूले दिनुभएका शिक्षाको विवरण पाउँछौं, र **पद १६-२७** मा येशूले सतावट र खेदो आउनेवाला छ भनी अग्रिम सूचना दिनुहुन्छ। **२ कोरिन्थी** ११:२३-२८ मा प्रेरित भएर उसले भोगेका कष्टहरुको विवरण पावल दिन्छन्। येशूले **लूका २१:१६** मा हामीलाई सचेत गराउनु हुन्छ "**तर तिमीहरुका आमा-बाबु र दाज्यु-भाइहरु, नातेदारहरु र मित्रहरुले पनि तिमीहरुलाई पक्राइदिनेछन्, र तिमीहरुमध्ये कोही-कोहीलाई तिनीहरुले मार्नेछन्।**" यी चेतावनीहरु फेरि **मर्कूस१३:६-१३** मा दोहोरिएको छ। येशू तिरस्कृत हुनुभयो र खेदो सहनुभयो। उहाँले आफना चेलाहरुलाई भन्नुभयो, "**नोकर घरको मालिकभन्दा ठूलो हुँदैन।" तिनीहरुले मलाई सताए भने तिमीहरुलाई पनि सताउनेछन्,(यूहन्ना१५:२०**)। पहिलो शताब्दी (शुरुका मण्डली) का प्रेरितहरु यस किसिमको खेदो सतावट भएर गए, **प्रेरित** ४:१-२२। पत्रुस र यूहन्ना पक्रा परे अनि जेलमा राखिए, र येशूको नाउँ प्रचार नगर्नु भन्ने धम्की पाए। पावलले खेदो अपेक्षा गरे र यसबारे **१कोरिन्थी** ४:९ मा यसरी व्यक्त गर्छन्
**"जुलुसको पहिलो भागमा रहने मृत्युदण्ड पाएकाहरुलाई जस्तै परमेश्वरले हामी प्रेरितहरुलाई प्रदर्शनमा राख्नुभए जस्तै मलाई लाग्दछ। किनकि संसार, स्वर्गदूतहरु र मानिसहरुका निम्ति हामी तमाशा भएका छौं।"**

**१२. प्रेरितहरुले मण्डलीप्रति वास्ता र बोझ राख्दछन्।** **२ कोरिन्थी ११:२७-२८।** परिश्रममा र कष्टमा, अनिंदो रातमा, भोक र प्यासमा, बारम्बार उपवासमा। एकजना प्रेरितचाहिँ आफना छोरा-छोरीलाई हेरचाहा गर्ने बाबु जस्तै हो। पावलको पत्रद्वारा थाह लाग्छ कि उनले आफै गएर सेवा पुऱ्याएका सबै मण्डलीहरुप्रति उनको ठूलो बोझ थियो। **२ कोरिन्थी१२:१४ "अब तेस्त्रो पल्ट तिमीहरुकहाँ आउन म तयार छु। म तिमीहरुका निम्ति बोझ हुनेछैनँ, किनकि म तिमीहरुको सम्पत्ति होइन तर तिमीहरुलाई नै चाहन्छु। किनभने बाबु-आमाको निम्ति छोरा छोरीले होइन,तर छोरा छोरीका निम्ति पो बाबु-आमाले सञ्चय गर्नुपर्छ।"**

**१३. प्रेरितले आफैलाई मण्डलीहरुका सन्तहरुका निम्ति सम्पूर्णरुपले खर्च गर्न तत्पर हुन्छ।** प्रेरित पावलले **२ कोरिन्थी १२:१५** मण्डलीका विश्वासीहरुलाई मा यसो भन्छन्, **"म तिमीहरुका निम्ति ज्यादै खुशीसाथ खर्च गर्नेछु, र स्वयम् आफै पनि खर्चनेछु। यदि मैले तिमीहरुलाई बढी प्रेम गरें भने के मैलेचाहिँ कम्ती प्रेम पाउने।"**

**१४. प्रेरितहरुले यी सबै कुरा मण्डलीमा भएका सन्तहरुलाई सुसज्जित पार्ने ध्येयले गर्छन्।** **२ कोरिन्थी १२:१९, "के तिमीहरु यो सोचिरहेका छौ, कि यतिञ्जेल तिमीहरुका सामु हामी आफनै सफाइ दिइरहेका छौं ? प्रिय हो, हामी परमेश्वरको सामुन्ने ख्रीष्टमा बोलिरहेका छौं, अनि यी सब तिमीहरुलाई बलिया बनाउनका निम्ति हो।"**

**१५. प्रेरितका सेवकाइमा ख्रीष्टले आफैलाई शक्तिशाली प्रमाणित गर्नुहुन्छ। २ कोरिन्थी १३:३, किनकि ख्रीष्ट ममा बोल्नुहुन्छ भन्ने प्रमाण तिमीहरु चाहन्छौ। तिमीहरुसँगको व्यवहारमा उहाँ दुर्बल हुनुहुन्न, तर उहाँ तिमीहरुमा शक्तिशाली हुनुहुन्छ।**

**१६. एक प्रेरित परमेश्वरको शक्तिद्वारा जिउँछ अनि सेवकाइ गर्छ।** पावलले थाह पाए कि तिनी पवित्र आत्माको शक्तिमा निर्भरशील हुनपर्छ। **१ कोरिन्थी २:१-५,"भाइ हो, म तिमीहरुकहाँ आउँदा, ठूला-ठूला कुराहरु र बुद्धिमा परमेश्वरका गवाहीको घोषणा गर्दै आइनँ। किनकि तिमीहरुसँग हुँदा येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेका कुरा बाहेक अरु केही नजान्ने नै मैले निश्चय गरेको थिएँ। म तिमीहरुकहाँ दुर्बलतामा र ज्यादै डर र कम्पसाथ आएँ। मेरो उपदेश र सन्देस घतलाग्दो र बुद्धिपूर्ण शब्दमा थिएन, तर पवित्र आत्माको र शक्तिको प्रदर्शनमा थियो, ताकि तिमीहरुको विश्वास मानिसको बुद्धिमा होइन, तर परमेश्वरको शक्तिमा आधारित होस्।"** पावल उभित्र भएको परमेश्वरको शक्तिमा भर परे, **२ कोरिन्थी १३:४, किनभने दुर्बलतामा उहाँ क्रूसमा टाँगिनुभयो, तर परमेश्वरको शक्तिमा उहाँ जीवित हुनुहुन्छ। यसरी हामी उहाँसँग दुर्बल हुन्छौं, तर तिमीहरुसँगको हाम्रो व्यवहारमा परमेश्वरको शक्तिद्वारा हामी उहाँसँग जिउनेछौं।**

**१७. एक प्रेरितले येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम र पवित्र आत्माको संगति (सहभागिता) लाई जान्दछ, २ कोरिन्थी १३:१४,** र अरुलाई यो कुरा बताउन सक्षम हुन्छ।

**१८. प्रेरितलाई युद्धका अस्त्र-शस्त्रबारे ज्ञान हुन्छ र ती कुरालाई प्रयोग गर्न सिपालु हुन्छ। २ कोरिन्थी १०: ३-६ किनभने हामी संसारका हौं, तापनि सांसारिक लडाइँ त लड्दैनौं। किनकि हाम्रो युद्धका**

**अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरु नाश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ। परमेश्वरका ज्ञानको विरुद्धमा खडा हुने बहसहरु र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं। तिमीहरुको आज्ञाकारिता पूरा भएपछि हरेक अनाज्ञाकारितालाई दण्ड दिन हामी तयार बस्नेछौं** । एक प्रेरितले सबै अनाज्ञाकारितालाई दण्ड दिन सक्छन्।

**१९. प्रेरितहरुले एकार्कामा दाँजो गर्नुहुँदैन, र अरुहरुको बराबर हुनुहुँदैन। २ कोरिन्थी १०:१२,** आफ्नो तारीफ आफैले गर्ने कुनै-कुनै व्यक्तिहरुसँग हामी आफैलाई एकै श्रेणीमा राख्न, अथवा आफैलाई तिनीहरुसँग दाँज्न हामी साहस गर्दैनौं। तर तिनीहरुसँग आफूले आफैलाई एउटा अर्कासँग नापेर हेर्दा अथवा दाँज्दा तिनीहरु बेसमझका हुन्छन्।

**२०. प्रेरितहरुले तिनीहरुको निम्ति परमेश्वरले नियुक्त गर्नुभएको सेवकाइको क्षेत्रलाई जान्दछन्। २कोरिन्थी १०:१३,हामी सीमा नाघेर गर्व गर्दैनौं, तर तिमीहरुसम्मै पुग्नका निम्ति परमेश्वरले हामीलाई तोकिदिनुभएको सीमाभित्र नै रहनेछौं।**

**२१. प्रेरितहरुले सुसमाचार कहिल्यै नपुगेको ठाउँमा सुसमाचार पुऱ्याउने काम गर्छन्। २ कोरिन्थी १०:१४-१६,** पावलले यो कुरा जान्दछन् कि तिनको बोलावटचाहिँ अरुको क्षेत्रमा अघि नै भइसकेको काममा घमण्ड नगरी तिमीहरुदेखि बाहिरका ठाउँहरुमा सुसमाचार प्रचार गर्नु हो। प्रेरितले चाहिँ मत्ती२८:१९-२० मा येशूले दिनुभएको आज्ञालाई पालन गर्नुपर्छ, **"यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु।"**

**२२. प्रेरितले झुटा प्रेरितहरुको भण्डाफोर गर्ने काम गर्न सक्छन्।** पावलले यो खुट्याउने वरदानलाई २ **कोरिन्थी ११:१३** मा प्रयोगमा ल्याएका छन्, **"किनकि त्यस्ता मानिसहरु झुटा प्रेरितहरु र छली काम गर्नेहरु हुन्, र ख्रीष्टका प्रेरितहरुको भेस लगाएर हिंडनेहरु मात्र हुन्।"**

**२३. प्रेरितलाई विभिन्न मण्डलीद्वारा आर्थिक सहायता उपलब्ध हुन्छ। २ कोरिन्थी११:७-९, प्रेरित** पावलले बताउँदछ कि तिनले अरु मण्डलीहरुबाट आर्थिक सहायता पाएका छन्, ताकि **"बिना मूल्य"** कोरिन्थीका मण्डलीमा तिनले **प्रचार गर्नसकून्।** प्रेरितहरुले सहायता पाउने अधिकार छ **१कोरिन्थी९:१-१८,** पावलले कोरिन्थीको मण्डलीलाई सुसमाचार प्रचार गर्नेहरुले आर्थिक सहायता पाउनुपर्छ , काम गर्ने मानिस ज्यालाको हकदार हुन्छ भनी जनाउँछन्। **पद १३-१४ " के तिमीहरुलाई थाहा छैन, कि मन्दिरका थोकहरुबाट खान्छन्, र वेदीका सेवा गर्नेहरुले बलिबाट हिस्सा लिन्छन् ? त्यसरी नै सुसमाचार प्रचार गर्नेहरुले पनि सुसमाचारबाटै जीविका चलाऊन् भनी प्रभुले आज्ञा दिनुभयो।"**

**२४. प्रेरितहरु शिक्षा दिनको निम्ति पनि बोलाइएका हुन्। येशूले दिनुभएको महान् आज्ञा (मत्ती**

२८:२०) मा प्रेरितहरुलाई उहाँले आज्ञा गरेर भन्नुभएको छ, **" मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ।"** प्रेरितहरुले **"प्रेरितहरुका शिक्षा"** सिकाए **प्रेरित** २:४२। प्रेरित पावलले कोरिन्थीमा शिक्षा दिए, **प्रेरित १८:११, "अनि परमेश्वरको वचन सिकाउँदै पावल एक वर्ष ६ महिनासम्म तिनीहरुसँग बसे।"** एफिससमा : **प्रेरित १९:९-१०, पावल चेलाहरुलाई साथमा लगी टुरान्नसको विद्यालयमा बहस गर्न लागे। यो काम दुइ वर्षसम्म चलिरहयो, र एशियाका सबै बासिन्दाहरु,यहूदी र ग्रीक दुवैले प्रभुको वचन सुने। रोममा प्रेरित** २८:३०-३१, **पावल पूरा दुइ वर्षसम्म आफनै खर्चमा रोममा बसे, र तिनीकहाँ आउनेहरु सबैलाई तिनले स्वागत गरे। तिनले खुल्लम-खुल्ला र बिना रोक टोक परमेश्वरका राज्यको प्रचार गर्थे, र प्रभु ख्रीष्टको बारेमा शिक्षा दिन्थे।**

पावलले तिमोथीलाई शिक्षा दिए अनि अरुहरुलाई सिकाउने आदेश दिए, २ **तिमोथी** २:२, **"धेरैजना साक्षीहरुका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरुहरुलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरुलाई सुम्पिदेऊ।"**

२५. कतिचोटि प्रेरितहरु त्यागिएका छन्। २ **तिमोथी** ४:९-१६
पावलले थाहा पाए, कि कतिले उनलाई त्यागेका छन्, उनलाई हानि गर्न खोजिरहन्छन् र उनको विरोध गर्छन्।

**२६. प्रभुले उहाँका प्रेरितहरुलाई उचाल्नुहुन्छ।** २ **तिमोथी** ४:१७-१८, **"तर सबै अन्यजातिहरुले सुन्न सकून् भनेर प्रभु मेरो साथमा खडा हुनुभयो, र सम्पूर्ण वचनको घोषणा गर्न मलाई शक्ति दिनुभयो। अनि मैले सिंहको मुखबाट छुटकारा पाएँ। प्रभुले मलाई सबै खराबीबाट जोगाउनु हुनेछ, र उहाँको स्वर्गीय राज्यको निम्ति मलाई उद्धार गर्नुहुनेछ।"**

२७. **प्रेरितहरुले आफनो शरीरलाई अनुशासित् राख्नुपर्छ। १ कोरिन्थी ९:२७, "तर म आफनो शरीरलाई कठोरतासाथ सधाउँछु, र यसलाई वशमा राख्तछु, नत्रता अरुहरुलाई प्रचार गरेपछि म आफैचाहिँ अयोग्य ठहरिनेछु।"**

२८. प्रेरितहरु सबै थोकमा आत्मसंयमी हुनपर्छ। **१ कोरिन्थी ९:२५, "खेलमा भाग लिने खेलाडी सबै थोकमा आत्मसंयमी हुनपर्छ। तिनीहरु नष्ट भएर जाने मुकुट पाउनलाई यसो गर्दछन् ,तर हामीचाहिँ अविनाशी मुकुट पाउनलाई यसो गर्दछौं।"** तिनीहरुले आत्मसंयमलाई अभ्यास गर्नुपर्छ। **एफिसी ५:१८, "दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ।"**

**प्रेरितहरुका अरु सात विशेषताहरु**

**१. परमेश्वरले प्रेरितलाई अगुवा हुने क्षमता अथवा अगुवापनको विशेष गुण प्रदान गर्नुहुन्छ। फिलिप्पी ३:१७ "भाइ हो, तिमीहरु मेरो अनुकरण गर्ने होओ, हामीमा तिमीहरुले देखेको नमूनाअनुसार जिउनेहरुलाई हेर।"** पावलले भनिरहेछन् **"मेरो अनुकरण गर।"** प्रेरितको जीवन अरुको निम्ति नमूनाको जीवन हुनपर्छ।

**२. एक प्रेरित अधिकारसहित हिंडछ। २ पत्रुस ३:२ कि पवित्र अगमवक्ताहरुका अगमवाणी र तिमीहरुका प्रेरितहरुद्वारा दिइएको प्रभु र मुक्तिदाताको आज्ञालाई तिमीहरुले सम्झनुपर्छ।** पत्रुसलाई हाम्रो प्रभुले विशेष अख्तियार दिनुभयो, तापनि यही अख्तियार सबै प्रेरितहरुलाई पनि प्रभुले दिनुभएको छ। परमेश्वरका जनहरुले उहाँले पठाउनुभएको प्रेरितद्वारा आएको वचनलाई होशियारीसाथ लिनुपर्छ।

**३. एक प्रेरितको जीवन अनुग्रहको उदाहरण हुनपर्छ। रोमी १:५ उहाँका नाउँको खातिर विश्वासीद्वारा आउने आज्ञापालन सबै जातिहरुका बीचमा ल्याउनलाई हामीले उहाँद्वारा अनुग्रह र प्रेरितको काम पाएका छौं।** अनुग्रह येशू ख्रीष्टद्वारा पाइन्छ। **रोमी १२:६ "हामीलाई दिइएको अनुग्रह अनुसार अलग-अलग वरदानहरु हामी प्रयोग गरौं।** हरेकलाई अनुग्रह दिइएको छ, तापनि एउटा अनुग्रह छ जो प्रेरितलाई दिइएको छ, अनि प्रेरितले उसको जीवनद्वारा त्यो अनुग्रहलाई देखाउनु पर्छ।

**४. प्रेरितको सेवकाइको व्यापकता, १ थिस्सलोनिकी ५:२३ "शान्तिका परमेश्वर आफैले सम्पूर्णरुपले तिमीहरुलाई चोखा तुल्याऊन्, र तिमीहरुका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्करहून्।"** पञ्चदलीय सेवकाइको पुनर्स्थापनद्वारा परमेश्वरले उहाँका सन्तहरुलाई निष्कलङ्क सिद्धतातर्फ ल्याउँदै हुनुहुन्छ। प्रेरितको सेवकाइमा एउटा व्यापकता छ जसद्वारा मण्डलीको ठूलो तस्वीर देख्न सकिन्छ र मण्डलीलाई पालन-पोषण गर्न सकिन्छ।

**५. एक प्रेरित भण्डारेपनमा विश्वासयोग्य (इमानदार) भइ चल्नु पर्छ। प्रेरित २:४२ "तिनीहरु प्रेरितहरुका शिक्षामा लागिरहन्थे।"** जसरी मोशाको व्यवस्थाले पुरानो करारका मण्डलीलाई नियन्त्रण गर्थ्यो, उसरी नै नयाँ करारका मण्डलीलाई प्रेरितका शिक्षाले प्रभावित पारेको थियो। **१ थिस्स २:४ "तर जसरी सुसमाचार हाम्रो जिम्मामा सुम्पिनका निम्ति परमेश्वरले हामीलाई योग्य ठान्नुभयो, त्यसरी नै मानिसलाई प्रसन्न पार्न हामी होइन, तर हाम्रो हृदय जाँच्नुहुने परमेश्वरलाई प्रसन्न पार्न हामी बोल्दछौं,"** परमेश्वरको सम्पूर्ण सल्लाहलाई प्रेरितहरुको जिम्मामा दिइएको छ।

**६. प्रशासन गर्ने क्षमता, २ कोरिन्थी ११:२८ "अनि अरु कुराबाहेक सबै मण्डलीहरुका फिक्रीको बोझ ममाथि छ"**। पावल प्रेरितमा मण्डलीहरुका निम्त प्रशासनिक दृष्टि भएको पाउँछौं। **प्रेरित ४:३५ र प्रेरितहरुका चरणमा राखिदिन्थे, र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँडिदिन्थे।** पहिलेको मण्डलीले सब थोक बाँडथे। जब तिनीहरुले आफूलाई बढता भएको कुरा अरुलाई दिन चाहन्थे तब ती कुरा तिनीहरुले प्रेरितहरुको चरणमा राखिदिन्थे, र ती भेटीहरुको वितरणको निम्ति

अगुवाबाट परामर्श र निर्णय खोज्थे।

**१ कोरिन्थी १६:१ अब सन्तहरुका निम्ति भेटीको विषयमा गलातियाका मण्डलीहरुलाई मैले दिएको आदेश अनुसार तिमीले गर्नु।**

**तीतस १:५ "यसैकारण मैले तिमीलाई क्रेटमा छोडें, कि मैले तिमीलाई आह्राएबमोजिम तिमीले त्यहाँ अपूरा कुराहरु पूरा गर्नु, र हरेक शहरमा एल्डरहरु नियुक्त गर्नु।"**

**२तिमोथी** ४:१०-१२ यहाँ पावलले सन्तहरुलाई आदेश दिएर उनको प्रशासनिक गुणलाई प्रयोग गरिरहेका छन।

७. **विभिन्न सेवकाइको मिश्रित गुण।** परिपक्व प्रेरितको सेवकाइमा अरु विभिन्न सेवकाइका रुप पनि समावेश भएको देखिन्छ। **एफिसी ४:११ "अनि उहाँका वरदानहरुचाहिँ यी नै थिए, कि कोही प्रेरितहरु,कोही अगमवक्ताहरु, कोही प्रचारकहरु, कोही मण्डलीका पास्टरहरु र कोही शिक्षकहरु बनून्।"**

पावलले सेवकाइका यी विभिन्न रुपलाई प्रदर्शन गरे। **१ तिमोथी २:७ यसको खातिर म प्रचारक र प्रेरित नियुक्त भएँ, र विश्वास र सत्यतामा अन्यजातिहरुका निम्ति चाहिँ शिक्षक। म साँचो भन्दछु, म ढाँट्दिनँ।** पावलले एक प्रचारकको रुपमा शिक्षा दिए र प्रेरितको रुपमा सेवकाइ गरे।

प्रेरितहरु को हुन् अनि तिनीहरुका कामहरु के हुन् भनी जब कसैले नयाँ करारलाई पढ्छन् भने त्यहाँ यस सम्बन्धमा प्रशस्त सामग्री फेला पार्छ। येशूका धेरै शिक्षाहरु प्रेरितहरुलाई दिइएको हो। पावलका धेरै लेखहरुले प्रेरितको सेवकाइबारे विवरण दिदँछ। प्रभु येशू, जो मण्डलीको शिर हुनुहुन्छ, उहाँले विश्वव्यापी मण्डलीमा यो सेवकाइको वरदानलाई पुनर्स्थापन गर्दै हुनुहुन्छ। मण्डलीलाई अन्तिम पटक सुसज्जित पार्ने काम हुँदैछ जसको पछि हरेक राष्ट्रमा प्रभुले आखिरी दिनका जागृति पठाउनुहुनेछ। त्यो नदी बग्नेछ तर पहिला जगहरु बलियोसँग गाडिनुपर्छ।

जब येशूको स्वर्गारोहणपछि १२० चेलाहरु माथिल्लो कोठामा उक्ले, तब बाइबलले बताउँदछ, **यिनीहरु सबै एक मनका भएर निरन्तर प्रार्थना गरिरहन्थे (प्रेरित१:१४)**। यसप्रकारको समर्पणसहितको प्रार्थनाको परिणाम पत्रुसले यहूदा इस्करियोतको स्थानमा अर्को व्यक्तिलाई प्रेरितको रुपमा राखे। किनभने त्यस समयसम्म यहूदा आत्महत्या गरेर मरिसकेको थियो। प्रभुले मण्डलीलाई पवित्र आत्माको अभूतपूर्व भरपूरी ग्रहण गर्नको निम्ति तयार पार्दै हुनुहुन्थ्यो। अनि उहाँले कसलाई तयार गर्दैहुनुहुन्छ ? प्रेरितहरुलाई, जो मण्डलीका सेवकाइका जग हुन्। प्रभुले हामीलाई देखाउँदै हुनुहुन्छ कि मण्डलीमा प्रेरितको जग बसालिएको छ (**१ कोरिन्थी १२:२८**) तिनीहरु प्रथम हुन् ! तिनीहरु जग हुन् जसमाथि अरु सेवकाइहरु बनिन्छन्। प्रेरितहरुलाई ग्रहण गर्नुपर्छ, किनभने जब मण्डलीले प्रेरितलाई ग्रहण गर्छ तब तिनीहरुले येशू र ख्रीष्टलाई ग्रहण गर्छन् र उहाँलाई ग्रहण गरेर तिनीहरुले पिता परमेश्वरलाई पनि ग्रहण गर्छन्। आखिरी दिनहरुमा हुने महान् जागृति कति राष्ट्रहरुमा त शुरु भइसक्यो। यहाँ हिमालीक्षेत्रमा अब समय आइपुग्यो, प्रेरितहरुलाई तिनीहरुको स्थानमा राख्ने समय आइपुग्यो ताकि पवित्र आत्मा **सबै मानिस**माथि खन्याइयोस्(**योएल २:२८**)। परमेश्वरको नदी जो उहाँको सिंहासनबाट बगेर (**प्रकाश २२:१**) मन्दिरको संघारको मुन्तिर पूर्वतिर बग्ने (**इजकिएल ४७:१**) समय आएको छ, प्रभुले खडा गर्नुभएको जगमाथि बसालिएर चारैतिर बग्न थाल्नको निम्ति।

# तेस्रो पाठ

## पुरुष-सन्तान

## विजयी मण्डली

# पुरुष-सन्तान
# विजयी मण्डली

**प्रकाश १२:१,६“स्वर्गमा एउटा आश्चर्यजनक चिन्ह देखियोः सूर्य पहिरेकी एउटी स्त्री देखा परी,जसको पाउमुनि चन्द्रमा थियो,र त्यसले शिरमा बाह्रवटा ताराको मुकुट लाएकी थिई। त्यो गभर्वती थिई,र जन्माउने अवस्थाको पीडामा प्रसववेदनाले चिच्याइरहेकी थिई।अनि स्वर्गमा अर्को एउटा चिन्ह देखियोः सातवटा शिर दशवटा सीङ्ग र शिरमा सातवटा मुकुट लाएको एउटा ठूलो रातो अजिङ्गर देखा पऱ्यो। त्यसको पुच्छरले स्वर्गको एक तिहाइ ताराहरुलाई सोहोरेर पृथ्वीमा फालिदियो। बालक जन्मनसाथ त्यसलाई निलिहालूँ भनी त्यो अजिङ्गर बालक जन्माउन लागेको स्त्रीको सामुन्ने खडा थियो। त्यस स्त्रीले सारा जातिलाई फलामको डन्डाले शासन गर्ने एउटा छोरो जन्माई। त्यसको बालक परमेश्वरकहाँ उठाइएर उहाँको सिंहासनमा लगियो। त्यो स्त्रीचाहिँ उजाड-स्थानतिर भागी,जहाँ एक हजार दुइसय साठी दिनसम्म त्यसको पालनपोषण होस् भनेर परमेश्वरले त्यसको लागि ठाउँ तयार राख्नुभएको थियो।”**

यो प्रत्यक्ष छ,कि यहाँ अजिङ्गरले शैतानको प्रतिनिधित्व गर्दछ,जसले बालक र स्त्रीलाई नाश गर्न तत्पर छ।

**त्यो स्त्री र बालक को हो ?**
**न्यायकर्ता** १३ मा हामी पाउँछौं,कि कसरी शिमशोनको अचम्मको जन्म अनि पालनपोषणद्वारा परमेश्वरले इस्राएलीहरुको निम्ति छुटकारा दिने व्यक्ति दिनुभयो।

**न्यायकर्ता** १३:१ इस्राएलीहरु (परमेश्वरका सन्तान)ले **“परमप्रभुको दृष्टिमा जुन कुरा खराब थियो त्यही गरे, र उहाँले तिनीहरुलाई चालीस वर्षसम्म पलिश्तीहरुका हातमा सुम्पिदिनुभयो।”**
यसरी एउटा विद्रोही अथवा अनाज्ञाकारी जाति परमेश्वरको इच्छामुताविक थिचोमिचोमा पर्छन्।

**पद** २ परमेश्वरले एउटा विशेष परिवारलाई नाउँसहित प्रस्तुत गर्नुहुन्छ-दानको कुलका सोरामा बस्ने एकजना मानिस थिए,जसको नाउँ मानोह थियो। उहाँले तिनीहरुको विशेष समस्यालाई देखाउनुहुन्छ-त्यो परिवार निसन्तान थियो, जुन कुरा तिनीहरुका संस्कृतिमा एउटा गम्भीर समस्या थियो र तिनीहरुका निम्ति ठूलो सन्तापको कारण।

**पद ३** परमेश्वरले तिनीहरुप्रति दया देखाउनुहुन्छ, तिनीहरुकहाँ जानुहुन्छ,अनि तिनीहरुको समस्यालाई हटाउने प्रतिज्ञा गर्नुहुन्छ।**"परमप्रभुका दूत ती स्त्रीकहाँ देखा परेर तिनलाई भने तिमी बाँझी हौ र तिम्रो कोही छोराछोरी छैन, तर तिमी गर्भवती हुनेछौं र एउटा छोरा जन्माउनेछ्यौ।"**

परमेश्वरले किन सहायतता गर्न चाहनुभयो ? यो परिवारको विशेषता के थियो,जसको कारण उहाँले वास्ता गरेर यो प्रतिज्ञा तिनीहरुको निम्ति गर्नुहुन्छ ? यस्तो कुनै कुरा थियो जसले परमेश्वरलाई तिनीहरुको निकट खिँच्यो। तिनीहरुको समस्यालाई थाह पाएर उहाँ तिनीहरुकहाँ आउनुभयो। यस्तो देखिन्छ,कि यो परिवार धर्मी, प्रार्थना गर्ने परिवार थियो, जो थिचोमिचोमा परेका परमेश्वरका जनहरुबीच हुर्केको थियो अनि सम्भवत् परमेश्वरबाट सिकाइएका र तिनीहरुका जातिको निम्ति स्वतन्त्र होस् भनी प्रार्थना गरिरहेका थिए। सायद स्वतन्त्रता के हो सो तिनीहरुले जीवनभरि कहिल्यै पनि अनुभव गरेका थिएनन्। तर तिनीहरुलाई परमेश्वरको वचन थाह थियो, मिश्र देशमा परमेश्वरले के गर्नुभयो सो बारे ज्ञान थियो।

**न्यायकर्ता १३:४** परमेश्वरले मानोहकी पत्नीलाई उसको आफनै विषयमा र उसले जन्माउने बालकको विषयमा होशियार हुने आदेश दिनुभयो। यो बालक **"जन्मेको दिनदेखि नै परमेश्वरको निम्ति अलग गरिएको एक नाजिरी हुनेछ। त्यसले नै इस्राएलीलाई पलिश्तीहरुका हातबाट छुटाउन शुरु गर्नेछ।"**
ऊ जन्मदेखि नै परमेश्वरको निम्ति विशेष प्रकारले(पवित्र) अलग गरिनुपर्थ्यो।
उसको आफनो जातिको निम्ति ऊ छुटकारा दिलाउने व्यक्ति बन्नुपर्ने थियो।

## एक नाजिरीको निम्ति नियमहरु ?

**गन्ती ६:२ "परमप्रभुको निम्ति अलग हुनुपर्छ"**
**:३,४ तिनलाई दाखबाट तयार भएको कुरा खान मनाही थियो।"दाखका बीउदेखि लिएर बोक्रासम्म केही नखाओस्।"**
**:५ "त्यसको शिरमा छुरा नलाओस्"।**
:६ **"त्यो कुनै मुर्दाको नजीक नजाओस्।"** पापले हामीलाई अशुद्ध तुल्याउँछ र मृत्यु ल्याउँछ।
:८ **"त्यसका अलग बस्ने सम्पूर्ण दिनसम्म त्यो परमप्रभुको निम्ति पवित्र छ।"** जागा होस् अथवा सुतेका होस्, ऊ पवित्र रहनको निम्ति बोलाइएको हो।

मानोहकी पत्नीले केही समयको निम्ति अलग हुने आदेश पाएकी थिई(**न्यायकर्ता १३:४**) र तिनले गर्भधारण गर्ने प्रतिज्ञाको पुत्रचाहिँ जन्मने दिनदेखि नै पवित्र हुनुपर्थ्यो अनि इस्राएलीहरु पलिश्तीहरुको थिचोमिचोदेखि छुटकारा दिनुपर्थ्यो।

**न्यायकर्ता १३:६,७,** त्यस स्त्रीले आफनो पतिलाई उसले देखेकी र सुनेकी सबै कुरा ठीक ठीक बताई। उसले प्रष्ट सुनी, सठीक बयान दिई, उसले उसको पतिलाई एउटा राम्रो प्रतिवेदन दिई।
(हव्वासँग तुलना गर्नुहोस् जसले परमेश्वरलाई शंका गरी अनि उनको पतिलाई भडकाई। (**उत्पत्ति २:६**)

**पद ८** मानोहले तिनकी पत्नीले दिएकी प्रतिवेदनलाई विश्वास गरे र विश्वासपूर्ण प्रतिक्रिया देखाए। तिनले प्रार्थना गरे, **"हे परमप्रभु बिन्ती छ, तपाईंले पठाउनुभएका, परमेश्वरका ती मानिस फेरि एकपल्ट आऊन् र त्यो जन्मने बालकलाई हुर्काउने हामीले के गर्नुपर्छ सो हामीलाई बताइदिऊन्।"**
मानोहको परमेश्वरसित घनिष्ठ सम्बन्ध थियो भन्ने कुरा यहाँ देखिन्छ। यहाँ उसले निश्चयताको निम्ति बिन्ती गरेका छैनन्। अझै सहायता पाऊँ भनी उनले प्रार्थना गरे।

**पद ९"परमेश्वरले मानोहको प्रार्थना सुन्नुभयो,र परमेश्वरका दूत बारीमा बसिरहेकी ती स्त्रीकहाँ फेरि आए।"**
**न्यायकर्ता १३:१०** ती स्त्री झट्टै दगुरेर गई मानोहलाई त्यस व्यक्तिसँग भेट्नको निम्ति बोलाए।

**पद ११.** मानोहले त्यस व्यक्तिको परिचय जान्न चाहे र परमेश्वरले आफनो परिचय दिनुभयो।**"म नै हुँ।"**
**पद १२.** मानोहले परमेश्वरप्रति भएको विश्वासको दोस्रो परिचय यसरी दिएः**"तपाईंको वचन पूरा हुनेछ।"**
(स्वर्गदूतले मरियमलाई भेटेपछि मरियमले कस्तो प्रतिक्रिया जनाइन् त्यससँग तुलना गर्नुहोस्। (**लूका** १:३८)
मानोहले अझै जानकारी मागे। तिनले सबै कुरा परमेश्वरको इच्छामुताबिक गर्न चाहे।

**पद १३,१४** परमप्रभुका दूतले उहाँको आदेशलाई दोहोऱ्याएर बताए र अझै थपे;**"मैले जे भनेको छु सो कुरा तिम्री स्वास्नीले होशियारसँग पालन गर्नुपर्छ।"**

**पद १५,१६ परमप्रभुका दूत को हुन्** ? पुरानो करामा परमप्रभुका दूत धेरै ठाउँमा उल्लेख भएको पाइन्छ।

**पद १८,२१** परमप्रभुले"**आश्चर्यमय काम**" गर्नुभयो। उहाँले स्वयंलाई मानोह र तिनकी स्वास्नीकहाँ प्रकट गर्नुभयो।
(याकूबले परमप्रभुबाट पाएको यस्तै प्रकारको उत्तरसँग तुलना गर्नुहोस् जब तिनले उहाँको नाउँ सोधे।(**उत्पत्ति** ३२:२६)
**पद २२,२३,** परमेश्वरलाई देखेकोमा मानोह डराए, तिनकी पत्नीले परमप्रभुमा विश्वास प्रकट गरिन्।

पद २४,२५ **"ती स्त्रीले एउटा छोरा जन्माइन् र तिनको नाउँ शिमशोन राखिन्। त्यो बालक बढन लाग्यो,र परमप्रभुले त्यसलाई आशिष् दिनुभयो। अनि त्यो सोरा र एश्तोलको बीचमा भएको महनेह-दानमा हुँदा,परमप्रभुका आत्माले त्यसलाई प्रेरणा दिन लाग्नुभयो।"**

## बाइबलका अरु आश्चर्य बालकहरु

इसहाक, शिमशोन र शमूएल यी सबै मानिसहरु बाँझी स्त्रीहरुबाट जन्मेका बालकहरु थिए। यी मानिसहरुका जन्म तब भएको थियो जब इस्राएलको निम्ति छुटकारा दिने व्यक्तिको आवश्यकता थियो।

बप्तिस्मा दिने यूहन्नाको जन्म उमेर ढल्किसकेको एउटी वृद्ध स्त्रीको कोखबाट भएको थियो। उनी परमेश्वरको तर्फबाट आउनुहुने मुक्तिदाता- प्रतिज्ञा गरिएको ख्रीष्टको घोषणा गर्ने व्यक्ति भएर आए। **परमेश्वरका सन्तानलाई छुटकारा दिलाउनको निम्ति यी हरेक व्यक्ति एक प्रतिज्ञाका पुत्रको रुपमा खड्ा भए।**

**एक बालकको प्रतिज्ञा**

**उत्पत्ति ३:१५** परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ,कि स्त्रीको सन्तानले शैतानको शिरलाई कुच्याउनेछ। योचाहिँ कन्याको गर्भदेखि जन्मनुहुने मसिह ख्रीष्ट येशूको विषयमा एउटा अगमवाणीय प्रतिज्ञा थियो। शिरले यहाँ अधिकारलाई दर्शाउँदछ। आदम र हव्वालाई परमेश्वरले संसारमाथि शासन गर्ने अधिकार दिनुभएको थियो, तर यो अधिकारलाई तिनीहरुले शैतानको हातमा सुम्पेका कुरा यहाँ देख्छौं। तर यो पदमा परमेश्वरले प्रकाश गर्नुहुन्छ,कि स्त्रीको सन्तानले शैतानको अधिकारलाई नाश गर्नेछ।

याद गर्नुहोस् **प्रकाश १२** मा उल्लेख गरिएको स्त्री, बालक र अजीङ्गर।

# मसिहको अधिकार

**भजन २:२** उहाँको अभिषिक्त जनको विरुद्ध मानिसहरु खड्ा हुनेछन् भनी परमेश्वरले चेताउनी दिनुहुन्छ।

**पद ६** परमेश्वरले घोषणा गरेर भन्नुहुन्छ **"मैले आफनो पवित्र पर्वत सियोनमा मेरो आफनो राजालाई नियुक्त गरेको छु।"**

**पद ७,८** येशूले परमेश्वरले उहाँलाई दिनुभएको यो अधिकार घोषणा गर्नुभयो,कि समस्त जातिहरु उहाँको उत्तराधिकार हुन्, उहाँले न्याय गर्नुहुन्छ र बदला लिने काम उहाँको हो। यो अनन्तसम्म रहने घोषणा (आदेश) हो।

**प्रकाश २:२६,२७** येशूले **भजन** २ बाट उद्धृत गर्नुहुन्छ र यो अधिकार त्यो मण्डलीलाई दिनुहुन्छ जसले जित्दछ।

परमेश्वरले यो आदेश येशूलाई दिनुभयो र उहाँले हामीलाई दिनुभएको छ।

**"जसरी मैले पनि मेरा पिताबाट अधिकार पाएको छु।"**

**भजन १४९:७,९** ले सिकाउँदछ,कि **कसरी जातिहरुका विरुद्धमा तिनीहरुले प्रतिशोध,अनि मानिसहरुलाई दण्ड दिन सकून्,तिनीहरुका राजालाई साङ्लाले,र तिनीहरुका भारादारहरुलाई फलामे सिक्रीले बाँध्न सकून्,अनि उनीहरुका विरुद्धमा लेखिएको न्यायदण्ड दिन सकून्।-उहाँका सबै पवित्रजनहरुको यसैमा गौरव छ।**

**कसरी ?"पवित्रजनहरु यस्तो सम्मानमा उल्लसित होऊन्,अनि आफना ओछ्यानमा पनि तिनीहरु आनन्दले गाऊन्। तिनीहरुका मुखमा परमेश्वरको स्तुति रहोस्,र तिनीहरुका हातमा दुइधारे तरवार रहून्।"**

प्रशंसा स्वर्गबाट आउने शक्ति हो। प्रशंसा गर्ने जाति विजयी जाति हो।
**भजन २४:६ "हे मूल ढोका हो,तिमीहरुका शिर उठाओ,हे प्राचीन ढोका हो, शिर उठाओ,र महिमाका महाराजा तीबाट प्रवेश गरुन्!"**

## स्त्री

**प्रकाश १२:१"सूर्य पहिरेकी एउटी स्त्री।"**
**जब एउटा उच्च पहाड्माथि येशूको रुप परिवर्तन भयो,तब"उहाँको चेहरा सूर्यझैं चम्क्यो।"(मत्ती** १७:२)
**मलाकी** ४:२ ले येशू धार्मिकताको सूर्य हुन् भनी प्रकाश गर्दछ। पुत्रले धार्मिकताको सूर्यलाई धारण गरेका छन्। उहाँ महिमित हुनुहुन्छ र उहाँकी दूहलीलाई पनि यो महिमा प्राप्त हुनेछ।

**स्त्रीचाहिँ परमेश्वरका सन्तानहरु हुन्।**
पुरानो करारमा स्त्रीले परमेश्वरका सबै मानिसको प्रतिनिधित्व गर्छे। होशेको पुस्तक लेखिनुको उद्धेश्य इस्राएलीहरुलाई स्मरण गराउनु थियो,कि यो जातिचाहिँ परमेश्वरको निम्ति एउटा दुलही हुनुपर्थ्यो। पुरानो करारका मानिसहरु चुनिनुको तात्पर्यचाहिँ मसिहलाई प्रस्तुत गर्नु थियो। अब्राहाम छानिनुको कारणचाहिँ प्रतिज्ञाको पुत्रलाई ल्याउनु थियो। अन्तमा मरियमले मसिह(ख्रीष्ट)लाई संसारमा ल्याइन्। हेरोदले उहाँलाई नाश गर्ने कोशिश गरे (**मत्ती २७:७,१६,प्रकाश १२;४** को पूरा भएको)।

**प्रकाश १२:३** त्यो अजिङ्गरको **सातओटा शिर दशओटा सीङ्ग र शिरमा सातओटा मुकुट थियो**।
यी शिर,मुकुट र सीङ्गले अधिकार र युद्धलाई प्रतिनिधित्व गर्दछ।

## बालक

**उत्पत्ति ३:१५** त्यो सन्तान (येशू)-ले शैतानको शिरलाई कुच्च्याउनेछ।
प्रतिज्ञाको पुत्र,इसहाकद्धारा सबै जाति आशिषित बन्नुपर्ने थियो।
शिमशोन, शमूएल, यूहन्ना र येशू परमेश्वरका जनहरुलाई छटकारा गराउनको निम्ति दिइएका थिए।
शैतानले येशूलाई मार्न खोज्यो,तर योसेफले चेताउनी पाएर बालकलाई मिश्रमा सुरक्षाको निम्ति लगे।
यसरी **प्रकाश १२:५** मा भएको बालक **"परमेश्वरकहाँ उठाइएर,"**एउटा सुरक्षित स्थानमा लगियो।

परमेश्वरको बालक एक अलौकिक मानिस हो,जो आत्मामा जन्म भएर स्वर्गीय स्थानहरुमा बसालिएको हुन्छ। येशू ख्रीष्टको देह हो (**एफिसी १:२३**) र उहाँचाहिँ त्यसको शिर हुनुहुन्छ (**एफिसी १:२२**)। सम्पूर्ण शरीर एउटै आत्मामा प्रभुसित जोडिएको छ, जो शिर हुनुहुन्छ (**एफिसी ४:१६**)।

एकजना व्यक्ति नयाँ गरी जन्मेपछि ऊ स्वर्गीय राज्यको भागिदार बन्दछ (**कलस्सी १:१३**),अनि शैतानबाट छुटकारा पाएर,स्वर्गीय स्थानहरुमा बसालिन्छ (**एफिसी २:६**),र स्वर्गको राज्यको नागरिक बन्दछ (**फिलिप्पी २:२०**)। त्यहाँ ऊ स्वर्गमा नाउँ दर्ता भएका पहिला जन्मेकाहरुका सभामा-------- सबका न्यायकर्ता परमेश्वरकहाँ,सिद्ध पारिएका धार्मिक मानिसहरुका आत्माका बीचमा आउँछन् (**हिब्रू** १२:२३)

**यो व्यक्ति एउटा सामुहिक व्यक्ति हो जो सिद्धतातर्फ बढनको निम्ति परमेश्वरद्वारा नियुक्त गरिएको छः एफिसी ४:१३"जबसम्म हामी सबैले विश्वासको र परमेश्वरको पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं,र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं।"**

## यो व्यक्ति मण्डली हो

यो मण्डली हो जो शिरसित जोडिएको छ जो ख्रीष्ट येशू हुनुहुन्छ।बालक परमेश्वरको मण्डली हो अनि परमेश्वरले मण्डलीलाई सिद्धतातर्फ लागिरहनु भएको छ। मण्डलीले जातिहरुलाई फलामको डण्डाले शासन गर्नेछ, जोचाहिँ प्रार्थना र प्रशंसा अनि अन्तरबिन्ती हो।

यस प्रकारको मण्डली नै विजयी मण्डली हुनेछ ! यस्तो मण्डली येशू ख्रीष्टसित स्वर्गीय स्थानहरुमा बसालिएको छ (**एफिसी २:६**)। हामी संसारमा छौं तर यसका होइनौं (**यूहन्ना १७:१६**)।
**प्रकाश १२:११"दियाबलस ठूलो क्रोधसाथ तिमीहरुकहाँ तल आएको छ।"**

आत्मामा हामी सबै प्रधानताहरु र शक्तिहरुभन्दा माथि स्वर्गीय स्थानहरुमा बसालिएका छौं र अरु नाउँहरु भन्दा उच्चमा छौं (**एफिसी १:२०,२३**)। हो शैतानले हामीलाई आक्रमण गर्छ र हामीलाई नाश गर्नखोज्छ,तर यदि हामीले ख्रीष्टमा भएको हाम्रो स्थिति र अधिकारलाई प्रयोग गर्छौं भने,हामीले पृथ्वीलाई अधिकार गरेर त्यहाँ राज्य गर्नेछौं। जसै हामी स्वर्गका साँचो नागरिक हौं अनि स्वर्ग र पृथ्वीमाथि अधिकार भएको परमेश्वरले हामीलाई सबै जातिलाई चेला बनाउने अधिकार दिनुभएको छ भन्ने कुरा थाह गर्छौं,तब शैतानमाथि हाम्रो अधिकारलाई प्रयोग गर्नेछौं,र दुष्टका बलिया गढहरु अनि प्रधानताहरुलाई तोडनेछौं। तर अनाज्ञाकारीका सन्तानले चाहिँ कष्ट भोग्नेछ, र अहिले पनि शैतानको हातमा परेर कष्ट भोगिरहेछन् (**एफिसी २:२**)।

**प्रकाश १२:१७** ले चेताउनी दिँदछ,कि शैतानले हाम्रो विरुद्ध युद्ध लडनेछ। पावलले **एफिसी ६:१०,१८** मा हामीलाई आत्मिक हतियारहरु धारण गरी युद्धको निम्ति तयार हुनु भनी आव्हान् गर्छन् ! हो,संसारबाट धेरै गोल्यतरुपी दैत्यहरु निक्लनेछन्,**"तर सर्वोच्च परमेश्वरका सन्तहरुले राज्यभित्र प्रवेश गर्नेछन् र सदासर्वदाको निम्ति परमेश्वरको राज्यलाई अधिकार गर्नेछन्।"**

# चौथो -पाठ

## दाऊदको वासस्थानको पुनर्स्थापना
## -मुक्ति अन्यजातिको निम्ति

# दाऊदको वासस्थानको पुनर्स्थापना

**प्रेरित १५:१५,१७** मा हामी प्रेरित याकूबको मुखबाट बोलिएको कुरा पाउँछौं,(बाह्र चेलाहरु मध्येका होइनन्, तर येशूका भाइ हुन्।) जुन कुरा उनले यरुशलेमको परिषदमा सबैको सामु घोषणा गरे।

**"यसै कुरासँग अगमवक्ताका वचन पनि मिल्छन्,जस्तो लेखिएको छ,यी कुरापछि म फर्कनेछु,र दाऊदको भत्केको वासस्थान फेरि बनाउनेछु,त्यसको भग्नावशेष म फेरि बनाइदिनेछु,र त्यसलाई खड्ा गर्नेछु,र बाँकी मानिसहरुले पमप्रभुलाई खोज्न सकून्,र सबै अन्यजातिहरुले पनि,जुनहरु मेरो नाउँद्वारा बोलाइएका छन्।"**

**प्रेरित १५:१६,१७** मा बताइएका कुराहरु **आमोस ९:११** मा भएको अगमवाणीबाट हुबहु उदधृत गरिएका वचन हुन् भनी भन्नसक्छौं। याकूबले भनिरहेका छन्,कि पत्रुसले अन्यजातिहरुको बीचमा सुसमाचार प्रचारबारे जे भनेका थिए त्यो कुराचाहिँ आमोस अगमवक्ताको अगमवाणीसित सहमत भइ त्यसको पुष्टि गरेका थिए। **"त्यस दिन म दाऊदको ढलेको वासस्थानलाई पुनर्स्थापन गर्नेछु,र त्यसका प्वालहरु मरम्मत गर्नेछु। अनि भत्केको अवस्थाबाट त्यसलाई म खडा गर्नेछु र अघिजस्तै गरी म त्यसलाई निर्माण गर्नेछु।"** आमोसले दाऊदको वासस्थानको विषयमा भनिरहेका छन् **जुनचाहिँ "ढलेको" छ**। परमेश्वरले अगमवक्ताद्वारा यो भनिरहनुभएको छ, कि उहाँले यसलाई फेरि खडा गर्न चाहनुहुन्छ।

धर्मशास्त्रले मोशाको वासस्थान अथवा सोलोमनको मन्दिरको पुनर्स्थापनबारे यहाँ उल्लेख गरेको छैन। हामीले आमोस अगमवक्ताद्वारा भएको अगमवाणीको महत्वलाई बुझ्नुपर्छ, कि दाऊदको वासस्थान पुनस्थार्पित हुनुपर्छ।

## दाऊदको वासस्थान के हो ?

**१ इतिहास १५:१"दाऊदले आफनो निम्ति दाऊदको शहरमा भवनहरु बनाए,अनि परमेश्वरको सन्दूकको निम्ति एउटा ठाउँ तयार गरेर त्यसको लागि एउटा पाल टाँगे।"** दाऊदको वासस्थानचाहिँ एउटा पाल थियो जो पछि वासस्थान बन्यो। वासस्थानचाहिँ पालभन्दा महत्वपूर्ण हो,यो एउटा पवित्र पाल हो। यो तब वासस्थानमा परिवर्तन भयो जब परमेश्वरले त्यहाँ वास गर्नुभयो। यहाँ परमेश्वरको उपस्थितिको सन्दूक हुन्थ्यो।

**अध्याय १५** मा ओबेद-एदोमको घरबाट दाऊद,लेवीहरु र सबै मानिसहरु मिलेर परमप्रभुका करारका सन्दूक यरुशलेममा ल्याएको विवरण पाउँछौं।

**१इतिहास १६:१"तिनीहरुले परमेश्वरको सन्दूक ल्याएर त्यसको निम्ति दाऊदले टाँगेको पालभित्र राखे,र तिनीहरुले परमप्रभुलाई होमबलि र मेलबलि चढाए।"**

## सन्दूक पलिश्तीहरुको कब्जामा थियो

परमप्रभुको सन्दूकलाई पलिश्तीहरुले खोसेर लगेका थिए तर त्यो तिनीहरुका निम्ति विपद्का कारण बन्यो। यसैले त्यसलाई तिनीहरुले इस्राएलमा वापस फर्काए र यो किर्यत-यारीममा राखियो। दाऊदले सन्दूकलाई यरुशलेममा ल्याउन चाहे तर कसरी ल्याउनपर्ने सोबारे परमेश्वरलाई सोधेनन्। यो अनाज्ञाकारिताको परिणाम स्वरुप एउटा व्यक्तिले ज्यान गुमाउनु पर्‍यो। त्यसपछि सन्दूक ओबेद-एदोमको घरमा छोडियो जहाँ यो तीन महिनासम्म रह्यो," **अनि परमेश्वरले ओबेद-एदोमको घराना र तिनका घरमा भएका सबैलाई आशिष् दिनुभयो**"(**१इतिहास १३:१४**)।

## दाऊदले उहाँको उपस्थितिको आशिष् पाउने इच्छा राखे

जब दाऊदले ओबेद-एदोमले आशिष् पाएको देखे तब तिनले परमप्रभुको सन्दूकलाई यरुशलेममा ल्याउने विचार गरे। तर यसपल्ट तिनले परमेश्वरको इच्छाअनुसार,सन्दूक पूजाहारीलाई बोकाएर ल्याउने निश्चय गरे। दाऊदले लेवीहरुलाई बोलाएर तिनीहरु हरेकलाई पवित्र हुने आज्ञा गरे"**मैले त्यसको निम्ति तयार पारेको ठाउँमा परमप्रभु इस्राएलका सन्दूक ल्याओ**"(**१इतिहास १५:१२**)। दाऊदले सारा इस्राएलीहरुलाई भेला गराए, तिनले संगीतकारहरु र गायकहरुलाई सन्दूकको अघि अघि गएर स्तुति र आराधनामा अगुवाइ गर्न नियुक्त गरे। यरुशलेममा सन्दूक लगेपछि तिनीहरुले परमप्रभुलाई बलिदानहरु चढाए। ती बलिदानहरुले पश्चात्ताप गरिरहेको कुरालाई झल्काउँदछ। यो एउटा बडो हर्सोल्लास र उत्सवको समय पनि थियो,किनभने परमप्रभुले तिनीहरुका बलिदानलाई ग्रहण गर्नुभयो र तिनीहरुलाई स्वतन्त्र पार्नुभयो। (**१इतिहास १५:२५-२८**)

## जहाँ उहाँको उपस्थिति छ त्यहाँ जागृति हुन्छ

दाऊदले खडा गरेको वासस्थानमा परमेश्वरको उपस्थितिको सन्दूक प्रायः ३०-३३ वर्षसम्म रह्यो। यो समय यरुशलेम शहरमा जागृतिको समय थियो,किनभने परमेश्वरको उपस्थिति तिनीहरुको बीचमा छेकबार गर्ने कुनै कुरा त्यहाँ थिएन। इस्राएलका मानिसहरु खुलारुपले आएर परमेश्वरको आराधना गर्न सक्थे। दिनरात प्रशंसा आराधना भइनै रहन्थ्यो। दाऊद जो औपचारिकरुपमा पूजाहारी नभएता पनि तिनी परमप्रभुको उपस्थितिमा गए र उहाँको सामने बसेर उहाँसँगै कुरा गरे। (**२शमूएल ७:१८**)
(दाऊदको वासस्थानमा परमेश्वरको उपस्थितिको प्रकाशले चाहिँ येशू ख्रीष्टको आगमनलाई संकेत गर्दछः परमेश्वरले खुल्लारुपले प्रकाश गर्नुभयो,कि सबै मानिस उहाँको अघि आऊन् र उहाँलाई छुन सकून्)।

## उहाँको उपस्थितिको स्पष्ट प्रकाश

दाऊदको वासस्थान पवित्र पर्वतमा परमेश्वरले मोशालाई आदेश दिएर बनाएको पवित्रस्थानभन्दा

बेग्लै थियो। मोशाले बनाएको पवित्र वासस्थानचाहिँ शान्त ठाउँमा थियो, कुनै संगीत प्रशंसा आराधनाको सेवा र सेवाको कुनै वैधानिक रीति थिएन। साधारण मानिसहरु परमेश्वरको नजीक आउन सक्तैन थिए। केवल प्रधान पूजाहारी मात्र  वर्षेनी एकपल्ट उहाँको उपस्थितिमा पर्दाको पछि आउन सक्थे। दाऊदको वासस्थानको समयमाचाहिँ परमेश्वरले उहाँको उपस्थितिलाईलाई सबैको अगाडि खुलारुपले प्रकट गर्नुभए झैं देखिन्थ्यो। सबै इस्राएलीहरुले उहाँको उपस्थितिलाई अनुभव गर्ने मौका पाए। **त्यहाँ जागृति आएको थियो** !

## परमेश्वरको मण्डली निर्माण हुनेछ

दाऊदको मृत्युपछि,सोलोमनलाईं परमेश्वरले मन्दिर बनाउने अनुमति दिनुभयो यसरी फेरि सन्दूक महापवित्रस्थानमा राखियो,र पर्दाले ढाकियो र प्रधान पूजाहारी मात्र वर्षमा एकपल्ट प्रवेश गर्नसक्थे। तापनि मन्दिरको निर्माणले युगको अन्तमा मण्डलीको स्थापना हुने कुरा देखाउँछ जो परमेश्वरको वासस्थान हो। येशू, हाम्रा प्रधान पूजाहारीले उहाँको शरीरद्वारा पर्दालाई हटाउनुभएको छ (**हिब्रू** १०:१६,२०)। दाऊदको वासस्थानको निर्माणको काम फेरि शुरु हुनेछ र समाप्त हुनेछ,अर्थात् सधैंको निम्ति मानिसको बीचमा परमेश्वरले वास गर्नुहुनेछ। दाऊदको वासस्थानचाहिँ अन्तिम लक्ष्य थिएन, तर एउटा महत्त्वपूर्ण अवस्था थियो जसले परमेश्वरको प्रक्रियालाई अनुमति दिंदछ। परमेश्वरको अन्तिम उद्धेश्यचाहिँ मानिसहरुको बीचमा सधैंको निम्ति वास गर्नुथियो। परमेश्वरको मन्दिर निर्माण हुनेछ।

## दाऊदको वासस्थानको महत्त्व के थियो ?

१. **परमेश्वरको उपस्थिति मानिसहरु बीच खुल्लारुपले प्रकट भयो**। दाऊदले परमेश्वरको आराधना र प्रशंसा गर्न सके अनि इस्राएलका सारा मानिसलाई परमेश्वरतर्फ फर्काए।

२. यो समयचाहिँ **पृथ्वीमा परमेश्वरको राज्यको स्थापनाको** समय थियो। दाऊद संसारका राजा थिए, तर त्यहाँ दाऊदको परमेश्वरको रुपमा,इस्राएलका साँचो राजा परमेश्वर हुनुहुन्थ्यो। दाऊदलाई थाहा थियो कि उसले पाएको राज्यचाहिँ राजाहरुका राजा र प्रभुहरुका प्रभुले उसलाई दिनुभएको थियो।

**१इतिहास** १७ मा **दाऊदसित गरिएको परमेश्वरको करार**लाई उल्लेख गरिएको छ। अगमवक्ता नातानद्वारा परमेश्वर दाऊदसित बोल्नुभयो र दाऊदको एकजना सन्तानले सिंहासन स्थापित गर्नेछ भन्नुभयो। **पद १४"म त्यसलाई मेरो भवन र मेरो राज्यमाथि सधैंको निम्ति राख्नेछु,र त्यसको सिंहासन सदासर्वदाको निम्ति स्थिर रहनेछ।"**

दाऊदको राजपद र दाऊदको राज्य परमेश्वरको राज्यको एउटा नमूना हो। दाऊदले चाहिँ येशूको रुपको प्रतिनिधित्व गर्दछः अगमवक्त, पूजाहारी र राजा।

## परमेश्वरले दाऊदको वासस्थानलाई किन पुनर्स्थापन गर्न चाहनुहुन्छ ?

यसको उत्तर पाउनको निम्ति हामी याकूबले उद्धृत गरेको आमोसको पुस्तकमा जानुपर्छ र **आमोस**

९:११,१५ अध्ययन गर्नुपर्छ। याकूबले ११ पददेखि उद्धृत गरेको छ,
**"त्यसदिन म दाऊदको ढलेको वासस्थानलाई पुनर्स्थापन गर्नेछु,र त्यसका प्वालहरु मरम्मत गर्नेछु। अनि भत्केको अवस्थाबाट त्यसलाई म खडा गर्नेछु र अघि जस्तै गरी म त्यसलाई निर्माण गर्नेछु।"**

अर्को पदले यो प्रश्नको उत्तर पाउनमा सहायता गर्दछः किन परमेश्वरले दाऊदको वासस्थानलाई पुनर्स्थापन गर्दै हुनुहुन्छ ?
**पद १२ "ताकि तिनीहरुले एदोमको बाँकी रहेका, र मेरो नाउँ भएका सबै जाति-जातिलाई अधिकार गरुन्। यसै नै गर्नुहुने परमप्रभु घोषणा गनहुन्छ।"**
"तिनीहरु"ले इस्त्राएलीहरुलाई दर्शाउँदछ।
एदोम एसावका वंश हुन्। ग्रीक सेप्टुअजिन्टमा एदोम शब्दलाई मानिसजाति भनी अनुवाद गरिएको छ र नयाँ करारमा यही अर्थमा यो शब्दको प्रयोग भएको छ। परमेश्वरले ती सबै अन्यजातिहरुको विषयमा भनिरहनुभएको छ जो उहाँको नाउँमा बोलाइएका छन्, यसको अर्थ सबै गैर-यहूदी अथवा प्रतिज्ञा बाहिरका मानिसहरु हुन् जसको परमेश्वरसित कुनै सम्बन्ध छैन। तर इस्त्राएलले एदोमका बाँकी रहेकाहरुलाई अधिकार गर्नेछन्,अनि उहाँको नाउँमा बोलाइएका सबै अन्यजातिहरुलाई।

**पद १३ "यस्ता दिन आउँदैछन्, परमप्रभु भन्नुहुन्छ,जब कटनी गर्नेलाई हलो जोत्नेले उछिन्नेछ, र बीउ छर्नेलाई दाख पेल्नेले उछिन्नेछ। पर्वतहरुबाट नयाँ दाखमद्य चुहुनेछ, र सबै डाँडाबाट त्यो बहनेछ।"**

यो त्यो कटनीको विषयमा उल्लेख हुँदैछ, जो यति धेरै हुनेछ,कि बीउ छर्ने पनि पछाडिनेछ। बीउ छर्नेसाथ, अर्को व्यक्तिले दाख पेल्नेछ। फसल यति छिट्टो तयार हुनेछ कि पाक्नको लागि समय नै लाग्नेछैन। कटनी गर्नेलाई हलो जोत्नेले उछिन्नेछ,र बीउ छर्नेलाई दाख पेल्नेले उछिन्नेछ। परमेश्वरले भन्दै हुनुहुन्छ,कि युगको अन्त्यमा **फसलमा तेजी-बढोत्तरी** हुनेछ। परमेश्वरको वचनले अलंकारिक ढंगमा स्वाभाविक कृषि ऋतुको विषयमा बताउँदछ,कि कसरी सबै कुरा अलौकिक ढंगमा हुनेछ। फसलको परिणाम स्वरुप **"पर्वतहरुबाट नयाँ दाखमद्य चुहुनेछ।"** फसलमा नयाँ दाखमद्यको प्रशस्तता हुनेछ अनि डाँडाहरुबाट त्यो बग्नेछ।

**पद १४,१५ "म मेरो निर्वासनमा गएका प्रजा इस्त्राएललाई फर्काएर ल्याउनेछु। ध्वंश भएका शहरहरुलाई तिनीहरुले फेरि निर्माण गरेर तिनमा वास गर्नेछन्। तिनीहरुले दाखबारीहरु लगाएर तिनका दाखमद्य पिउनेछन्। तिनीहरुले बगैंचाहरु बनाएर तिनका फलहरु खानेछन्। म इस्त्राएललाई तिनीहरुकै देशमा कहिल्यै नउखेलिने गरी बसाल्नेछु, जुन देश मैले तिनीहरुलाई दिएको छु, परमप्रभु तिनीहरुका परमेश्वर भन्नुहुन्छ।"**

प्राकृतिकरुपमा यी पदहरुको परिपूर्णता चाहिँ पुरानो करारका परमेश्वरका जनहरु आफ्नै भूभागमा पुनस्थापित हुनु हो। यो वास्तविकता १९४८ मा हुन आयो। हामी यो अगमवाणीको परिपूर्णताको युगमा बाँचिरहेका छौं। परमेश्वरले भन्नुभएको दाऊदको वासस्थानको पुनर्स्थापनको प्रसंगचाहिँ फसलसँग सम्बन्धित छ, जसको ऐतिहासिक प्रसंग इस्त्राएलीहरु आफ्नै देशमा फर्किने कुरामा छ।

धर्मशास्त्रको एउटा सिद्धान्त हो; **प्रथममा प्राकृतिक संसारमा त्यसपछि आत्मिक संसारमा।** प्राकृतिक इस्राएललाई भूभाग फिर्ता दिइयो। याकूबका सन्तानहरु अब आफ्नै देशमा फर्किएका छन्। परमेश्वरको वचनले भन्दछ,कि तिनीहरु त्यहाँ रहनेछन्, **"तिनीहरुकै देशमा कहिल्यै नउखेलिने गरी बसाल्नेछु, जुन देश मैले तिनीहरुलाई दिएको छु।"**
यो ऐतिहासिक प्रसंग पूरा भइसकेको छ। आत्मिक प्रसंगचाहिँ अन्तिम दिनका विजेता (परमेश्वरसँग विजयी भएको व्यक्ति) हो। दाऊदको वासस्थानको विषयमा गरिएको अगमवाणीको परिपूर्तिको समयचाहिँ आखिरी दिनहरु हो, फसलको समय र प्राकृतिक इस्राएल आफनो भूभागमा फर्किजाने पुनर्थापनको समयकाल।

## प्रेरित १५ को प्रसँग

**प्रेरित१५:१"अब कोही मानिसहरुले यहूदियाबाट एन्टिओखियामा आएर भाइहरुलाई यस्तो शिक्षा दिनलागे, "तिमीहरु मोशाको रीतिअनुसार खतना भएनौं भने त तिमीहरुको उद्धार हुन सक्नेछैन।"**
फरिसी सम्प्रदायका यहूदी प्रचारकहरु यहूदियाबाट आएर एन्टिओखियाको मण्डलीमा मोशाको व्यवस्थालाई प्रचार गरे। यो यहूदी र अन्यजाति (गैर यहूदी) विश्वासीहरु मिलेर बनेको मण्डली थियो। यसले तिनीहरुबीच मतभेद र वादविवाद खडा गर्‍यो। यसकारण तिनीहरुले पावल र बारनाबासलाई यो विषयमा प्रेरितहरु र एल्डरसँग कुरा गर्न यरुशलेममा पठाए। (**पद** २) तिनीहरु फोनिक र सामरियाबाट भएर गए जहाँ तिनीहरुले अन्यजातिहरुले प्रभुलाई ग्रहण गरेका कुरा सविस्तार बताए। यसैले भाइहरु अत्यन्तै आनन्दित भए। अन्यजातिहरुको बीचमा परमेश्वरले जुन काम गरिरहनुभएको थियो त्यसमा तिनीहरु रमाए (**पद** ३)।

**प्रेरित १५:४ "जब तिनीहरु यरुशलेम आइपुगे, तब तिनीहरुलाई मण्डली,प्रेरित र एल्डरहरुले स्वागत गरे। परमेश्वरले तिनीहरुसँग गर्नुभएका सबै कुराको प्रतिवेदन तिनीहरुले त्यहाँ दिए।"**

**पद ५ "तब फरिसी दलका कतिपय विश्वास गर्नेहरुले** (ती फरिसीहरु जसले येशूमा विश्वास गरेका थिए, तर अझैपनि कतिवटा व्यवस्थाका बन्धनमा थिए) **उभिएर भने, अन्यजातिहरुको खतना हुनु र तिनीहरुलाई मोशाको व्यवस्था पालन गर्ने आज्ञा दिनु आवश्यक छ।"**

**पद ६ "यस विषयमा सोच-विचार गर्नलाई प्रेरितहरु र एल्डरहरु भेला भए।"**

**पद** ७ त्यहाँ अझै पनि बहस चलिरहेको थियो। अन्तमा पत्रुस (जसलाई परमेश्वरले अन्यजातिहरुको बीचमा सुसमाचार पुर्‍याउन चुनुभएको थियो) खडा भएर तिनीहरुलाई सम्बोधन गरे।

**पद ८,९ "हृदयका कुरा जान्नुहुने परमेश्वरले तिनीहरुलाई पनि हामीलाई जस्तै पवित्र आत्मा दिएर तिनीहरुलाई ग्रहण गरेको कुरा देखाउनुभयो। उहाँले तिनीहरु र हाम्रो बीचमा कुनै भेदभाव राख्नुभएन, तर तिनीहरुका हृदय विश्वासद्धारा शुद्ध पार्नुभयो।"** परमेश्वरले हृदयका कुरालाई हेर्नुहुन्छ। परमेश्वरले अन्यजातिहरुलाई पवित्र आत्माले भर्नुभयो किनभने उहाँले तिनीहरुका हृदयमा के थियो सो

जान्नुहुन्थ्यो। फरिसीहरुले झैं उहाँले तिनीहरुका न्याय गर्नुभएन। विश्वासद्वारा तिनीहरुका हृदय शुद्ध पारिएको थियो।

**पद १०,११"यसकारण चेलाहरुका काँधमा यो जुवा राखिदिएर किन परमेश्वरको परीक्षा गर्नुहुन्छ ? यो जुवा नता हाम्रा पिता-पुर्खाले न हामीले बोक्न सक्यौं। तर हामी विश्वास गर्दछौं, कि प्रभु येशूको अनुग्रहबाट हामीले उद्धार पाएका छौं,जसरी तिनीहरुले पनि पाएका छन्।"** पत्रुसले धर्मशास्त्रलाई छर्लङ्ग बुझेका थिए र त्यस अनुसार बोले। तिनले सुसमाचारलाई राम्ररी बुझेका थिए।

**पद १२** अब पावल र बारनाबासको बोल्ने पालो आयो। तिनीहरुले **अन्यजातिहरुका बीचमा परमेश्वरले तिनीहरुद्वारा कस्ता चिन्हहरु र आश्चर्यकर्महरु गर्नुभयो** त्यसको बयान दिए।

**प्रेरित १५** का **१-१२** पदका प्रसंगले देखाउँदछ कि एन्टिओखियोमा धेरै अन्यजातिहरु प्रभुमा आए। परमेश्वरले तिनीहरुमाथि पवित्र आत्मा हालिदिनुभयो र तिनीहरुका बीचमा चिन्ह र आश्चर्यकामहरु भए। तर यहूदी मतका प्रचारकहरु जसले येशूलाई विश्वास गरेता पनि मोशाका कति व्यवस्थालाई अझै पनि पालन गर्थे, तिनीहरुले मण्डलीलाई गलत सिद्धान्त (शिक्षा) सिकाइरहेका थिए। जब पावल र बारनाबासले यो चाल पाए, तिनीहरुले प्रेरितहरु र एल्डरहरुसँग यो समस्याको समाधानको निम्ति यरुशलेममा जाने निर्णय गरे। पावल र बारनाबाससित परमेश्वरले अन्यजातिहरुका बीचमा काम गरिरहनुभएको कुराको साक्षी थियो। पत्रुसले अन्यजातिहरुका बीचमा परमेश्वरले गरिरहनुभएको कामको पुष्टि आफनै अनुभवद्वारा कैसरियामा भएको घटनाबाट दिन सके,(**प्रेरित १०**) जब पत्रुस,पावल र बारनाबासले बोलिसके तब सबैजना शान्त भए। व्यवस्थाविना परमेश्वरले गर्नुभएका कामहरु विषयमा तिनीहरुले थाह पाए। यो केवल विश्वासद्वारा मात्र थियो।

**पद १३** अन्तमा याकूब जो येशूका भाइ थिए, तिनले परिषद्‌लाई सम्बोधन गरे। तिनले आमोसको अगवाणीको विषयमा एउटा विशेष प्रकाश पाएका थिए।

**प्रेरित १५:१४,१५ "परमेश्वरले आफनै नाउँको निम्ति अन्यजातिहरुबाट एउटा जाति छान्ने कृपा गर्नुभयो भन्ने कुरा सिमोनले बताएका छन्। यसै कुरासँग अगमवक्ताका वचन पनि मिल्छन्।"**

**पद १६,१७** याकूबले त्यसपछि आमोसको पुस्तकबाट उल्लेख गर्छन् : **"जस्तो लेखिएको छ, यी कुरापछि म फर्कनेछु, र दाऊदको भत्केको वासस्थान फेरि बनाउनेछु, त्यसको भग्नावेशष म फेरि बनाइदिनेछु, र त्यसलाई खडा गर्नेछु,र बाँकी मानिसहरुले परमप्रभुलाई खोज्न सकून्,र सबै अन्यजातिहरुले पनि,जुनहरु मेरो नाउँद्वारा बोलाइएका छन्।"**
अगमवक्ताका शब्दहरु कुन कुरासँग मेल खान्छ ? यो बाइबल पाठको प्रसंगमा याकूबले बताइरहेका छन्,कि परमेश्वरले आफनो निम्ति अन्यजातिहरुमध्येबाट एउटा मानिसको झुन्डलाई लिँदैहुनुहुन्छ। परमेश्वरले यो अगमवाणी पूरा गर्दै हुनुहुन्छ किनभने अन्यजातिहरु बाँच्दैछन्। यो सुसमाचारको विषयमा हो : येशू ख्रीष्टमा मुक्ति छ भनी प्रचार गर्नु। यो प्रथममा प्रशंसा र आराधनाको विषयमा होइन, यो प्रथममा परमेश्वर येशू ख्रीष्टमा प्रकट हुनुभएको कुरो हो, अनि धेरै अन्यजातिहरु जो उहाँको नाउँमा बोलाइएका छन् तिनीहरुको उद्धारको विषयमा हो।

## पृथ्वीमा परमेश्वरको पवित्रस्थान

परमेश्वरले सर्वप्रथम एउटा पवित्रस्थान **उत्पत्ति ३** मा स्थापित गर्नुभएको थियो,जब आदम र हव्वा आदनको बगैंचाबाट निकालिएका थिए। परमेश्वरले आदनका बगैंचाको पूर्वपट्टि करुबहरु र चारैतिर घुमिरहने ज्वालामय तरवार राखिदिनुभयो (**उत्पत्ति ३:२४**)।

करुबहरुले सधैं परमेश्वरको उपस्थितिलाई झल्काउँछ। चारैतिर घुमिरहने ज्वालामय तरवारले परमेश्वरको वचनलाई प्रतिनिधित्व गर्दछ। वचन र आत्माले जीवनको रुखलाई पहरा दिने गर्थ्यो।

जलप्रलयपछि नोआले परमेश्वरको निम्ति एउटा वेदी बनाएर एउटा पवित्रस्थान स्थापित गरे (**उत्पत्ति ८:२०**)।

अब्राहामलाई परमेश्वरले उसको आफनो भूमि छोडेर कनानतर्फ यात्रा गर्ने आदेश दिनुभयो। जब उनी त्यो ठाउँमा पुगे त्यहाँ तिनले एउटा बेदी बनाए अनि परमप्रभुको नाउँको पुकारा गरे (**उत्पत्ति १२:७**)। यो एउटा पवित्रस्थान थियो जहाँ उनी परमेश्वरसित भेट गर्न सक्थे।

पुरानो करारभरिनै हामी पाउछौं कि जब पनि मानिसहरुसित परमेश्वरलाई खोज्ने आवश्यकता पर्थ्यो तब तिनीहरुले वेदीहरुको स्थापना गर्थे।

जब परमेश्वरले मोशालाई पवित्र पर्वतमा भेटनुभयो, त्यहाँ परमेश्वरले तिनलाई करारको सन्दूक बनाउने विशेष निर्देशन दिनुभयो,साथै पवित्रस्थान पनि बनाउने आदेश दिनुभयो जहाँ करारको सन्दूक राखिन्थ्यो। १००० वर्षसम्म करारको सन्दूक इस्राएलीहरुको साथमा थियो तर त्यसपछि तिनीहरुले त्यो हराए। ख्री.पू.५८६ मा बेबिलोनको निर्वासनपछि यसको कुनै जानकारी छैन।

जब येशू आउनुभयो, तब उहाँ स्वयं वेदी अथवा पवित्रस्थान बनिनुभयो। क्रूस एक वेदी बन्यो र येशू स्वयं त्यमाथि बलिदान हुनुभयो। **यूहन्ना १२:३२, येशूले भन्नुभयो “अनि जब म पृथ्वीबाट उचालिन्छु,म सबै मानिसलाई आफूतिर खिँच्नेछु।” पद ३३“उहाँको मृत्यु कुन प्रकारले हुने हो, सो संकेत दिनलाई उहाँले यसो भन्नुभएको थियो।”** येशूले आफनो क्रूसको मृत्युको विषयमा बताइरहनु भएको थियो।

जब परमेश्वरले मोशालाई पहिलोपल्ट करारको सन्दूक बनाउने आदेश दिनुभयो तब उहाँले बताउनु भयो,कि यो पर्दाले ढाकिएको हुनपर्छ। केवल प्रधान पूजाहारीमात्र पर्दाभित्र प्रवेश गर्न सक्थ्यो र त्यो पनि वर्षमा एकपल्ट मात्र। यो एउटा गम्भीर र प्रार्थनासहित गर्नुपर्ने सेवकाइ थियो। जब परमेश्वरले दाऊदलाई सन्दूक खुला तम्बुमा राख्ने अनुमति दिनुभयो त्यस समय त्यहाँ निरन्तर स्तुति प्रशंसा भइरहेको थियो, अनि त्यो देशमा परमेश्वर महानरुपले प्रकट हुनुभयो र प्रायः ३३ वर्षसम्म स्वतन्त्ररुपले विना रोकटोक मानिसहरु परमेश्वरसम्म पुग्न सके। दाऊदको वासस्थानमा परमेश्वरको यो खुला उपस्थितिले हाम्रो प्रभु येशू ख्रीष्टको जीवनलाई देखाउँछ जसले ३३ वर्षसम्म पृथ्वीमा खुल्लमखुल्ला परमेश्वरलाई प्रस्तुत गर्नुभयो।

परमेश्वरले प्रेरितको पुस्तकमा बताउनुहुन्छ,कि उहाँले दाऊदको  वासस्थान फेरि खडा गर्नुहुन्छ, जो उहाँले शुरु गरिसक्नु भएको छ। यो पुनर्स्थापनले अगमवाणीय तवरमा फसलको कटनीको विषयमा र अन्तिम समयका विषयमा बताउँदछ। यस अन्तर्गत इस्राएलको पुनर्स्थापना तिनीहरुकै भूमिमा हुने कुरा पनि छ,जो भइसकेको कुरा हामीले देख्यौं : इस्राएललाई परमेश्वरका मानिसहरुले अधिकार गरेका छन्।

यरुशलेममा एल्डर याकूबले बताउँछन्,कि सफलतापूर्वक अन्यजातिहरुका बीचमा भएको सुसमाचार प्रचार जसको विषयमा पावल र बारनाबासले प्रतिवेदन दिएका थिए, यही विषयमा अगमवक्ताले बोलिरहेका थिए जब तिनले दाऊदको वासस्थानको पुनर्स्थापनको विषयमा भनेका थिए।

## किन दाऊदको वासस्थान फेरि खडा गरिनेछ ?

**प्रेरित १५:१७"र बाँकी मानिसहरुले परमप्रभुलाई खोज्न सकून्,र सबै अन्यजातिहरुले पनि, जुनहरु मेरो नाउँद्वारा बोलाइएका छन्।"**

हिजोआज दाऊदको वासस्थानको पुनर्स्थापनबारे धेरै चर्चा भइरहेछ। प्रायःजसो यी चर्चाचाहिँ २४ घण्टे आराधना केन्द्रका स्थापनामा नै केन्द्रित हुन्छन्। तर कुन उद्धेश्यमा ? जब प्रेरित याकूबले दाऊदका वासस्थानका पुनर्स्थापनका कुरा गरे उनले शमूएल र इतिहासका पुस्तकमा भएको त्यो मूल वासस्थानलाई नदेखाएर उनले आमोस अगमवक्ताका कुरा उल्लेख गरे। दाऊदको वासस्थान पुनर्स्थापनको सन्दर्भ चाहिँ अन्यजातिहरुको उद्धार हो, जो महान् आज्ञा पूरा हुनु हो, अनि यो कामचाहिँ ती मानिसहरु द्वारा हुन्छ जसले तिनीहरुका परमेश्वरलाई चिन्छन् उहाँको उपस्थितिमा हिँडछन् र प्रभु येशूको पुनर्स्थापनको शक्तिमा जिउँछन्।

## युगको अन्तमा के भइरहेछ ?

**प्रेरित** २:१७ मा पत्रुस पेन्तिकोसको दिनमा खडा भएर भने,**"आखिरी दिनहरुमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ,म सबै मानिसहरुमाथि मेरो आत्मा खन्याइदिनेछु...।"**

धर्मशास्त्र **योएल** २:२८ ले भन्दछ,**"म मेरा आत्मा सबै मानिसमाथि खन्याउनेछु।"** पत्रुसले आखिरी दिनका शुरुवाती समयमा बोलिरहेका थिए, योएलले आखिरी दिनका बारेमा अगमवाणी गरिरहेछन्। पछिल्लो भवनको महिमा अघिल्लो भवनको महिमाभन्दा अझ बढता छ (**हाग्गै** २:६)। अघिल्लो र पछिल्लो झरी एकै समयमा आउनेछ (**योएल २:२३**)। आखिरी दिनमा दुवै झरीको वर्षा हुनेछ !

दाऊदको वासस्थानको पुनर्स्थापनाबारे आमोसको अगमवाणी र प्रेरित याकूबले बताएको कुरा आखिरी दिनहरुमा पूरा हुनेछ। यो फसलको कटनीको समय हो, यो त्यो समय हो जब इस्राएलीहरु आफनो देशमा फर्कनेछन्,अनि कहिल्यै त्यहाँबाट हटाइनेछैन,यो अन्तिम पुस्ताका समय हो जब सबै कुराहरु पूरा हुनेछन्।

दाऊदको वासस्थानको पुनर्स्थापनले विश्व-व्यापी सुसमाचार प्रचारलाई देखाउँछ, अन्तमा अन्यजातिहरु प्रवेश गर्नेछन्, अन्यजातिहरुको समय पूरा हुनेछ (**रोमी ११:२५**) ! त्यसपछि विश्वासयोग्य इस्राएलका बाँकी रहेकाहरु बचाइनेछन् (**रोमी ११:२६**) तब मण्डली पूरा हुनेछ (**एफिसी २:१४-१६**)।

## **पाँचौं -पाठ**

# मोशाको पवित्र वासस्थान
# महिमामा प्रवेश

# मोशाको पवित्र वासस्थान

## हिब्रूको पुस्तकले पवित्र वासस्थानको बारेमा जानकारी दिन्छ।

हिब्रू ९ अध्यायले मोशाको पवित्र वासस्थानको बारेमा बताउँदछ, पवित्रस्थान र महापवित्रस्थानभित्र भएका कुराहरुको विवरण दिंदछ। यदि हामीले नयाँ करार र प्रभु येशू ख्रीष्टले उहाँको मृत्यु र पुनरुत्थानद्वारा गर्नुभएको कार्यलाई बुझ्नु हो भने मोशाको पवित्र वासस्थानलाई बुझ्नु आवश्यक छ। हिब्रूको पुस्तक,जो हिब्रू ख्रीष्टियानहरुको निम्ति लेखिएको थियो, यसले पवित्र वासस्थानको बारेमा जानकारी दिन्छ। मोशाको पवित्र वासस्थान त्रिएक परमेश्वरः पिता,पुत्र र पवित्र आत्माको एक प्रकाश हो, अनि यसले हामीलाई परमेश्वरको अनन्तको उद्धेश्य बुझ्न सहायता गर्दछ जुन उहाँले येशू ख्रीष्टद्वारा ल्याउनुभएको छ (**एफिसी ३ः११**)।

## पवित्र वासस्थानले धेरै सत्यको पूर्वसंकेत दिंदछ

मोशा परमेश्वरका एक शक्तिशाली मानिस थिए। पुरानो करारमा तिनी सबैभन्दा महत्त्वपूर्ण व्यक्ति थिए, किनभने व्यवस्था तिनीद्वारा आएको थियो। परमेश्वरले मोशालाई दिनुभएको प्रकाश विस्मयकारी, विशाल,गहन र सत्यले पूर्ण थियो जो येशू ख्रीष्टमा पूरा हुनुपर्ने थियो र त्यसपछि उहाँको मण्डलीको जीवन र अनुभवमा पनि पूरा हुनुपर्ने थियो। यूहन्नाको सुसमाचारले परमेश्वरको अभिप्राय र प्रकाशको सम्बन्धमा मोशाको महानतालाई स्वीकार गरेको छः **"किनभने व्यवस्था मोशाद्वारा दिइयो,अनुग्रह र सत्यताचाहिँ येशू ख्रीष्टद्वारा आए"**(**यूहन्ना १ः१७**)। मोशालाई परमेश्वरले पवित्र वासस्थानको बारेमा दिनुभएको प्रकाशमा,अरु धेरै सत्यताहरुको पूर्वसंकेत दिनु हुँदैथ्यो जो ख्रीष्ट येशूमा गएर पूरा हुनुपर्ने थियो। येशू स्वयंले भन्नुभयो,**"व्यवस्था अथवा अगमवक्ताहरुलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन,तर पूरा गर्न आएँ "**(**मत्ती ५ः१७**)।

## व्यवस्था,पवित्र वासस्थान र चाड्हरु

े मिश्रदेशबाट निक्लेपछि परमप्रभुले मोशा र इस्राएलका मानिसहरु सित सीनै पर्वतमा एउटा करार बाँध्नुभयो (**प्रस्थान१९-२४**)। यो करार, जसलाई पुरानो करार पनि भनिन्छ, यसमा निम्न तीन मुख्य कुरा पाइन्छ ः

१. **व्यवस्था**ः परमेश्वरको वचन जसले परमेश्वर अनि एकर्कालाई प्रेम कसरी गर्ने सो बताउँदछ,

२. **पवित्र वासस्थान**ः मोशाको पवित्र वासस्थानले आत्मा र सत्यतामा आराधना गर्ने तरिकालाई प्रकाश पार्छ।

३. **चाड्हरु** १.निस्तार,जहाँ अखमिरी रोटी र अगौटे फल समावेश हुन्छ।
२.साताहरुको चाड् (पेन्तिकोस),
३.छाप्रो-बासको चाड्,जसमा तुरहीको चाड् अनि प्रायश्चितको दिन पर्थ्यो।

**लेवी** २३ मा इस्त्राएलका चाड्हरुको विवरण पाइन्छ।
यी चाड्हरुले उहाँका मानिसहरुका निम्ति भएको परमप्रभुको क्रमिक दर्शन प्रकट गर्दछ,र तिनीहरुमा उहाँका अभिप्रायहरुको परिपूर्णतातर्फ लाँदछ।

## हाम्रो समझको आँखामा प्रकाश

### पिताकहाँ जाने बाटो

पवित्र वासस्थानको बारेमा भएको ज्ञानले हामी परमेश्वरकहाँ कसरी आउने सो सिक्न सक्तछौं। हामी जान्न सक्छौं कि कसरी इस्त्राएलका प्रधान पूजाहारी पिताको महिमाको उपस्थितिमा प्रवेश गरे।

### बुद्धि र ज्ञानका सबै सम्पत्ति उहाँमा छिपेका छन्

पवित्र वासस्थानले प्रभु येशू ख्रीष्ट र उहाँको मण्डलीको बारेमा धेरै शिक्षा र प्रकाश दिँदछ, **"जुन मण्डली उहाँको शरीर,उहाँको पूर्णता हो। र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ"(एफिसी १:२३)।**
येशूले दुइ चेलाहरुलाई इम्माउसको बाटोमा पुरानो करारका पुस्तकमा ख्रीष्टलाई देख्नको लागि समझ खोलिदिनुभयो। पवित्र वासस्थानको निर्माणको विवरणका लागि प्रस्थानका धेरै अध्यायहरु लागेका कुरा हामी पाउछौं। योचाहिँ परमेश्वरले मोशालाई जस्तो प्रकाश दिनुभएको थियो ठीक त्यस्तै बनाउनुपर्थ्यो।

### मण्डली त्यसको महिमित उत्तराधिकारमा प्रवेश गरेकी कुरा देखिन्छ

उसरी नै आज पनि येशू ख्रीष्टको मण्डली ठीक त्यही ढाँचामा निर्माण हुनुपर्छ जुन ढाँचा धर्मशास्त्रमा देखाइएको छ।
येशूले उहाँको निम्ति तयार गर्दै गर्नुभएको महिमित मण्डलीको प्रकाश हामी पवित्र वासस्थानमा पाउँछौं (**एफिसी ५:२७**)।

**प्रकाशको आत्मा**

**त्यहाँ उद्धार, धर्मी ठहराइने कुरा, पाप क्षमाको निम्ति रगतको बलिदानका प्रकाश पाउँछौं। त्यहाँ पवित्रीकरण र महिमा गरिने प्रकाश पाउँछौं।**
**त्यहाँ प्रकाश छ- पानीको बप्तिस्मा र पवित्र आत्माको बप्तिस्मा, परमप्रभुमा ग्रहणयोग्य पूजाहारीको सेवकाइ अनि आत्मा र सत्यतामा पिताको साँचो आराधना।**
**त्यहाँ पवित्र आत्माको अभिषेक र सेवकाइ,परमप्रभुको टेबल,प्रार्थना र अर्जीबिन्ती,पूजाहारीका पोशाक, र सातवटा सुनका सामदाहरुको बारे प्रकाश पाउँछौं।**
**(प्रकाश १:२० हेर्नुहोस्)**

**त्यहाँ त्रिएक परमेश्वरको प्रकाश पाइन्छ,"बाटो सत्य र जीवन"(यूहन्ना१४:६),अनि पिताको बारेमा।**

**पवित्र वासस्थानका तीनवटा भाग छन्: बाहिरी चोक,पवित्रस्थान र महापवित्रस्थान,हामी येशूलाई बाहिरी चोकमा भेट्छौं, पवित्र आत्मालाई पवित्रस्थानमा र पितालाई महापवित्रस्थानमा।**

**करारका सन्दूकमा मूलरुपले तीनवटा कुराहरु राखिएका थिए : गवाही -पाटी,मन्ना राखेका सुनको वर्तन र  कोपिला लागेको हारुनको लौरा, यी कुराले पनि त्रिएक परमेश्वरलाई प्रतिनिधित्व गर्दछन् र गहिरो सत्यता प्रकाशमा आउँदछ।**

**त्यहाँ करबहरु, एउटा कृपा आसन, सन्दूक छन्। सुनका धूपवेदी, पवित्र रोटीका टेबिल, पशु बलिदानको निम्ति वेदी छन्।**

**यी कुराका सम्बन्धमा कडा नियम र विधिहरु थिए।**

**एउटा चोकमा बसालिएको पवित्र वासस्थानका चित्ररेखा हेरेर संसारदेखि हामी कसरी परमेश्वरकहाँ पुग्न सक्छौं सो बुझ्नसक्छौं।**

उसरी नै परमेश्वर हामीकहाँ कसरी आउनुहुन्छ सो बुझ्नको निम्ति महापवित्रस्थानदेखि सुरु गर्नुपर्छ। दुवै दिशाबाट यसै कारणले मात्र सम्भव छ, किनभने त्यहाँ रगत बगेको छ। परमेश्वर हामीकहाँ आउनुहुन्छ, किनभने उहाँले करारको सन्दूकमाथि भएको कृपा आसनमाथि रगत देख्नुहुन्छ। हामी हाम्रो यात्रा बलिदानको वेदीमा आएर सुरु गर्छौं, जुन कुराले येशू ख्रीष्टको क्रूसलाई देखाउँछ,जहाँ एउटा थुमाको रगत चढाइएको छ।

संसारदेखि परमेश्वरकहाँ आउने एक व्यक्ति सबैभन्दा पहिले परमेश्वरको चोकमा आउँछ। हरेक व्यक्ति ढोकाबाट भित्र प्रवेश गर्नुपर्छ,येशू त्यो ढोका हुनुहुन्छ (यूहन्ना १०:७)। जब एउटा व्यक्तिले परमेश्वरको खोजी गर्छ परमेश्वरले त्यस व्यक्तिलाई येशूको नजीक ल्याउनुहुन्छ। येशू ख्रीष्ट संसारमा पापीलाई बचाउन आउनुभयो। छिटो वा ढिलो हरेक व्यक्तिले सुसमाचार सुन्नेछ (मर्कूस १६:१५,१६) र बाँच्ने अवसरमा पाउनेछ। जब एउटा व्यक्ति पवित्र वासस्थानको चोकभित्र पूर्वको ढोकाबाट प्रवेश गर्थ्यो (प्रवेशद्वार), त्यहाँ अघि बढने केवल एउटै बाटो मात्र थियो। त्यो व्यक्तिको ठीक अघि एउटा काँसाको वेदी थियो, जहाँ पाप मोचनको निम्ति रगतको बलिदान चढाइन्थ्यो। यो वेदीले येशू ख्रीष्टको क्रूसलाई चित्रण गर्दछ। यो चोकभित्र (बाहिर चोक) तर परमेश्वरको वासस्थान बाहिर सम्पन्न हुन्छ। हाम्रो यात्रा सुरु भइसकेको छ।

# मोशाको पवित्रवासस्थान



# मोशाको पवित्र वासस्थान

**प्रस्थान २४:१६,१८** मोशा परमप्रभुको उपस्थितिमा बोलाइए। मोशाले चालीस दिन र चालीस रात परमेश्वरको उपस्थितिमा बिताए। तिनी स्वर्गीय स्थानहरुमा थिए।

**प्रस्थान २५:८,९** परमप्रभुले मोशालाई एउटा **पवित्रस्थान बनाउने** आदेश दिनुहुन्छ,**ताकि उहाँ तिनीहरुका माझमा बस्न सकून्**। परमेश्वरले सदैव उहाँका मानिसहरुका बीचमा रहने इच्छा गर्नुभयो। यो विशेष आदेश अनुसार बनाइनुपर्थ्यो। परमप्रभुले पवित्र वासस्थान निर्माण गर्न र त्यसमा चाहिने हरेक कुराको बारेमा मोशालाई विस्तृत जानकारी दिनुभयो। प्रस्थान २५,३०,३६,४० मा पवित्र वासस्थानको ढाँचा र निर्माणको निम्ति पूरा विवरण पाइन्छ।

**पवित्र वासस्थानमा प्रवेश गर्ने बाटो परमेश्वरको उपस्थितिभित्रको प्रवेशद्वार हो। पवित्र वासस्थानको चित्र र त्यहाँ भएका कुराहरुले चाहिँ हाम्रो निम्ति एउटा ढाँचाको रुपमा तयार भएको हो, कि कसरी परमेश्वरलाई भेट्न सकिन्छ, र त्रिएक परमेश्वर (पिता,पुत्र र पवित्र आत्मा) को प्रकाश पाइन्छ।**

## ढोका

भेट हुने पाल (पवित्र वासस्थान) एउटा खुला ठाउँ (चोक) मा राखिन्थ्यो। पवित्र वासस्थानमा आउनको निम्ति,एउटा व्यक्ति ढोकाबाट भएर प्रवेश गर्नुपर्थ्यो। चोकभित्र प्रवेश गर्ने एकमात्र बाटो यो थियो। चोर,डाँकूहरु पर्खालमाथि चढेर पस्ने कोशिश गर्छन् तर परमेश्वरको उपस्थितिमा आउन चाहनेहरुचाहिँ ढोकाबाट नै आउन पर्छ। तपाईं ढोकामा आउनुहुन्छ,किनभने तपाईंमा परमेश्वरलाई भेट्ने चाहना छ। भित्र प्रवेश गर्नको निम्ति ढोका एउटै छ। येशूले भन्नुभयो, **"म ढोका हुँ"**(**यूहन्ना १०:७**)। उहाँले अझ भन्नुभयो **"बाटो,सत्य र जीवन म नै हुँ,मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन"**(**यूहन्ना १४:६**)। येशू एकमात्र बाटो हुनुहुन्छ। उहाँ ढोका हुनुहुन्छ। हामी यो ढोकाभित्र धन्यवाद र प्रशंसासाथ प्रवेश गर्नुपर्छ (**भजन १००:४**)। हामी हाम्रो इच्छामा,हृदयमा विश्वास गरेर आउँदछौं।

**परमेश्वरकहाँ आउने एउटा बाटो छः यो ढोकाद्वारा हो ! यो येशूद्वारा हो ! बाटो उहाँ मात्र हुनुहुन्छ !**



महापवित्रस्थानमा
हामीले पितालाई
भेट्छौं
कृपा आसन
महिमाकरण
सन्दूकमाःगवाही-
पाटी मन्न,हारुनको
लौरा
करुबहरु
रगत
प्र २५ः२२
प्रकाश१ः१२-२०
अन्तरविन्ती प्रार्थना
आराधना
पवित्रस्थान जहाँ
हामी सेवा गर्छौं
पवित्रस्थानमा हामी
पवित्र आत्मालाई
भेट्छौं
पवित्र आत्मा
तेल
येशू
संगति
पवित्रकरण
बप्तिस्मा लिनु
वचनद्वारा धोइनु
पापको क्षमा
क्रूसमा
आउनुपर्छ
येशू
धर्मी ठहराइनु
बाहिरी चोक जहाँ
परमेश्वरले हाम्रो
सेवा गर्नुहुन्छ
बाहिरी चोकमा
येशूलाई भेट्छौं

**बाहिरी चोक-** भेट हुने पाल (पवित्र वासस्थान) घेरिएको क्षेत्र,जहाँ होम बलिको वेदी र पानी राखेको बाटा राखिएको थियो (**प्रस्थान** ४०:२६,३०)।

## होमबलिको वेदी

जब हामी फाटकभित्र प्रवेश गर्छौं,अनि त्यसपछि होमबलिको वेदीमा पुग्छौं (**प्रस्थान** ४०:२६)। यो बलिदानको ठाउँ थियो, जहाँ होमबलि र अरु बलिहरु चढाइन्थ्यो। यहाँ थुमालाई होमबलि गरिन्थ्यो (**प्रस्थान** २९:३८)। यो काँसाले बनिएको वेदी थियो। काँसाले न्यायलाई चित्रण गर्दछः परमेश्वरद्वारा पापको न्याय। यो त्यही ठाउँ थियो जहाँ मानिसहरुको पापको निम्ति पूजाहारीहरुले बलिदान चढाउँथे।

"रगत नबगाइकन पापको क्षमा हुनै सक्दैन"(**हिब्रू** ९:२२)।

यो वेदीले क्रूसलाई प्रतिनिधित्व गर्दछ। परमेश्वरकहाँ आउने एकमात्र बाटो येशूद्वारा हो, जो पापरहित, निष्कलंक थुमा हुनुहुन्छ अनि हाम्रो पापका निम्ति क्रूसमा मर्नुभयो; उहाँले बगाउनुभएको रगतद्वारा यो भएको हो।

हिब्रू -------------------------

-------------------------

हामी येशूलाई होमबलिको वेदीमा भेट्छौं र हाम्रो पाप क्षमाको निम्ति उहाँको रगतको बलिदानको आधारमा हामी उहाँलाई बिन्ती गर्छौं (**१यूहन्ना** १:९)।

## काँसाको बाटा

जब हाम्रो पाप क्षमाको काम सिद्धिसकेपछि हामी अर्को ठाउँमा पुग्छौं, जो बाहिरी चोकमा नै छ, त्यो हो काँसाको बाटा भएको ठाउँ। यहाँ पूजाहारीहरुले पानीमा हात खुट्टा पखाल्छन् अनि पवित्रस्थानभित्र प्रवेश गर्न अघि सफा पूजाहारीको पोशाक, सूती कपड्रा लाउनपर्थ्यो। यसले हामीलाई पानीको बप्तिस्माको महत्त्वलाई देखाउँछ, जो आफ्नो लेखि मरेर ख्रीष्ट येशूमा नयाँ सृष्टि हुनु हो (**रोमी** ६:३,११)। एउटा नयाँ विश्वासीले उद्धार पाएपछि लिनपर्ने पहिलो कदमचाहिँ पानीको बप्तिस्मा हो। तथापि हामीले मुक्ति पाए तापनि पापमा गिर्न सक्छौं, यसकारण हामी क्रूसको फेदीमा गएर पाप स्वीकार गर्छौं अनि पानीले धोएर वचनद्वारा पवित्र तुल्याइन्छौं (**एफिसी** ५:२६)।

**हिब्रू** १०:२२ शुद्ध पानीद्वारा हाम्रा शरीर पखालिन्छ, भनी धर्मशास्त्रले भन्दछ। यसले काँसाको बाटाद्वारा पानीले शुद्ध हुने कुरा देखाउँदछ। **"तिमीहरु धोइयौ, पवित्र पारियौ"**(१कोर.६:११)

**परमेश्वरको वचनले हामीलाई शुद्ध पारुन् ! परमेश्वरको वचनले हामीलाई शुद्ध पार्छ (यूहन्ना१५:३)। परमेश्वरको वचनले हाम्रो मन परिवर्तन गरुन् (रोमी १२:२)।**

**गलाती** ३:२७

______________________________________________

______________________________________________

।

-ख्रीष्टमा बप्तिस्मा- ख्रीष्टलाई धारण गर्नु ; ख्रीष्टलाई प्रस्तुत गर्नु !
पूजाहारीले धोइधाइ गरिसकेपछि,उसले पोशाक बदल्नु पर्थ्यो अनि पूजाहारीले लाउने पोशाक र लबेदा लाउनु पर्थ्यो। यसले धार्मिकतालाई देखाउँदछ। हामी पनि बाहिरी पोशाक फुकाल्छौं जो फोहोर छ (यसले शरीरका कामलाई चित्रण गर्दछ) र त्यसको सट्टा पवित्रतालाई हामी धारण गर्छौं।
**एफिसी ४:२२-२४** ख्रीष्टमा आएपछि लालसाहरुद्वारा भ्रष्ट भएका हाम्रो "पुरानो मानिस"लाई त्यागिदिनुपर्छ, अनि नयाँ मानिस (स्वभाव) लाई धारण गर्नुपर्छ जो "धार्मिकता र पवित्रतामा"सृष्टि भएको हो।
**कलस्सी ३:८-१४** हामीले सबै दुष्ट आचरण,बोली र प्रवृत्तिलाई त्यागेर,नयाँ मानिस (स्वभाव) लाई धारण गर्नुपर्छ अनि ईश्वरीय गुणलाई अभ्यास गर्नुपर्छ।

**पवित्र आत्मामा बप्तिस्मा**
यो कामद्वारा होइन;यहाँ हाम्रो तर्फबाटको कोशिश होइन। **लूका २४:४६** ले भन्दछ कि हामीले माथिबाटको शक्तिलाई धारण गर्नुपर्छ। यसले पवित्र आत्माले भरपूर हुनु भन्ने कुरा बुझाउँदछ। पवित्र आत्मा बिना तपाईं पवित्र वासस्थानमा प्रवेश गर्न सक्नुहुन्न।

**पूजाहारीले मात्र पवित्र वासस्थानभित्र पसेर परमप्रभुको सेवा गर्थे।**

**पवित्र स्थान**
हामी पवित्र स्थानको ढोकामा छौं। बाहिरी चोकमा,हाम्रो पाप क्षमा गरेर,हामीलाई पवित्र ठहराएर पवित्र आत्माले हामीलाई भरपूर गरी परमेश्वरले हाम्रो सेवा गर्नुभयो। हामी अब परमेश्वरका पूजाहारीहरु हौं,**यसकारण हामी उहाँको पवित्र स्थानभित्र पसेर उहाँको सेवा गर्नसक्छौं। हामी परमेश्वरलाई उहाँको पवित्रस्थानमा सेवा गर्छौं।** पवित्र स्थानभित्र प्रवेश गर्ने ढोकाचाहिँ पवित्र आत्मा हुनुहुन्छ। पवित्र आत्माले भरपूर भएकाहरु मात्र पवित्र स्थानभित्र प्रवेश गर्न सक्छन्।

**सुनको सामदान**
पवित्र स्थानभित्र प्रवेश गरेपछि त्यहाँ हामीले सुनको सामदान देख्छौं,जसका सातवटा हाँगा छन्। सातले पूर्णता,परिपक्वताको बारे बताउँदछ। **प्रकाश १:१३-२०** मा यूहन्नाले सातवटा सामदानका बीचमा येशूको दर्शन पाएको कुरा पढछौं। सामदानले मण्डलीको प्रतिनिधित्व गर्दछ। मण्डली पवित्रस्थानमा अवस्थित छ (**१कोर १२:१३**) **येशू उहाँको मण्डलीको बीचमा हुनुहुन्छ।** जब हामी आराधना गर्छौं तब स्वर्गीय स्थानहरुमा उचालिन्छौं अनि प्रभुलाई त्यहाँ हाम्रो बीचमा पाउँछौं। पवित्र आत्माले हामीलाई येशू प्रकट गराउनुहुन्छ। येशू सधैं केन्द्र हुनुहुन्छ, सधैं माथि हुनुहुन्छ अनि अल्गिनुहुन्छ !

सामदान सधैं तेलले भरिएको हुन्थ्यो र चहकिलो बलोस् भन्ने ध्येयले पूजाहारीहरुले सलेदो प्रत्येक दिन छाँटथे। पवित्र स्थानमा उज्यालो केवल बलिरहेको तेलले मात्र दिन्थ्यो। तेलले पवित्र आत्मालाई देखाउँछ। हामीमा तेल प्रशस्त छ भन्ने कुरामा हामी निश्चित हुनपर्छः **"पवित्र आत्माले भरिपूर्ण होओ" (एफिसी ५:१८,१६)**। प्रशंसा-आराधनामा प्रवेश गर्नुहोस्। **मत्ती २५** मा यस कन्याका विषयमा दृष्टान्त छ। पाँच बुद्धिमत्ती स्त्रीले थप तेल साथमा लगेका थिए।

पवित्र आत्माले हामीलाई पिताको बारेमा सिकाउनुहुन्छ अनि उहाँलाई प्रकट गराउनुहुन्छ। पवित्र आत्माको उपस्थितिले मण्डलीमा प्रकाश आउँदछ। पवित्र आत्माले भरपूर भएको मण्डली ज्वलन्त मण्डली हो। मानिसहरुले थाह पाउँछन्,कि तिनीहरु त्यो मण्डलीमा गए भने निको हुन्छन्,उद्धार पाउँछन्,छुटकारा पाउँछन् र परमेश्वरको छुवाइलाई अनुभव गर्छन्। त्यो मण्डलीले समाजमा प्रकाश छर्छ। त्यो मण्डली लुक्नु सक्तैन !

पवित्र आत्माले हाम्रो समझलाई प्रकाश दिनुहुन्छः **एफिसी १:१७,१८।** उहाँले परमेश्वरको वचनलाई प्रकाश पार्नुहुन्छः"तपाईंका वचन मेरा गोड्ाका निम्ति बत्ती,र मेरो बाटोको निम्ति उज्यालो हो"**(भजन ११९:१०५)**

**सजाएको रोटीका टेबिल**

सामदानको ठीक विपरीत स्थानमा पवित्र रोटीका टेबिल राखिन्थ्यो। टेबिलमा १२ वटा रोटी थिए,जसले १२ कुललाई प्रतिनिधित्व गर्थ्यो। त्यहाँ एउटा दाखरसको सुराही पनि थियो। रोटी र दाखरसले प्रभुभोजको बारे बताउँदछ। फेरि येशूलाई हामी पवित्र रोटीको टेबिलमा भेट्छौं। प्रभुको अघि सबै जातिहरुका प्रतिनिधिहरु थिए। हामीले सजाएको रोटीको टेबिलमा सम्मिलित भएर प्रभुको सेवा गर्छौं। येशूको निम्ति धन्यवाद दिन्छौं, येशू नाउँलाई उचालेर उहाँको सेवा गर्छौं।

सजाएको रोटीलाई अक्षरस भन्नपर्दा यसको अर्थ हुन्छ "मुहार रोटी।"सजाएको रोटीको टेबलमा परमेश्वरको मुहार येशू ख्रीष्टमा प्रकाश हुन्छ ! (**२कोरिन्थी ४:६**)

**यूहन्ना १२:३२** हामी क्रूसमा उहाँ मारिनुभएको कुरालाई स्मरण गरिरहेछौं। हामी सबै पूजाहारी हौं यसकारण हामी सबैले प्रभुको टेबिलमा सम्मिलित भइ प्रभुको काम गर्नसक्छौं। रोटीले प्रभुको वचनको बारेमा बताउँदछ। **यूहन्ना ६:४८,** येशूले भन्नुभयो,**"म जीवनको रोटी हुँ।"** हामीले उहाँको वचनलाई खानु (सेवन गर्नु) पर्छ।
**१ कोरिन्थी १०:१६ जुन आशिष्का कचौराको निम्ति हामी आशिष् माग्छौं, के त्यो ख्रीष्टको रगतमा हुने सहभागिता होइन र ? र त्यो रोटी, जो हामी भाँच्छौं,के त्यो ख्रीष्टको शरीरमा हुने सहभागिता होइन र ?**
ग्रीकमा सहभागिताको शब्द "कोइनोनिया"हो, जसलाई संगति भनेर अनुवाद गरिएको छ। हामी सबै उहाँको रगतले शुद्ध पारिएर,उहाँको शरीरका अंगका रुपमा एउटै मेचमा संगति गर्दछौं।

**१ यूहन्ना १:७ तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने,एउटा अर्कासित हाम्रो संगति हुन्छ,र उहाँको पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ।**
**प्रभुको टेबिल (मेच) पवित्रस्थानमा अवस्थित छ**। रगतको बलिको वेदीमा हुँदा हामी बाहिरी चोकमा हुँदैनौं। हामी क्रूसद्धारा र पानीको बप्तिस्मामा आयौं र प्रभु येशूको पुनरुत्थानको शक्तिमा नयाँ जीवनमा जिइउठेका छौं। हामी पवित्र आत्माले भरिएका छौं र पवित्रस्थानमा प्रवेश गरेका छौं,जहाँ हाम्रो संगति प्रभु येशूसित अनि एकार्कासित हुँदछ।

**धुपको वेदी**

हामी तब धुपको वेदीमा आउँछौं। **यसले प्रभुलाई चढाउने प्रार्थना,अर्जी र आराधनालाई प्रतिनिधित्व गर्दछ।** हामी अब त्यो स्थानमा आइपुगेका छौं जहाँ हामी प्रार्थना र अर्जीविन्ती हाम्रो प्रभुलाई चढाउँछौं। यो सोझै पर्दा बाहिर हुन्छ। पूजाहारीले जलिरहेको कोइलामा धुप हाल्छन् र यसबाट ँ निक्लेको धुवाँ सिधै परमेश्वरको अघि पुग्दछ। परमेश्वरले यो धुपको धुवाँलाई देख्नुहुन्छ अनि हामीले चढाएका भेटी र अर्जी प्रार्थनालाई ग्रहण गर्नुहुन्छ। हाम्रो प्रार्थना परमेश्वरको अघि धुपको सुबास्ना झैं उठ्दछ (**प्रकाश ८:४**)। येशूमा भएको विश्वासद्वारा हामीले गरेको प्रार्थना सुन्न उहाँ सधैं तयार हुनुहुन्छ।

प्रायश्चितको दिनमा प्रधान पूजाहारी यही वेदीमा आएर यसको कोइला निकाल्दछ। तब उसले यसमा धुपको धुलो हाल्दछ र यसबाट प्रशस्त धुवाँ उठ्दछ। जसै धुवाँले उसलाई ढाक्दछ पूजाहारी अभिषेकको बादलले भरिएको महापवित्रस्थानमा प्रवेश गर्दछ। प्रार्थना र प्रशंसा,अर्जीबिन्ती र आराधनाले हामीलाई महापवित्रस्थानमा प्रवेश गराउँदछ। हामी पुग्नपर्ने ठाउँ त्यही हो, पिताको उपस्थितिमा,सिद्धता र परिपक्वतातर्फ। येशू क्रूसमा मर्नुभएर मन्दिरको पर्दा उघ्रयो,अब हामी सोझै पिताको उपस्थितिमा प्रवेश गर्नसक्छौं।

**महापवित्र स्थान**

पवित्र वासस्थानको अन्तिम भाग महापवित्र स्थान हो। यहीं नै करारको सन्दूक राखिएको थियो। सन्दूकमा ३ वटा कुरा राखिएका थिए :

१. गवाही-पाटी जो परमेश्वर पिताको वचनको प्रतीक हो।

२. मन्ना राखिएको भाँड्ो,जो स्वर्गबाट आएको रोटीको प्रतीक थियो। यसले येशू स्वर्गबाट आउनुभएको साँचो रोटी हुनुहुन्छ भनी बताउँदछ।

३.कोपिला लागेको हारुनको लौरो जो पवित्र आत्माको शक्तिको प्रतीक हो।

परमेश्वरको साक्षात् उपस्थिति महा पवित्रस्थानमा छ जहाँ **करुबहरुको** छायाँ परेको छ तिनीहरुका पखेटाहरु **कृपा आसनलाई** ढाक्न फैलिएका छन्,यही स्थानमा परमेश्वरले हामीसँग भेटने प्रतिज्ञा गर्नुभएको छ (**प्रस्थान २५:२२**)। बाइबलमा करुबहरुको पहिलोपल्ट उल्लेख **उत्पत्ति ३:२४** मा गरिएको छ। तिनीहरु अदनको पूर्वतिर थिए र त्यहाँ ज्वालामय तरवारहरु पनि थिए। इजकिएल १ र १० अध्यायमा अगमवक्ताले करुबहरुको डरलाग्दा दर्शनहरु देखेका छन्। परमेश्वरको उपस्थिति उहाँका करुबहरुद्वारा ढाकिएको छ। सायद हामी पनि तिनै पखेटाहरुको मुनि आउँछौं।

कृपा आसन स्वयं सन्दूकको ढकनी हो। यही ठाउँमा अन्तमा पापको निम्ति प्रायश्चित गरिन्छ। जब कृपा आसनमा रगत छर्किइने छ (**हिब्रू १२:२४**) तब सबै पाप हटाइन्छ।

प्रायश्चितको महान् दिनमा सबै मानिसका पापको निम्ति **कृपा आसनमा रगत** राख्न पूजाहारी यही स्थानमा गएका थिए। **हिब्रू ६:११-१५** ले भन्दछ येशू ख्रीष्ट प्रधान पूजाहारीको रुपमा आउनुभयो र एकैपल्टमा सधैंभरिको निम्ति महापवित्र स्थानमा आफनै रगत लिएर जानुभयो र यसरी हाम्रो निम्ति पिताको उपस्थितिमा पस्न सम्भव गराउनुभयो। **हिब्रू ६:२३, २४**,येशू स्वर्गमा नै प्रवेश गर्नुभयो। आज

माथि स्वर्गमा कृपा आसनमाथि रगत भएको कारण मात्र हामी पिताको उपस्थितिमा आउनसक्छौं (**हिब्रू १०:१६-२२**), अनि हाम्रा हृदयलाई दुष्ट विचारहरुबाट बचाउन त्यो रगत छर्किएको छ।

त्यो रगत त्यहाँ भएको कारण हामी महापवित्र स्थानमा पसेर पिताको आराधना गर्नसक्छौं। जब हामी पिताको उपस्थितिमा आउँछौं तब हामी उहाँको आराधना गर्दै घोप्टो पर्न मात्र सक्छौं।

**पवित्रस्थान त्रिएक परमेश्वरको प्रकाश हो**

बाहिरी चोकमा हामी येशूलाई भेटछौं,र उहाँले हामीलाई पवित्र आत्माले भर्नुहुन्छ। येशू र पवित्र आत्माले हामीलाई परमेश्वरको घरभित्र लैजानुहुन्छ र हामी सामदान र टेबिलमा प्रभुको सेवागर्न सिक्छौं। त्यसपछि हामी पिताको अझ नजीक आउँदै सुनको धूप वेदीमा तिर बढछौं। पुरानो करार अन्तर्गत पूजाहारी पर्दादेखि बाहिर धूपवेदीको छेउसम्म मात्र आउन सक्थ्यो। तापनि **हिब्रू ९:४** ले सुनको वेदीलाई पर्दाभित्र राख्छ। किङ जेम्स बाइबलले त्यसलाई सुनको धुपौरो भन्छ,तर यसको निम्ति ग्रीक शब्द वेदी चलाइएको छ। कुनै कुरा परिवर्तन भएको छ ! पर्दा हटाइएको छ (येशूको मृत्युमा च्यातियो)। हामी साहससाथ उहाँको उपस्थितिमा आउनुपर्छ (**हिब्रू ४:१६ र १०:१६**)।

**पिताकहाँ जाने बाटो**

हामी ढोकामा आउँदै सुरु गर्छौं,धन्यवाद र प्रशंसा दिँदै पस्छौं।
हामी आउने निर्णय गर्छौं। हामी येशूद्वारा आउँछौं।
हामी क्रूसमा आउँछौं,येशूले बगाउनु भएको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ,त्यसको निम्ति हामी धन्यवाद दिन्छौं।
हाम्रा पाप स्वीकार गर्छौं र उहाँको शुद्धिकरणलाई ग्रहण गर्छौं।
वचन पढनुहोस्,वचन अनुसार प्रार्थना गर्नुहोस् वचनले तपाईंलाई पखालोस्। जब तपाईं परमेश्वरको वचन अनुसार प्रार्थना गर्नुहुन्छ तब त्यो सधैं परमेश्वरको इच्छा हुन्छ।
मनलाई नयाँ तुल्याएर परिवर्तन हुनुहोस्।
धार्मिकताको वस्त्र पहिरिनुहोस्। माथिको शक्ति (पवित्र आत्मा ग्रहण गर्नुहोस्) धारण गरेको व्यक्ति हुनुहोस् र पवित्र स्थानमा प्रवेश गर्नुहोस्।
सामदानमा येशूको सेवा गर्दा फेरि पवित्र आत्माले भरिनुहोस्। अभिषेकको तेल प्रशस्त छ कि छैन निश्चित गर्नहोस्। येशूको आराधना गर्नुहोस्।भेटीको रोटीका टेबिलको छेउमा आउनुहोस् र फेरि येशूलाई सम्झनुहोस्। तपाईंको उद्धारको निम्ति उहाँलाई धन्यवाद दिनुहोस् र प्रभुभोजको टेबिलमा उहाँसँग संगति गर्नुहोस्। येशूलाई उचाल्नुहोस्।
अझ गहिरो अन्तरबिन्ती र आराधनामा प्रवेश गर्नुहोस्,तपाईंका गहन खाँचोहरु सबै ल्याउनुहोस्। **रोमी ८:२६, "तर शब्दहरुमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ।"** साहसपूर्वक अनुग्रहको सिंहासन अगि आउनुहोस्,पिताको उपस्थितिमा प्रवेश गर्दै आराधनामा उहाँको अगि घोप्टो पर्नुहोस्।

**परिपक्वतामा पुग्ने बाटो यही हो**

हामी बाहिरको चोकमा बचाइन्छौं। हामी दुधे बालकहरु हौं। हामी पशचात्ताप गर्छौं,पापबाट

फर्कन्छौं,हाम्रो विश्वास परमेश्वरमा राख्छौं र पानीको बप्तिस्मा लिन्छौं। परमेश्वरको वचन पढन थाल्छौं। पवित्र आत्मा ग्रहण गर्छौं। पवित्र स्थानमा हामी हुर्कन्छौं,जवान हुन्छौं। वचनको दुधदेखि वचनको ठोस खानेकुरा (मासु) खाने हुन्छौं। खीष्टका सिद्धान्तहरु सिक्छौं। अभिषेकमा सेवा गर्न सिक्छौं,प्रभुभोजमा नियमित सहभागी हुन्छौं, प्रार्थनामा अधिकार लिन्छौं र खीष्ट येशूमा हाम्रो स्थानको बारेमा सिक्छौं।

यसले हामीलाई परिपक्वतामा जान तयार पार्छ। हामी महापवित्रस्थानमा प्रवेश गर्छौं र पितालाई भेट्छौं। पिताको उपस्थितिमा अभिषेक अझ जोरदार हुन्छ। प्रभुले हामीलाई पिताको उपस्थितिमा जिउन सक्ने बनाउनको निम्ति तयार गर्दै हुनहुन्छ। यूहन्नाले भन्दछ कि तिनीहरु नै पिताका हुन् जसले उहाँलाई चिन्दछन् जो सुरुदेखि नै हुनुहुन्थ्यो। व्यवस्थाको अधीनमा केवल प्रधान पूजाहारी मात्र वर्षमा एकपल्ट महापवित्र स्थानमा पस्न सक्थ्यो,तर अब येशू सधैंको निम्ति हाम्रो प्रधान पूजाहारी हुनुभएकोले अब हामीलाई साहससित अनुग्रहको सिंहासनमा आउने सल्लाह दिइएको छ,ताकि दरकारको समयमा हामी कृपा र अनुग्रह प्राप्त गर्न सकौं। **हिब्रू ४:१६।**


पवित्र वासस्थानहरु
दाऊदको पवित्रस्थान (अन्तरविन्ती, आराधना)
परिवक्वता
पर्दा हटाइयो
प्रायश्चितको दिन
पेन्तिकोस
जवान
निस्तार चाड
बालक

# छैटौं -पाठ

## चाडको त्यो महान् दिन

## इस्त्राएलका चाडहरु पूरा भएका

**इस्त्राएलका चाडहरु पूरा भएका**

**लेवी २३** अध्याय परमप्रभुका चाडहरुको उल्लेख गर्दछ। यी चाडहरु परमप्रभुले इस्त्राएलका सन्तानलाई दिनुभएको थियो।

**पद १"परमप्रभुले मोशालाई भन्नुभयो,इस्त्राएलीहरुलाई भन्,पवित्र सभा स्वरुप तिमीहरुले घोषणा गर्नुपर्ने परमप्रभुका तोकिएका चाडहरु यी नै हुन।"**

**लेवी २३:४"तोकिएका समयमा तिमीहरुले घोषणा गर्नुपर्ने परमप्रभुका तोकिका चाडहरु अर्थात् पवित्र सभाहरु यी नै हुन्।"** चाडहरु पवित्र सभा हुनुपर्थ्यो,अर्थात् मानिसहरुको भेला हुनुपर्थ्यो। चाडमा सबै मानिसले भाग लिऊन् भन्ने आशा गरिन्थ्यो।

**निस्तार चाड**

निस्तार चाड इस्त्राएलीहरुले मिश्रदेश छाडनुभन्दा अगि के भएको थियो भन्ने कुरा मानिसहरुलाई स्मरण गराउनको निम्ति पालन गरिन्थ्यो। **प्रस्थान १२** ले परमेश्वरले निस्तार चाडको सम्बन्धमा मोशालाई दिनुभएका निर्देशनहरु उल्लेख गर्दछ। प्रत्येक परिवारले एउटा पाठोको बलिदान चढाउनु पर्थ्यो, अनि त्यो पाठो निष्खोट हुनुपर्थ्यो। तिनीहरुले त्यो पाठोको केही रगत ढोकाको चौकोसका दुइपट्टिका खम्बाहरुमा र माथिल्लो भागमा लाउनु पर्थ्यो, र त्यो पाठोको मासु तिनीहरुले त्यही रात खानु पर्थ्यो। भोलिपल्ट मिश्रदेशबाट निस्केर जानुपर्ने भएकोले तिनीहरुले लुगा लाएर अनि तयार भएर त्यो पाठोको मासु खानु पर्थ्यो।

**प्रस्थान १२:१२,१३,"त्यस रात म मिश्रबाट भएर जानेछु, र मिश्रका मानिस र पशु दुवैका पहिले जन्मेकाहरुलाई मार्नेछु,र मिश्रका सबै देवताहरुका विरुद्धमा म इन्साफ गर्नेछु। म परमप्रभु हुँ। तिमीहरु बसेका घरहरुमा त्यो रगत तिमीहरुका निम्ति चिन्ह हुनेछ। जब म त्यो रगत देख्नेछु तब तिमीहरुलाई चाहिँ छोडिदिनेछु, र मैले मिश्रलाई प्रहार गर्दा नाश गर्ने कुनै विपत्तिले तिमीहरुलाई छुनेछैन।"**

**यो पहिलो निस्तार चाड थियो**

येशूले एक पाठोको रुपमा क्रूसमा मर्नुभएर निस्तार चाड पूरा गर्नुहुन्छ। उहाँको रगत त्यो रगत हो जसले हामीलाई दुष्टबाट बचाउँछ र रक्षा गर्छ।

**लेवी २३:५**,निस्तार चाड पहिलो महिनाको चौधौं दिनमा मनाउनु पर्थ्यो।

**निस्तार चाड (पहिलो महिनाको चौधौं दिनमा); अखमिरी रोटीको चाड (त्यही महिनाको पन्ध्रौं दिनमा-सात दिनसम्म);अगौटे फलको चाड (अखमिरी रोटीको ७ दिने चाड सकिने साथ आठौं दिनमा)**

**येशू उहाँको मृत्युपछि कति दिनसम्म पृथ्वीको गर्भमा रहनुभयो ?**

पहिलो दिन र अखमिरी रोटीको सातौं दिन विशेष शबाथ दिनहरु थिए। येशूले आफ्नै यो वचन **"किनकि जसरी योना ठूलो माछाको पेटभित्र तीन दिन र तीन रात थिए, उसरी नै मानिसको पुत्र पनि पृथ्वीको गर्भमा तीन दिन र तीन रात रहनेछ" (मत्ती १२:४०)** कसरी पूरा गर्नुभयो कुरा बुझ्नको निम्ति

निस्तार चाड,अखमिरी रोटीको चाड र विशेष शबाथहरुलाई बुझ्नु आवश्यक छ, जुन अखमिरी रोटीको चाडका भागहरु थिए।

केथलिक मण्डलीले इतिहासमा इस्टरलाई अप्नाएको कुराले निस्तार चाड सम्बन्धी मण्डलीको समझमा बादल लगाइ दिएको छ। यदि येशू पृथ्वीको गर्भमा ३ दिन ३ रात रहनुपर्थ्यो भने उहाँ शुक्रबार दिउँसो मर्नुभइ फेरि आइतवार बिहान बौरी उठ्नुभएको कुरा नहुनुसक्छ, सायद त्यसबैला दुइवटा शबाथ परेको हुनुसक्छः एउटा अखमिरी रोटीको चाडको निम्ति अनि त्यसपछि साधारण शबाथ।

## अखमिरी रोटीको चाड

**पद ६**,अखमिरी रोटीको चाड निस्तार चाडको भाग हुनुपर्थ्यो। यो पहिलो महिनाको पन्ध्रौं दिनमा सुरु हुनुपर्थ्यो र सात दिनसम्म त्यो पालन गर्नुपर्थ्यो।

यी सात दिनको समयमा मानिसहरुले अखमिरी रोटी खानुपर्थ्यो। बाइबलमा "खमीर" ले पापलाई बुझाउँछ। हामीले जुन बेला उद्धार पायौं त्यसबेला विश्वासीको जीवनमा निस्तार चाड पूरा भयो। हामी क्रूसमा हाम्रो पापको निम्ति भएको येशूको वलिदानलाई ग्रहण गर्छौं। हामीले एकपल्ट उद्धार पाई सकेपछि  आफनो जीवनबाट सबै पाप हटाउनुपर्छ,यसरी अखमिरी रोटीको चाडको अभिप्रायलाई पूरा गर्नुपर्छ। पहिलो निस्तार चाड इस्राएलीहरु मिश्रबाट निस्केर आउँदा भयो। हाम्रो निम्ति मिश्रले संसारको र फारोले शैतानको प्रतिनिधित्व गर्दछ। उद्धार पाएपछि हामी संसारबाट, शैतानको राज्यबाट निस्केर आउनुपर्छ र सबै पापबाट फर्कनुपर्छ।

## यो अखमिरी रोटीको चाडको परिपूर्ति हो

अगौटे फलहरुको चाड

**लेवी २३:९-१४**,यो अन्न (गहुँ-जौ) कटनी गर्ने समयको सुरुमा हुने एक दिने चाड हो। तिनीहरु खेतमा जानुपर्थ्यो अन्नका पाकेका बटुलेर बिटा पूजाहारीकहाँ ल्याउनुपर्थ्यो,जसले त्यो परमप्रभुको अघि डोलाऊनुपर्थ्यो। यो काम शबाथपछिको बिहान गर्नुपर्थ्यो। यो कुरा पूरा भएको थाहा पाउन हामीले निम्न पद हेर्नुपर्छः

**मत्ती २८:१"शबाथपछि,साताको पहिलो दिन रिमरिम उज्यालो हुँदा मरियम मग्दलिनी र अर्को मरियम चिहान हेर्न आए।"**

येशू निष्खोट पाठो हुनुहुन्थ्यो जो परमप्रभुको अघि हाम्रो होमबलि हुनुहुन्थ्यो। हप्ताको पहिलो दिन शबाथपछिको बिहान येशू बौरी उठ्नुभएको थियो। उहाँ अगौटे फल बन्नुभयो,मृतकबाट जीवित हुनेहरुमा पहिलो। उहाँ डोलाऊने भेटी हुनुहुन्छ।

**निस्तार चाड,अखमिरी रोटीको चाड र अगौटे फल** विश्वासीहरुका जीवनमा त्यसबेला पूरा भएको छ जुन बेला तिनीहरुले उद्धार पाए, पापबाट फर्के र बप्तिस्मा लिए। पानीको बप्तिस्माबाट भएर हामी मृतकहरुका पुनरुत्थानको अनुभव गर्दछौं। (**रोमी ६:३-८**)। हामीले येशूको मृत्यु र पुनरुत्थानमा एक हुन्छौं। पत्रुस भन्छन्,**"बप्तिस्माले हामीलाई येशू ख्रीष्टको पुनरुत्थानद्वारा बचाउँछ(शरीरको मैला हटाएजस्तो होइन,तर परमेश्वरतर्फ शुद्ध विवेकको निम्ति)।"**

तिनले अझ अगि बढदै हाम्रो बप्तिस्मा ख्रीष्टमा भएको छ भनी देखाउँछन् **"उहाँ स्वर्गमा जानुभयो र स्वर्गदूतहरु,अधिकारहरु र शक्तिहरुलाई वशमा पारी परमेश्वरको दाहिने बाहुलीपट्टि विराजमान हुनुहुन्छ।"१ पत्रुस ३:२१,२२**

मुक्ति निस्तार चाडको सबै कुरामा त्यो चाडको परिपूर्ति हो, अर्थात् अखमिरी रोटीको चाड र अगौटे फलको पनि परिपूर्ति हो। येशूले भन्नुभयो,

**"विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ"(मर्कूस १६:१५,१६)।**

जब हामी विश्वासद्वारा उद्धार पाएर पानीको बप्तिस्माबाट भएर जान्छौं तब हामीले निस्तार चाड, अखमिरी रोटीको चाड र अगौटे फलको परिपूर्तिलाई ग्रहण गर्छौं।

### साताहरुको चाडः पेन्तिकोस

**लेवी २३:१५-२२**,यो चाड निस्तार चाडको ५० दिन पछि (सातवटा शबाथहरु अनि एक दिन जोडेर) मनाउनुपर्थ्यो। मानिसहरुले अन्नको बलि परमप्रभु कहाँ ल्याउनुपर्थ्यो। तिनीहरुले खमीर हालेको रोटी चढाउनुपर्थ्यो। तिनीहरुले बलिदान पनि चढाउनुपर्थ्यो,परमप्रभुलाई होमबलि चढाउनुपर्थ्यो। प्रत्येक चाडमा होमबलि चढाउनुपर्थ्यो। यसले येशूको प्रतिनिधित्व गर्छ जो बलिदानको भेटी बन्नुभयो।

**येशू र उहाँको प्रायश्चितको बलिदान प्रत्येक चाडमा मुख्य कुरा रहेका छन्।**

### पहिलो पेन्तिकोस सीनै पर्वतमा भयो

{ ग्रीकमा पेन्तिकोसको अर्थ पचास हो। पेन्तिकोस भन्ने नाम सबै भन्दा पहिले **प्रेरित २:४** मा देखिन्छ,हिब्रू मूल पाठको आधारमा पेन्तिकोसलाई पुरानो करारमा साताहरुको चाड भनी जानिन्थ्यो }

इस्राएलको सन्तान मिश्रमा निस्तार चाड मनाएको ५० दिनपछि पवित्र पर्वत सीनैमा परमेश्वरसँग भेट गर्न आयो। परमेश्वर पवित्र पर्वतमा ओर्लनुभयो र त्यहाँ उहाँको आगमनका चिन्हहरु देखिए। त्यहाँ गर्जन आगो देखा पर्‍यो, पृथ्वी काम्यो र परमप्रभुले तुरही फुक्नुभयो।

**परमेश्वरले पहिलो पेन्तिकोसमा ढुङ्गाका पाटीहरुमा व्यवस्था दिनुभयो।**

**प्रेरित** २ मा जब पेन्तिकोसको दिनमा पवित्र आत्मा आउनुभयो,तब त्यहाँ बतास र आगो थियो अनि तिनीहरु अन्य भाषाहरुमा बोल्न थाले। **व्यवस्था मानिसहरुका हृदयमा लेखिएको थियो।** पहिलो पेन्तिकोसमा ३ हजार मानिसहरु मारिए, किनकि तिनीहरुले परमप्रभु मोशालाई व्यवस्था दिन (**प्रस्थान ३२:२८**) आउनुभयो कुरामा ध्यान दिएनन्। दोस्रो पेन्तिकोसमा ३ हजार मानिसहरु बचाइए, किनकि तिनीहरुले खुशीसाथ वचनलाई ग्रहण गरे (**प्रेरित २:४१**)।

**यो चाड हाम्रो जीवनमा कसरी पूरा भएको छ ?** जब हामी पवित्र आत्माले भरिन्छौं र अन्यभाषाहरुमा बोल्छौं तब पेन्तिकोसको अनुभव गर्छौं। **जब पवित्र आत्मा हामीमाथि आउनुभयो,तब हामी शक्ति पाउँछौं** (**प्रेरित १:८**)।

के गर्ने शक्ति ? चिन्ह र चमत्कारहरुसहित सुसमाचार प्रचार गर्ने,फसल भित्र्याउने शक्ति।

**परमेश्वरका मानिसहरु मिश्रबाट सीनै हुँदै प्रतिज्ञाको देशको यात्रामा थिए। तिनीहरुलाई निस्तार** चाडको

**पाठोद्वारा मिश्रबाट छुटकारा दिइयो,व्यवस्था प्राप्त गर्नको निम्ति तिनीहरुले परमेश्वरलाई पवित्र पर्वतमा भेटे।**
अर्को शब्दमा भन्नुपर्दा तिनीहरुले आफनो पेन्तिकोस प्राप्त गरे। त्यसपछि तिनीहरु त्यो देशमा प्रवेश गर्नको निम्ति अगि बढनुपर्थ्यो। त्यो देश लिनको निम्ति तिनीहरुलाई अधिकार र शक्ति दिइयो।
**छाप्रो वासको चाड तिनीहरुले त्यो देशमा सातौं महिनामा मनाउनु पर्थ्यो।**

**मण्डलीको उद्देश्य निस्तार चाडमा नै छाउनी हालेर बसिरहनु (उद्धार पाउनु त्यसपछि केही नगर्नु) होइन; मण्डलीले पेन्तिकोसमा छाउनी हाल्नुपर्छ, पेन्तिकोसमा शक्ति र आश्चर्यकर्महरु भए पनि पेन्तिकोसमा अझै पनि खमीर छ। देशमा प्रवेश गरिसकेपछि र छाप्रो वासको चाड पूरा भएको अनुभव गरिसकेपछि हामी प्रायश्चितको महान् दिनतिर अगि बढनुपर्छ।**

## पेन्तिकोस महान् अचम्मको छ र तर त्योभन्दा अझ बढी छ !

उजाडस्थानमा आश्चर्यकर्महरु भएका थिए,परमेश्वरले अचम्म प्रकारले उहाँका मानिसहरुको निम्ति प्रबन्ध गर्नुभयो। तर त्यसको अर्थ तिनीहरु उजाडस्थानमा नै बस्नुपर्छ भन्ने थिएन। वास्तवमा तिनीहरु उजाडस्थानमा मरे। तिनीहरुले तिनीहरुकै निम्ति भएका परमेश्वरको उद्देश्यहरुमा प्रवेश गर्न इन्कार गरे।

### छाप्रो वासको चाड

छाप्रो वासको चाडले तुरहीको चाड र प्रायश्चितको दिनलाई समावेश गर्छ।

### तुरहीको चाड

**लेवी २३:२३-२५**,यो चाड सातौं महिनाको पहिलो दिनमा मनाउनुपर्थ्यो। यो एउटा पवित्र,शाबाथ दिन थियो। **त्यो दिन सम्झनाको लागि तुरही फुक्नु पर्थ्यो।** यो चाड येशू ख्रीष्टमा पूरा भयो जो संसारको अघि परमेश्वरका अगमवाणीय वचन बोल्न आउनुभयो। **यो आखिरी दिनका मण्डलीमा प्रकट गरिंदै र बोलिंदै गरेको परमेश्वरका अगमवाणीको वचनद्वारा पूरा भइरहेछ**, जसले हामीकहाँ परमेश्वरको चेताउनी ल्याइरहेछ। परमप्रभुको वचनले तुरही जस्तो बज्दै यसो भनिरहेछ,"**प्रभुको आगमनको निम्ति तयार होओ।**" प्रभु एउटा सिद्ध परिपक्व मण्डलीको निम्ति आइरहनुभएको छ; एउटा एकतामा बाँधिएको शरीर,जुन ख्रीष्ट,जो हाम्रा शिर हुनुहुन्छ उहाँमा सबै कुरामा बढेको हुन्छ (**एफिसी ४:१३-१५**)।

### आखिरी दिनमा सत्यताको पुनर्स्थापना

दोस्रो विश्व युद्धदेखि यता तुरही बजिरहेको छ। परमेश्वरको वचन प्रकट गरिंदैछ र मण्डलीमा सत्यताको पुनर्स्थापना गरिंदैछ,उदाहरणार्थ,पवित्र आत्माका वरदानहरुको र आत्मामा आराधना गर्नुपर्छ भन्ने सत्यता। (केभिन कोनरको रेस्टोरेसन् थिअलाजीले हालसालैका इतिहासमा परमेश्वरले गर्नुभएका कार्यहरुको धेरै जानकारी दिंदछ)

### प्रायश्चितको महान् दिन

**लेवी २३:२७-३३**,सातौं महिनाको दशौं दिन प्रायश्चितको दिन हुनुपर्थ्यो। **यो प्राणलाई कष्ट दिनुपर्ने**

**दिन हुनुपर्थ्यो।** उपवास र कष्टले पापको निम्ति दुःखी भएको,**साँचो पश्चात्तापलाई** बुझाउँछ,जसले बदलिने इच्छामा पुऱ्याउँछ। यो त्यस्तो दिन थियो जुन दिन पूजाहारी महापवित्रस्थानमा प्रवेश गर्छ। यो **(लेवी१६)**। यो दिन दुइटा बोका पूजाहारीकहाँ ल्याइन्थ्यो,एउटा छाडा छोडिनको निम्ति अर्को वलिदान चढाउनको निम्ति।

## छाडा छोडिने बोका

चिट्ठा हालेर चुनिन्थ्यो। त्यो बोकाको टाउकोमा प्रधान पूजाहारीले आफना हातहरु राखेर इस्राएलका सारा पाप त्यसमा हालिदिन्थ्यो,र त्यसलाई मर्नको निम्ति उजाडस्थानमा छाडिदिइन्थ्यो। **जब येशू आउनुभयो उहाँ छाडिने बोका बन्नुभयो**। उहाँ क्रूसमा मर्नुभयो,छाउनी बाहिर,र **उहाँले आफै माथि सारा संसारको पाप बोकेर मर्नुभयो**। येशू बलिको बोका पनि  हुनुहुन्थ्यो। यो प्रत्येक वर्षको यस्तो समय थियो जुन बेला इस्राएलको सन्तानले आफना **सबै पापको निम्ति प्रायश्चित गर्थे (लेवी २३:३४)**

## बलिदान चढाइने बोका

पूजाहारीले बलि चढाइएको बोकाको रगत महापवित्रस्थान भित्र लैजान्थ्यो र करारको सन्दूकको कृपा आसनमाथि  त्यो राख्थ्यो **(लेवी १६:३४)** । यो अनन्तको विधि हुनुपर्थ्यो। यो सत्यता अनन्त छ। यो पूरा हुनेछ। उहाँले आफनै रगत लिएर जानुभयो र पवित्रस्थानको कृपा आसनमा त्यो राख्नुभयो,जुन पवित्रस्थान हातले बनेको होइन **(हिब्रू ९:११,१२)**। आज येशूको रगत यही स्थानमा छ।

**हिब्रू ९:२४,"ख्रीष्ट हातले बनाएको पवित्रस्थानभित्र प्रवेश गर्नुभएन, जोचाहिँ साँचो पवित्रस्थानको नकल मात्र हो,तर उहाँ स्वर्गभित्रै प्रवेश गर्नुभयो,र उहाँ हाम्रो पक्षमा परमेश्वरको सामु उपस्थित हुनुभएको छ।"**

**सबैजना पश्चात्तापमा आउनै पर्छ**

**लेवी २३:२९"त्यस दिन जसले आफूलाई इन्कार गर्दैन,त्यो आफना मानिसहरुबाट बहिष्कार गरिओस्।"** सबैजना मानिस पश्चात्तापमा आउनको निम्ति तयारी हुनुपर्थ्यो।

**प्रेरित १७:३०,"यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन,तर अब प्रत्येक ठाउँमा सब मानिसहरुलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ।"**

## प्रायश्चितको दिन हाम्रो जीवनमा र मण्डलीको जीवनमा कसरी पूरा भएको छ ?

जब हामी प्रायश्चितको महान् दिनमा आउँछौं हाम्रा सबै पाप क्षमा हुन्छ। येशूले आज उहाँको मण्डलीलाई यसो भनिरहनुभएको छ, **प्रायश्चितको महान् दिनमा आओ।** उहाँको रगत कृपा आसनमाथि छ। यो उहाँको रगतद्वारा पाइने छुटकाराको हाम्रो पूर्ण उत्तराधिकार,हाम्रा पापहरुको क्षमा पाउने समय हो **(एफिसी १:७)**। हामीले क्षमा, धर्मीकरण र महिमाकरण प्राप्त गरेका छौं। अहिले हामी त्यो रगतद्वारा,आत्मा र वचनद्वारा पवित्र पारिदैछौं। हामी महापवित्र स्थानमा पसौं भन्ने उहाँ चाहनुहुन्छ।

जब हामी साँच्चै महापवित्र स्थानभित्र पस्छौं,तब त्यहाँबाट हामी पहिलेकै अवस्थामा निस्कँदैनौं। कुनै

पनि प्राणी परमेश्वरको महिमा देखेपछि जीवित रहँदैन। जब हाम्रो महिमा हुन्छ तब हामी आत्मामा हिँडछौं। हामी उहाँको महिमा भित्र पसौं भनी परमेश्वरले हाम्रो शरीरलाई ठीक पार्नुहुन्छ। प्रायश्चितको दिनमा आउनुहोस्; येशूले तपाईंको निम्ति सुनिश्चित गर्नुभएको उत्तराधिकार प्राप्त गर्नुहोस्।

येशू आज **महिमामा** हुनुहुन्छ,र जब उहाँ दाग वा चाउरी नभएको महिमित दुलही मण्डलीलाई ग्रहण गर्न आउँदै हुनुहुन्छ (**एफिसी ५:२७**)। येशूलाई क्रूसमा बलि चढाइएको कारण त्यसद्वारा हामी सधैंको निम्ति पवित्र पारिएका छौं (**हिब्रू १०:४०**)। उहाँले अहिले हामीलाई पवित्र पारिरहनुभएको छ ! **मण्डलीमा एउटा ठूलो परिवर्तन आउनुपर्छ।** हामी सिद्धतातर्फ अगि बढन बोलाइएका छौं (**हिब्रू ६:१**)।
यो विश्वासद्वारा मात्र आउनसक्छ र विश्वास परमेश्वरको वचन सुनेर आउँछ (**रोमी १०:१७**)। प्रभुले अहिले उहाँको वचन छोडिरहनुभएको छ; उहाँको तुरहीको आवाज सुनिंदैछ !

**मण्डलीमा एउटा ठूलो परिवर्तन आउनुपर्छ !**

**हामीले अनुग्रहबाट विश्वासद्वारा उद्धार पाएका छौं।**

तपाईंले उद्धार कसरी पाउनुभएको थियो ? तपाईंले कुन आधारमा पवित्र आत्मा पाउनुभयो र नयाँ भाषाहरु बोल्नुभयो ?

**हामीले विश्वासद्वारा उद्धार पाएका छौं।**
**हामी विश्वासद्वारा पवित्र आत्माले भरिएका छौं ।**
**हामी विश्वासद्वारा नै सिद्ध र पूर्ण पारिन्छौं ।**

**छाप्रो वासको चाड**

**लेवी** २३:३३-४४ छाप्रो वासको चाड सातौं महिनाको पन्ध्रौं दिनमा मनाउनुपर्थ्यो,र सात दिनसम्म मनाउनुपर्थ्यो। आगोद्वारा परमप्रभुलाई बलिहरु चढाउनु पर्थ्यो। हाम्रो निम्ति यसले बलि चढाइएको पाठो येशूलाई संकेत गर्छ । हामीले उहाँलाई सम्झनु पर्छ। जुनै चाड मनाए पनि येशू त्यसको केन्द्रमा हुनुहुन्छ। एउटा वलिदान चढाइनुपर्थ्यो। हामीले क्रूसलाई सम्झनुपर्छ।

**पद** ३६**"तिमीहरुले सात दिनसम्म परमप्रभुको निम्ति यो चाड मनाउनु। पहिले दिन र आठौं दिन विशेष विश्रामका दिन हुन्"**।

यो कटनीको चाड थियो-अङ्गूर र जैतुनको फल हुने समय त्यसबाट दाखमद्य र तेल निकालिन्थ्यो (योएलको पुस्तकले घैलाहरु नयाँ मद्य र तेलले भरिने कुरा गर्छ, **योएल** २:२३,२४),यो चाड मानिसहरु देशमा नगइन्जेल मनाउनु हुँदैन्थ्यो।

**मानिसहरु छाप्रोहरुमा बस्नुपर्थ्यो**

**लेवी** २३: ४०, मानिसहरुले सुन्दर सुन्दर रुखका पातहरु लिएर आफनो निम्ति छाप्रोहरु बनाउनुपर्थ्यो र सात दिनसम्म छाप्रोमा बस्नुपर्थ्यो।

**"परमप्रभु तिमीहरुका परमेश्वरको सामुन्ने सात दिनसम्म खुशी मनाउनु।"**

छाप्रो वासको चाड जैतुन र अङ्गूरको कटनीको समयमा देशमा नै मनाइने चाड थियो, त्यसबैला

परमप्रभुले गर्नुभएका सबै कुराको निम्ति आनन्द मनाउनु पर्थ्यो।
मानिसहरुलाई मिश्रबाट उद्धार गर्दा उहाँले गर्नुभएका कामको निम्ति। तिनीहरुलाई व्यवस्था दिनालाई उहाँ सीनैमा तिनीहरुकहाँ आउनु हुँदा गर्नुभएका कामको निम्ति, उहाँले तिनीहरुलाई दुध र मह बग्ने देश दिनुहुँदा गर्नुभएका कामको निम्ति।

चाड मनाउन र छाप्रोहरुमा बस्नको निम्ति सात दिनको समय थियो। सात दिनले समयको पूर्ण लमाइ,पूर्णताको समयलाई बुझाउँछ। जब मण्डलीले परमेश्वरको वचनको महान् र अमूल्य प्रतिज्ञाहरु पूर्णरुपले ग्रहण गर्छ र ईश्वरीय स्वभावको सहभागी बन्दै (२ **पत्रुस** १:४) अभिषिक्त जनमा रहन्छ,तब यो सात दिन हुनेछ, एउटा पूर्ण समय।

### यी रुखहरुको के महत्व छ ?

तिनीहरुले खजूर रुखका हाँगाहरु,पातैपातभएको रुखका हाँगाहरु,खोला छेउको बैंसको रुखका हाँगाहरु प्रयोग गर्नुपर्थ्यो। रुखहरुले सन्तहरुको प्रतिनिधित्व गर्छन्। बाइबलमा केही पदहरु छन् जहाँ सन्तहरुलाई रुखहरुसँग तुलना गरिएको छ। हामी यी पदहरुबाट सिक्छौं।

**खजूरको रुख**

**भजन ९२:१२, "धर्मीचाहिँ खजूरको बोट झैं लहलह हुन्छ,तिनीहरु लेबनानको देवदारु जस्तै बढछन्।"**
धर्मी अर्थात् परमेश्वरका सन्तहरु खजूरका बोट झैं लहलह हुन्छन्।
**हितोपदेश ११:२८, "धर्मीचाहिँ हरियो पात झैं मौलाउनेछ।"**
यो छाप्रो धर्मी सन्तहरुद्वारा बन्दछ। हामी येशूको रगतद्वारा धर्मी बनाइएका छौं। हामी उहाँमा परमेश्वरको धार्मिकता बन्नसकौं भनेर उहाँ हाम्रो निम्ति पाप बन्नुभयो (**२कोरिन्थी** ५:२१)

**पातैपात भएका रुखहरुः**

**भजन १:३, "त्यो खोलाको किनारमा रोपेको बोट जस्तै हुन्छ,जसले आफनो ऋतुमा फल दिन्छ,अनि जसको पात कहिल्यै ओइलाउँदैन। त्यसले जे पनि गर्छ त्यो सफल हुन्छ।"**
खोलाको किनारमा रोपिएको पातै पात भएका रुखहरुको पात कहिल्यै ओइलाउँदैन। खोलाको छेउमा रोपिएका धर्मी मानिसहरु भनेको पवित्र आत्माले भरिएका मानिसहरु हुन्,ती मानिसहरु जसमा अभिषेक पर्याप्त हुन्छ, त्यस्ता मानिसहरु जसद्वारा जिउँदो पानीका खोलाहरु सित्तैंमा बग्दछन्,जसका जरा भित्र जिउँदो पानीमा गाडिएको हुन्छ, र तिनीहरु कहिल्यै ओइलाउँदैनन्।

**खोलाको छेउको बैंसका रुखहरु**

**यर्मिया १७:८, "त्यो पानीको किनारमा रोपेको रुखजस्तो हुनेछ, जसले आफना जगहरु खोलाका किनारसम्म फिँजाएको हुन्छ। गर्मी हुँदा त्यो डराउँदैन,त्यसका पातहरु सधैं हरियो हुन्छन्। खडेरीको समयमा त्यसलाई केही चिन्ता हुँदैन,र त्यसले फल फलाउन कहिल्यै चुक्दैन।"**
यी रुखहरु खडेरीहरुद्वारा प्रभावित हुँदैनन्,र फल फलाउन कहिल्यै छोड्दैन। यसले ती सन्तहरुको बारेमा बताउँछ जसले सधैं फल फलाउँछन् (तुलना गर्नुहोस्,**यूहन्ना** १५,दाखको बोट र हाँगाहरु)।
**हितो.११:३०, "धर्मात्माको फल जीवनको रुख हो, अनि जसले मानिसहरु उद्धारमा ल्याउँछ,त्यो बुद्धिमान् हो।"**

**प्रकाश** २२:२ ले भन्छ कि जीवनको रुखले हरेक महिना फल फलाउँछ र त्यसका पातहरु जाति जातिहरुलाई निको पार्नका निम्ति हुन्। **यी ती सन्तहरु हुन् जो पवित्रस्थानहरुको परिपूर्ति भित्र आउँछन्; धर्मी, आत्माले भरिएका विश्वासीहरु तिनै हुन् जसले फल फलाउँछन्।**

यी तिनै व्यक्ति हुन् जो प्रायश्चितको महान् दिनबाट भएर आएका छन्, जसले परमेश्वरको तुरहीको बोलावट सुनेका छन् र परमेश्वरको वचन पालन गरेका छन्। येशूले **यूहन्ना १५:५** मा भन्नुभयो, **"दाखको बोट म हुँ, तिमीहरुचाहिँ हाँगाहरु हौं। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरु केही गर्न सक्दैनौं।"**

## आखिरी दिन, चाडको महान् दिन

त्यसपछि आठौं दिन छ, जुन दिन छाप्रोवासको चाड पूरा हुन्छ। आठ संख्याले पुनरुत्थान, नयाँ सुरुआत् एउटा पवित्र दिनलाई बुझाउँछ। **येशूले छाप्रोवासको चाडको आठौं दिनलाई विशेष जोड दिनुभयो** र उहाँले त्यो चाड पूराहुने कुरा हामीलाई देखाउनुहुन्छ। छाप्रोवासको चाड युगको अन्तमा पूरा भइरहेको छ।

**यूहन्ना ७;३७, ३८, "अब चाडको पछिल्लो दिन अर्थात् चाडको प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भने अनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरु बगिनिस्कनेछन्।" पद ३९, "तर यो कुरा उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो।"**

**जिउँदो पानीका खोलाहरु**

अन्तिम दिनमा, छाप्रोवासको चाडको महान् दिनमा, एउटा **सिद्ध (परिपक्व) मण्डलीमा**, जुन सन्तहरुद्वारा बनेको हुन्छ र सबै पापबाट छुटकारा पाएको हुन्छ, जुन सन्तहरु धर्मी हुन्छन, जो पवित्र आत्माले भरिएका र फल फलाउनेहरु हुन्छन्, त्यो मण्डलीमा येशूलाई पाइनेछ।
**उहाँले पवित्र आत्मालाई यस्तो प्रकारले फुकाउनु हुनेछ जस्तो उहाँले अघिबाट कहिले गर्नुभएको छैन !**

त्यो मण्डलीको बीचमा,
**येशू देखा पर्नुहुनेछ, हरेक आँखाले उहाँलाई देख्नेछ, येशू खडा हुनुहुनेछ**, र उहाँको वचन सारा संसारमा सुनिनेछ। पृथ्वीमा हरेक प्राण(आत्मा) लाई सुसमाचार प्रचार गरिनेछ। हरेक व्यक्तिले येशूलाई उहाँको महिमित मण्डलीको माझमा देख्नेछ। मण्डली धर्मी, आत्माले भरिएका, फल फलाउने र येशू ख्रीष्टको प्रचार गर्ने सन्तहरुद्वारा बनिनेछ।

**उहाँको प्रतिज्ञा छ, यो मण्डलीबाट त्यो खोला बगिनिस्कने छ।**
तिर्खाएकाहरु आउनेछन् र तिर्खाएको हरेक तृप्त हुनेछ, किनकि जिउँदो पानीका खोलाहरु बगिरहेका हुन्छन्। **समुद्र पानीले ढाकिए झैं पृथ्वी परमप्रभुका महिमाको ज्ञानले भरिपूर्ण हुनेछ (हब २:१४ नहूम १४:२१)।**
उहाँका सबै सन्तानमाथि पवित्र आत्मा खन्याइनेछ (**योएल २:२८**)

येशूले प्रतिज्ञा गर्नुभएको जिउँदो पानीका खोलाहरुको कल्पना गर्न थाल्नहोस्। इजकिएलले **इजकिएल** ४७ मा त्यो नदी देखे। परमेश्वरका मानिसहरुले पानी पिउनु आवश्यक पर्दा मोशाले उजाडस्थानमा त्यो नदीमा प्रहार गरे। यूहन्नाले त्यो नदी बगिरहेको देखे,

**"त्यो नदी परमेश्वरको र थुमाको सिंहासनबाट निस्की बगिरहेको थियो"(प्रकाश** २२:१)

**छाप्रोवासको चाडको परिपूर्ति यो हो !**

पृथ्वीमा सबै मानिसमाथि पवित्र आत्मा खन्याइयो ! **योएल** २:२८ येशूको गवाही हरेक जातिमा मानिस समूहमा खुल्लम खुल्ला घोषणा गरियो ;

सुसमाचार पूर्णरुपले प्रचार गरियो **मत्ती** २४:१४

ख्रीष्टको शरीरले पूर्णरुपमा काम गरिरहेछ, प्रत्येक अंग (सदस्य) ठीक ठीक ठाउँमा राखिएको छ, अनि परमेश्वरको प्रेममा सहभागी हुन् र सेवा गर्न मुक्त गरिएको छ। **१ कोरिन्थी १२:१८,२८;**

**एफिसी** ४:१६

प्रेरितहरुले सारा पृथ्वीमा परमेश्वरका समस्त अभिप्राय सिकाइरहेका छन्; **प्रेरित** २:४२; २०:२७

अगमवक्ताहरुले रहस्य सम्बन्धी तिनीहरुका ज्ञान बाँडिरहेका छन्, **एफिसी** ३:५

मसीही यहूदीहरु र उद्धार पाएका अन्यजातिहरु मिलापमा छन् र तिनीहरुद्वारा ख्रीष्टको शरीर बन्दैछ, **एफिसी** २:१४-१६

उदेकका चिन्ह र चमत्कारहरुले परमेश्वरको शक्ति र प्रेम प्रकट गरिरहेछन्, **प्रेरित** २:४२; **रोमी १५:१६**

**अनि प्रभुको पुनरागमनको सूचना दिन अन्तिम तुरही बज्नेछ।**

के तपाईं तयार हुनुहुनेछ ?

के तपाईँ त्यो महिमित मण्डलीको हिस्सा बन्नुहुनेछ ?

के तपाईँ त्यो तुरहीको बोलावट सुनेर प्रायश्चितको दिनमा आउनुहुन्छ ?

के तपाईं हरेक प्रकारले सिद्ध पारिनुहुनेछ ? तपाईंको सम्पूर्ण आत्मा,प्राण र शरीरमा !

**१ पत्रुस ५:१०,११," सबै अनुग्रहका परमेश्वरले ख्रीष्टमा आफनो अनन्त महिमाको निम्ति तिमीहरुलाई बोलाउनुभएको छ। तिमीहरुले केही बेर कष्ट भोगेपछि उहाँले नै तिमीहरुलाई फेरि नयाँ पार्नुहुनेछ,स्थिर गर्नुहुनेछ र शक्तिशाली पार्नुहुनेछ। उहाँलाई नै पराक्रम र शक्ति सदासर्वदा भइरहोस् । आमिन्।"**